# प्राचीन नेपाल

पुरातत्त्व विभागको मुखपत्र

# ANCIENT NEPAL

## Journal of the Department of Archaeology


संख्या १९
वैशाख २०२९

Number 19
April 1972


सम्पादक

रमेशजङ्ग थापा

*Edited by*

**Ramesh Jung Thapa**


प्रकाशक
श्री ५ को सरकार
शिक्षा मन्त्रालय, पुरातत्त्व विभाग
काठमाडौं, नेपाल ।

**Published by**
The Department of Archaeology
His Majesty's Government
Kathmandu, Nepal.

प्राप्तिस्थान: —

साझा प्रकाशन
पुलचोक, ललितपुर ।

To be had of:—

Sajha Prakashan
Pulchok, Lalitpur.

मूल्य रु. ५|—

Price Rs. 5/—

Printed at Roopayan Press. Dhokatole Kathmandu.

प्राचीन नेपाल
संख्या १९
वैशाख २०२९

Ancient Nepal
Number 19
April 1972

सम्पादक
*रमेशजङ्ग थापा*

सहायक सम्पादक
*रामचन्द्र ढुङ्गाना*

**Editor**
Ramesh Jung Thapa

**Assistant Editor**
Ram Chandra Dhungana

# विषय–सूची

# Contents


| | पृष्ठ | Page |
|---|---|---|
| नेपाल देशको इतिहास | १ | 1 |
| ऐतिहासिक पत्रस्तम्भ | २४ | 24 |
| नवग्रह एक अध्ययन | ३७ | 37 |
| **हरिराम जोशी** | | |
| नेपाली तथा समुद्रयात्रा | | |
| **सूर्यविक्रम ज्ञवाली** | ४५ | 45 |
| कर्णाली प्रदेशका मल्ल | | |
| **मोहनबहादुर मल्ल** | ४८ | 48 |
| मल्लकालको तामापत्र र त्यसको अनुवाद | | |
| **शङ्करमान राजवंशी** | ५१ | 51 |
| Preliminary report on Tilaurakota (Nepal) Skeletal Remains | | |
| V. V. Rao | ५३ | 53 |

# नेपाल देशको इतिहास

(गताङ्कको बाँकी)

अघि बाबा नृपेन्द्र मल्लका पालामा साहिला भाइ महीपतिन्द्रलाई मन्त्रीका खेलले बन्धनमा राखेका थिए। पछि संवत् ८०६ गा ती महीपतीन्द्र मल्ल भागी ललितपुरमा बस्दा राजा नृपेन्द्र मल्लले तिमीसंग सलूक गरी मिल्दछु, भाइ महीपतीन्द्र मल्ललाई सौंपी पठाऊ भनी ललितपुरका राजालाई लेखी पठाए। उता ललितपुरका राजाले शरण आउनेको मरण गर्नु योग्य होइन भनी महीपतीन्द्र मल्ललाई आफ्ना राजकुलका चोकमा राखे। भोलिपल्ट सबेरै कान्तिपुरमा आई श्रीनिवास मल्लले आफ्ना छोरा योगनरेन्द्र मल्ललाई तिमीले महीपतीन्द्र मल्ललाई साथमा लिई आउनू भनिपठाए। योगनरेन्द्र मल्लले ईश्वरीदास प्रभृति प्रधानहरूलाई चौकी राखी मेरो चिह्न नपाउन्ज्याल महीपतिन्द्रलाई नल्याउनू भनी अह्राए। आफू टेकुदोभानमा आई सत्यवाचा गरे। ललितपुरका राजालाई डाकी कान्तिपुर लगे पनि।

त्यसै रातमा राजा नृपेन्द्र मल्लले पोस्तिक किसी भनेको प्रधानप्रभृति मानिसलाई अह्राई भाइलाई लिन पठाए। त्यस प्रधानले ललितपुरमा गई ईश्वरीदास काजीलाई राजा नृपेन्द्र मल्लको आज्ञा भयो महीपतीन्द्र मल्ललाई लिन आयां भने। सेवा भन्छु, आशीर्वाद दिन्छु भन्छौ भने आऊ, लिई जानाका हकलाई योगनरेन्द्र मल्लको चिह्न नपाउन्ज्याल दिन्न भनी इश्वरीदास काजीले जवाफ दिए। अनि पोस्तिक काजी बहुतै रिसाई फर्के। योगनरेन्द्र मल्ल कान्तिपुरबाट फर्कदा भेट भयो। प्रधानले घोडाको बाग समाई कान्तिपुरतर्फ फर्कनुहोओस् भनी जिद्दी गर्दा योगनरेन्द्रले सुन्दै नसुनी ललितपत्तनतर्फ लागे। भोलिपल्ट चौकी रहेका प्रधानहरू आआफ्ना घर गए।

त्यसै बखत कान्तिपुरका राजाका मानिस खसमगरहरू आई महीपतीन्द्र मल्ल बसेको घर घेरे। जवरजस्ती भित्र पसी समात्न खोज्दा महीपतीन्द्र मल्लले झ्यालको प्वालबाट औंला निकाली रुँदै "हे प्रजा हो, मलाई मार्न लागे, ढोका कोठा खोली भित्र आउन आँटे। मेरा जीवको रक्षा गर। शरणमा परेको छु" भनी हात जोडे। "शरण मा आएकालाई यहाँसम्म भएपछि अब के हेरिरहन्छौ? लौ समात, लौ मार" भनी प्रजाहरूले जम्मा भई महीपतीन्द्रलाइ घेर्नेहरूमा कसैलाई कुटेर मारे, कसैको हात भाँचे, कसैको गोडा भाँचे, कसैका शरीरबाट रगतको धारा बहाए, कसैलाई हातले ठटाए, कसैलाई कुलामा गाडे, कसैको कपाल लुछे त कोही भागी गए। त्यसपछि उनीहरूको हतियार लुटी लबेदा, पटुका र पगरी समेत सबै पोशाक उतारी लिए। काशीराम आले कालु कठकैया मुखियाहरूलाई कुटिसकेपछि राजकुलमा लगी थुनिराखे। अरू कान्तिपुरका मानिसहरूमा पनि अक्षत राजाहरूले टेकुदोभानमा बसी सलूक गरिसकेहुनन्, पाटन जान खुला भयो भनी जानेहरूलाई पनि समाई ल्याऊ भनी अह्राए। कान्तिपुरबाट भागी गएका मदन नाम गरेका ब्राह्मणलाई जुंघादाह्री लुछी ल्याए। यसरी बीचैबाट तोडफान उठी सलूक नभइरहेका बखतमा श्रीनिवास मल्ल परलोक भए।

त्यसपछि नेपाली संवत् ८०७ नष्ट आषाढ शुदि १५ का दिन पाटनका प्रधानहरू चार जनाले महीपतीन्द्रलाई सौंपी कान्तिपुरका राजासंग सलूक गरेर रस्ता खुला गरौं भनी कान्तिपुरतर्फ गए। यो खबर थाहा पाउँदा महीपतीन्द्र मल्ल भागे। यस खबरबाट कान्तिपुरका प्रधानहरूले ललितपत्तनका प्रधानहरूलाई थुनिराखे। त्यसपछि ८०७ साल आषाढ शुदि ३ रोज ७ का दिन कान्तिपुरका राजा नृपेन्द्र मल्ल परलोक भए। नयाँ राजा भूपालेन्द्र मल्लको उमेर कच्चा हुनाले मन्त्रीहरूले मनोमानी गरे।

तिनैताक चिकढी प्रधानको र अरू प्रधानहरूको विरोधभाव उठ्दा श्री पशुपतिनाथको नित्य दर्शन गरी पुराण सुनेर गो अन्न वस्त्र आदि दान गरिरहने चिकढी प्रधानलाई देवपत्तनमा पुगेका बखतमा राजा नृपेन्द्र मल्ल परलोक भएका चारै दिनपछि पक्री देवपत्तनदेखि टुपीमा समातेर कुट्दै कान्तिपुर ल्याए। धोबीखोला पुगेपछि चिकढीको चेष्टा हरायो। श्रेष्ठ मानिसलाई खुसल पोडेहरू सब जातले कुटी लातले हानी यसरी बेइज्जत गरे। बाटामा एक जनाले कपालमा लट्ठीले हान्दा रगतको धारा बग्यो। वंशीधरले यो रगत बगेको थामिदेऊ सात हजार मोहर दिउँला, यो रगतको मोल सात हजार भयो भने। कन्सारो बाटामा भएको विष्टा मूत्रहरू मुखमा जबरजस्ती खाँदिदिए। त्यसपछि चिकढी र वंशीधर दुवैलाई गूठ क्वाथघरमा मारे। चिकढीका परिवारलाई जहाँ जहाँ पायो त्यहाँ त्यहाँ समाई कुटेर मारे। भागी जान सक्ने मात्र बाँचे। पाटनमा भागी जाने तौढिकबाहेक अरू बालकहरू र स्त्रीहरू मात्र बचे। यसपछि लक्ष्मीनारायण जोशी मूलकाजी भए। अघि पाटनमा थुनिराखेका काजीहरूलाई छोडिदिए।

यसपछि केही सामर्थ्य नहुँदा डराई लुकिरहेका राजपुत्र महीपतीन्द्र मल्ललाई डोरीले बाँधी तानातान गर्दा राघवानन्द स्वामी माफ गर, माफ गर भन्दै सम्झाइबुझाई गर्न आए। ती स्वामीलाई पनि भरेङबाट खसालिदिए। महीपतीन्द्र मल्ललाई अन्यायसंग उनको शिर ल्याउँदा लक्ष्मीनारायण काजीले हेरे। यस्तो अन्याय गर्ने ठाउँमा बस्नु उचित छैन भनी राघवानन्द स्वामी ललितपत्तमा गए। राजपुत्र मारेको प्रायश्चित गर्नालाई गरुडनारायण, पशुपतिनाथ र शिखरनारायणमा पूजाआजा गरे। यस्ता रीतले लक्ष्मीनारायण काजीले सब काजीहरूमाथिको मुख्य काजी भई राजकाज गरेका थिए।

यिनै ताक ने. संवत् ८०८ साल श्रावण महीनामा राजा योगनरेन्द्र र काजी ईश्वरीदास कान्तिपुरमा गई राजा भूपालेन्द्र मल्लसंग भेट गरे। यस कुराको खबर पाई भक्तपुरका राजा जितामित्र मल्ल कान्तिपुरमा आए। "हजूरका काजी भागीरामलाई खोसिदिनुहोस् र गोरखामा [illegible] झिकाई काजी गर्नुहोस्, त्यसो भए तीनै शहर मिलिरहुँला" भनी लक्ष्मीनारायण काजीले राजा जितामित्र मल्ललाई भन्दा "तिमीले भनेमाफिक काजीलाई खोस्दिन" भनी भक्तपुरका राजा रिसाएर फर्के। त्यसपछि कान्तिपुरका काजीहरूले त्यस भागीरामलाई नगरकोटी गरिदिए। यसै भदौ महीनामा कान्तिपुरका काजीहरू ललितपुरमा गई दुवै शहर मिली भक्तपुरमाथि चढाईं गर्ने मतो गरे। इन्द्रयात्रा सकिएपछि भक्तपुरमाथि चढाईं गरी त्यहाँका प्रजाहरूलाई दुःख दिए। प्रजाहरू दिक्क भई भोलिपल्ट यसै भागीराम काजीका निमित्त धेरै दुःख पायौं, अब यस भागीरामलाई मार्ने हो भनी घरमा घेरा दिंदा भागीराम भागे। प्रजाहरूले उनको घर लुटी आलमाल धनदौलत अन्नहरू सबै लिए। केही लिन नपाउनेहरूले घर भत्काएर झ्याल दलिन काठहरू र चोकमा छापेका ढुङ्गासमेत लुटी लगे। अनि घरमा आगो सल्काइदिए।

त्यसपछि प्रजाहरू राजकुलमा गई "महाराज, अब यसो होइन, कान्तिपुर जातुपर्छ" भने। 'एकदुई दिनसम्म पर्ख, नहत्पताऊ" भनी राजाले भन्दा "अरू पनि हजूर यसै भन्नुहुन्छ, हिंड्नुहोस्" भनी प्रजाहरूले राजालाई राखुरामा समाती राजकुलबाट निकालेर कान्तिपुरतर्फ लगे। राजालाई प्रजाहरूले के गर्न लागे ? बढिया गर्न लागे कि, घटिया गर्न लागे ? भनी रानीहरू ठूलो स्वरले रोए। प्रजाहरूले राजालाई कान्तिपुरमा पुर्‍याए।

मानिसको चरित्र पनि गजबको हुन्छ। कान्तिपुरका मुख्य काजी दरबारमै सुत्ने खाने गर्दथे। राजाले पहिरने गहनापोशाक पहिरन्थे। राजाको पलङ ओच्छ्यानमा बस्दथे। रातदिन रानीसंग मात्र बसिरहन्थे। लडाईंमा पनि जादैनथे। ती काजीले भक्तपुरका काजी आए भन्ने खबर पाउँदा ललितपत्तनका राजालाई बोलाउन पठाए। राजा योगनरेन्द्र मल्ल कान्तिपुरमा आउँदा तीनै राजाहरू बसेर बातचीत गरी सलूक गरे। अनि भक्तपुर र ललितपत्तनका राजाहरू फर्के। पाटनका लगाको जगा भने छाडिदिएनन्। प्रजाहरूले भगाएका काजी भागीरामलाई बोलाएर पाटनका राजाले जितामित्रलाई बुझाइदिए र उनले भक्तपुरमा लगे। भागीरामलाई फेरि काजी बनाई अघि प्रजाहरूले लुटेको आलमाल झिकी उनैलाई सुम्पिदिए। त्यसपछि पाटनका राजा एकला भए। लडाईंमा

गएका पाटनका काजी परशुराम भागी आउँदा नेल ठोकी राखे । उनी नेलैमा मरे ।

त्यसपछि प्रजाहरू जम्मा भई लडाईं गरेर ९ कोट जिती कोटघरमा रहेका १३ जनालाई छाडिदिए । यसबाट राजा योगनरेन्द्र मल्ल खुशी भई प्रजाहरू जम्मा गरेर आफू झ्यालमा बसी स्याबासी दिँदै भने "तिमीहरूले मिहिनत गरी मेरो गएको मुलुक फिर्किदियौ । तिमीहरूले सदैव मेरा खातिर यस्तै गर्नू ।" "महाराज, राजसेवाका हकमा गर्धनले शिर उठाउन सकुन्ज्याल गर्नेछौं । तर एक थोक हाम्रो विन्ति लागोस् । आफ्नो सुखदुःखको कुरा विन्ति गर्नलाई प्रजाहरूको राम्ररी संभार गर्न पेटमा धर्म भएका एउटा असल काजी बक्सियोस्" भनी प्रजाहरूले विन्ति गरे । यस कुराले राजा योगनरेन्द्र बहुतै खुशी भए । अनि प्रजाहरूलाई सम्झाई देवताको पूजा गरेर सबैलाई भोज खुवाए ।

नेपाली संवत् ८१० भाद्र महीनामा राजा योगनरेन्द्र मल्लले कान्तिपुरमाथि चढाईं गरे । त्यहाँका मूल काजी लक्ष्मीनारायण जोशी आफ्नो घरबाट दरबार जान निस्कंदा उनका घरमा खसहरू आएर केही सल्लाह गर्नु छ भनी एकातिर लगेर शस्त्रप्रहार गर्न खोजे । काजी भागी दरबारतिर जाँदा बाहिर बसेका खसहरूले लगारी धेरै ठाउँमा घाउ गराएर मारे । यो खबर सुनी रानी राजकुलबाट बाहिर निस्की आउँदा सबैले बुझाई भित्र लगे । रानीले लक्ष्मीनारायणको रगत चाँदीको भाँडामा उठाई मुर्दा पठाएर संस्कार गराइन् । अनि राजा भूपालेन्द्र मल्लले भडेलमान सिंहलाई मुख्य काजी गरिदिए ।

श्री पशुपतिनाथका पूजाहारी राघवानन्द स्वामीले जिन्दगीभर श्री पशुपतिनाथको विधिपूर्वक नित्यपूजा गरी पछि अन्तकालमा "म जस्तै स्वामी आओस् भन्ने तिमीहरूलाई इच्छा छ भने मलाई आर्यघाटमा वागमतीवारि समाधि लिन देऊ, होइन भने जहाँ तिमीहरूको इच्छा छ भन म उहीं समाधि लिन्छु" भन्दा राजाका समीपमा रहेका दुर्जनहरूले "स्वामीहरूलाई श्री पशुपतिनाथको पूजक गराइराख्नु कठिनको कुरो छ । वागमतीपारि समाधि लिन दिने हो" भनी भन्दा राजराजेश्वरीका समीपमा समाधि लिन कर लगाए । यी स्वामीले आफुले भनेमाफिक आर्यघाटमा समाधि लिन नपाउँदा उसै जगामा समाधि लिई शून्यपदवीमा गए । यसपछि नेपालमा श्री पशुपतिनाथका पूजक योग्य पुरुषार्थी स्वामीहरू कोही आएनन् ।

यिनै राजाले वत्सलेश्वरीको यात्रा जगाए । सो यात्रा जगाएका चार वर्षपछि रातीलाई स्वप्न भयो र राजारानी दुवै गई श्री पशुपतिनाथको पूजा गरे । श्वेतविनायकको कवचमूर्ति बनाई धेरै गूठी राखे । बाँडाहरूलाई गुठियार गरी कार्तिक शुक्ल पूर्णिमा र प्रतिपदाका दिन प्रतिवर्ष यात्रा गराए । यही यात्रा गराउन जाँदा रंजितकारहरू सबै मिली बिन्ति गरे र राजाले रंजितकूप बनाइदिए । यी राजाका पालामा एउटी रानी प्रेतचतुर्दशीका दिन परलोक हुँदा कान्तिपुरका धेरै देवताहरूको यात्रा आधा मात्रै भयो, सिध्याउन पाएनन् । अमावास्याका दिन हुने यात्रा सब मनाही गरिदिए । देवताका मूर्तिहरू छोपी स्वस्थानमा लिएर गए । श्री वत्सलेश्वरीको यात्रा मात्र क्रमैसित सम्पूर्ण गराए, मनाही गर्न सकेनन् ।

त्यसपछि तीनै शहरका राजाहरूको मेल भएर एकैज्यू भई बसेका अवस्थामा यी राजा भूपालेन्द्र मल्ल बहुतै धर्मिष्ठ हुनाले राजधानी शहर कान्तिपुरीबाट प्रस्थान गरी तीर्थ व्रत गर्न गए । पहिले हरिद्वार मेला भरी तीर्थ गर्दै गर्दै जाँदा अयोध्यादेखि माथि चार दिनका बाटामा ज्ञानी ईश्वरको भक्तिमा चित्त लागेका राजा भूपालेन्द्र मल्ल संवत् ८२१ कार्तिक बदि १३ रोज ४ का दिन परलोक भए । साथमा जाने मानिसहरूले राजाको शरीर बोकी ८ कोससम्म ल्याएर गंगाजीमा संस्कार गराए । त्यसपछि राजासंग जाने प्रधानहरू फर्की राजा परलोक भए भनी कहन नसक्दा डराई आआफ्ना घरमा लुकिरहे । खबर जाहेर भएपछि माघ शुक्ल पंचमीका दिन राजा भूपालेन्द्र मल्लको जन्मपत्रिका पलङमा राखी अग्निसंस्कार गरे । यी राजाका संसर्गमा रानी प्रभृति आठ जना स्त्रीहरू सती गए ।

यिनका पुत्र जय महीन्द्र मल्लले वर्ष २१ राज्य भोग गरे । यिनको पहिलेको नाम भास्कर मल्ल थियो । यी राजाको १४ वर्षको उमेर हुँदा बाबा भूपालेन्द्र मल्ल परलोक भएका हुन् । यी राजा बहुतै चतुर स्वभावका, धेरै चराहरू पाल्ने, अनेक अनेक ठाउँमा जाने र शिकार

खेल्नामा बहुतै लग्गू थिए । एक दिन तीनै शहरका राजा एक भई मिलिरहेका बखतमा भक्तपुरका राजा र यी भास्कर मल्ल दुई जना सिंधुलीको बाटो गरी चारकोसे जंगलमा हात्तीको खेदा गर्न गए । यिनले बाह्र हात्ती समाती नेपाल राजधानीमा ल्याइपुऱ्याए । भक्तपुरका राजाले एउटा मात्र पनि ल्याउन सकेनन् । यसै कुराले भास्कर मल्ल अतिशूर र प्रतापी ठहर्न जाँदा पण्डित ज्ञानीहरूले राजद्वारमा आई यी राजाको वर्णन गर्दै राजा गजपति महीन्द्र भनी नाम प्रख्यात गरे । यस कुराले गर्दा यी राजाले ब्राह्मण पण्डितहरूदेखि खूब खुशी भई धेरै बिर्ता बक्सिस दिए । यस तरहले बारम्बार शिकार खेल्नाका निमित्त तराईका जंगलमा जान्थे । एक दिन तराईका जंगलमा शिकार खेल्न जाँदा उहाँका थरवटवासी धेरै थारु आई राजालाई अनेक प्रकारका चीजवीज वस्तु सौगात चढाएर कर जोरी खान मागे । राजा खुशी भएर धेरै जगा बक्सिस दिई भुयार नाउँ प्रख्यात गरी फर्के । अद्यापि भुयार भन्ने प्रख्यात जाति छँदैछ । यिनले नेपाल कान्तिपुर राजधानी शहर लगाभरका ब्राह्मणहरूलाई धेरै बिर्ता संकल्प गरी दान दिए । यी राजा भास्कर मल्ल दानी र उस्तै शूरा पनि थिए ।

भास्कर मल्लका दुई विवाहिता रानी थिए । आफ्ना इच्छाले राखेका दुई मंजू थिए । यी चार स्त्रीहरूसंग रसक्रीडा गर्नाका निमित्त किमडोल भन्ने ठाउँमा एक सुन्दर घर र धर्मशाला बनाए । त्यहीं सदासर्वदा रसक्रीडा गर्दथे । यिनले हात्ती खेदा निमित्त सिंधुलीमा दुई महीनासम्म राज गरिरहेका समयमा मुसलमानहरू आई राजासंग वातचित गर्दा उनीहरूलाई राजाले चाह गरी नोकरीमा राखेका थिए । त्यसै बखतमा मूलकाजी रूंगल ठकुरीले मुसलमानसंग राजाले प्रीति गर्न लागे भनी राजालाई हात्ती खेदा नपठाई थामिराखे । राजाले हात्ती खेदा जान्न, गंगाजीसम्म पुगी स्नान गरेर चाँडै फर्कन्छु भन्दा पनि काजीले मानेनन् । काजीले थाहा नपाउने गरी राजा मुसलमानसंग मिली जान लाग्दा काजी रूंगल ठकुरीले उमराउहरूसंग सल्लाह लिई केही युक्तिले राजालाई रोके । मुसलमान तुरक सवारसमेत जना वीस साथ लिई नेपाल आएका थिए । त्यसपछि कान्तिपुर शहरमा मुसलमानहरू डेडसयसम्म जम्मा गराई राजाले खाने खर्च दिई आफ्नो चाकरी गराई राखे ।

त्यसपछि मुसलमानहरूले राजालाई रिझाउँदा राजाले रूंगल ठकुरीलाई मूलकाजीबाट खोसी मुसलमानलाई काजी गराए । अनि रूंगल ठकुरी आदि उमराउहरूले मतो गरे । अब राजाले घटिया जातको संगत गरे । नेपालमा हिन्दूको धर्म डगाउन लागे । यस बखत हामीहरूले सकेसम्मको युक्ति गरी यिनीहरूलाई ननिकाले हामी सबै हिन्दूहरू मुसलमानका कमारा हुन लाग्यौं भनी सल्लाह गरे । अनि कान्तिपुरका प्रजाहरू, खसहरू र ललितपुरका प्रधानहरू सबै एकट्ठा भएर मिली मुसलमानहरूलाई मार्न लागे । राजा र मुसलमानहरू एकापट्टि भएर राजकुलमा बसी बन्दूकले हानी तरवारले काटी बाणले घोपी सय डेडसय नेवारलाई जखम पारे । यसरी युद्ध हुँदा सबै मुसलमानहरूलाई काटाकाट गरी मारे । बाँकी रहेका चारपाँच जना मात्र भागे, समात्न सकेनन् । यसरी कान्तिपुरमा ठूलो तकार उठ्दा लडाईं गरी मुसमानहरूको संहार गरे ।

यिनै ताक भक्तपुरका राजाले देवकोटमा चढाईं गरे र सत्तरी असी जनालाई जखम पारे । त्यसपछि फेरि रूंगल ठकुरी मूलकाजी भए र अधिका कैं राजासंग मिली राजकाज गरे । संवत ८३७ जेष्ठ वदि ३० का दिन ललितपत्तनका राजा ऋद्धिनरसिंह मल्ल परलोक भए । ललितपत्तनमा राजा शून्य हुँदा त्यहाँका चार काजी कान्तिपुरमा आई "हाम्रा शहरमा राजा शून्य भए अब हजूरला राजा मान्न आयौं" भनी बिन्ति गर्दा लौ भनी आज्ञा दिई पठाए । तर चारपाँच दिनसम्म पनि केही उत्तर नमिल्दा पाटनका प्रजाहरू सबै जम्मा भई "चौबीस प्रधानहरू र हामी सबै मिली कान्तिपुरमा शरण पर्न जाऊँ" भने । चौबिस प्रधानहरू सबै जम्मा भएर कान्तिपुरमा आई फेरि राजालाई बुझाई सिन्दूरयात्रा गर्दै ललितपत्तनमा लगे । संवत् ८३७ आषाढ शुदि १५ का दिन राजा महीन्द्र मल्ललाई मणिमण्डपका सिंहासनमा राखेर राज्याभिषेक दिए ।

राजा महीन्द्र मल्ललाई कान्तिपुर र ललितपत्तन दुवै शहरको राजा भएकै समय संवत् ८३९ नष्ट आश्विन शुदि द्वितीयाका दिन धालाछे घरका विश्वनाथ उपाध्याय

र निम्हकी मेलुबाबु दुई जनाले कान्तिपुरबाट एउटी रानीलाई पाटनमा ल्याई राखे। यसै दिन भक्तपुरका राजा भूपतीन्द्र मल्ल सदलबल पाटनमा उत्रे। यो खबर महीन्द्र मल्लले पाउँदा सैन्यसहित पाटनमा आई प्रत्याक्रमण गरे। भक्तपुरका सैन्यलाई समाती नांगो पारेर हतियार खोसे। राजा भूपतीन्द्र मल्ल र राजकुमार रणजित् मल्ललाई रोकेर पक्री दुई हात्ती र सोह्र हजार रुपियाँ लिएर छाडिदिए। अनि विश्वेश्वर उपाध्यायलाई थुने। मेलुबाबु काजी मात्र भागे। त्यसपछि पाटनको भारा अनन्तसिंह काजीले लिई मुख्य काजी भए। कान्तिपुरको भारा कंगल ठकुरीले लिइरहेका थिए।

यी राजाको उमेर २९ वर्ष भएका अवस्थामा एक सय बीस वर्षमा एक पटक आउने महामारी रोग आई संवत् ८३६ चैत्र महीनादेखि कान्तिपुर शहरमा पस्यो। शहर र गाउँहरूमा यो रोग प्राप्त हुँदा पहिले घरघरमा मूसाहरू मरे। त्यसपछि हात्ती, घोडा, गाई, भैंसी, भेडा, बाख्रा, हाँस, कुखुरा आदि चराचुरुंगीहरू र वनका जीव जन्तु मृग, बनेल आदि मरे। यस्ता प्रकारले नेपालमा पहिले संपूर्ण जग्गाका पशुपंछीहरू नाश भए। पछि महामारी बहुतै प्रज्वलित हुँदा मनुष्यहरूमा प्रवेश भयो। महामारीले पक्रंदा पहिले प्राणीका काखी र कर्णसन्धिमा अकस्मात् फोका उठ्ने, उत्तिखेरि कपाल दुख्ने, रिंगटा लाग्ने, ज्वर आउने र तुरुन्त प्राण लिने गर्दथ्यो। यस रोगका प्रभावले शहर र गाउँहरूमा धेरै मानिसहरू मरे। चैत्र महीनादेखि कान्तिपुरमा तथा आषाढ महीनादेखि ललितपत्तनमा र भक्तपुरमा महामारी प्रवेश भएको थियो। यो रोग फैलिंदा गाउँ गाउँ र शहर शहरमा मर्यादा, व्यवहार, संचार, विचार सब बन्द हुँदा हाहाकार मच्चियो। कान्तिपुरका मानिसहरूमा कुनै कुनै सज्जन रोग लाग्ने बित्तिकै, कुनै चाँडो गरी आर्यातीर्थमा, कुनै पचली घाटमा, कुनै अन्यत्र घाटमा, कुनै खालि वाग्मतीमा र कुनै विष्णुमतीमा पुगी तीर्थ पाएर परलोक हुन्थे। कुनै जांदाजाँदै बाटैमा मरे। यसरी मर्दा असंभव भई मर्नेलाई कात्रो आदि चाहिने कुराहरू पनि दिन सकेनन्। यस रोगले मानिसहरू मर्दा धेरैको शन्तान शून्य भई अपुताली पऱ्यो। यसरी दुइ वर्षसम्म महामारीले नछोड्दा प्रजाहरू दिनको एक सय नब्बेसम्म मर्दथे। यस रोगले प्रवेश गर्ने ताक श्री पशुपतिनाथका दक्षिणमुखबाट विकट दन्त प्रकाश भयो। मत्स्येन्द्रनाथका यात्रामा पनि एकतीस आग्ला भाँचिए। भीमनाथको रथ सल्क्यो। कीर्तिपुरमा बाघभैरवका नाकमनिको मुख खस्यो। नवग्रहण उल्टापाल्टा भइरहे। यसरी नेपालमण्डलका ठूलठूला देवताका स्थानमा धेरै उत्पात भयो। यस रोगले गर्दा धेरै प्रजाहरू त्राहि त्राहि भई शहर छाडेर अन्यत्र भागे। यिनै ताक कान्तिपुरका मुख्य काजी कंगल ठकुरीले यस रोगका डरले राजा महीन्द्र मल्ललाई दुइ रानी, दुई मयजू र चार टहलुवा मात्रका साथमा किडोल भन्ने ठाउँका घरमा पुऱ्याए। त्यहाँ जो चाहिने सामान पुऱ्याई कसैलाई पनि आवतजावत गर्न नदिएर भित्रका भित्रै ६ महीनासंम लुकाए। शहरमा प्रजाहरूका जहानका जहानै शून्य हुँदा मुर्दा उठाउन पनि सकेनन्। धेरै मुर्दा शहरैमा रहंदा स्यालहरू मुर्दाको मासु खाँदै छानैछाना दगुर्न लागे।

यसरी श्रेष्ठ भाजुहरूका मुर्दा पनि नउठ्दा काजी कंगल ठकुरीले किसानहरूद्वारा मुर्दा उठाई अग्निसंस्कार गराउने रीत चलाए। त्यस कामका निम्ति गुठी राख्ने प्रथा चलाए। त्यस गुठीलाई सनागुठी भन्न लागे।

यसै साल कान्तिपुर दरबारका कुमारी पनि यसै व्यथाले परलोक भइन्। अनि चाबहील देवपत्तनका कुमारी ल्याई २ महीनासम्म कुमारीका आसनमा राखेर नित्यपूजा चलाए। त्यसपछि अर्की कुमारी सट्टा राखी उनलाई फर्काइदिए। राजा महीन्द्र मल्ललाई यसरी ६ महीनासम्म लुकाइराख्दा पनि शहर र गाउँहरूमा मानिसहरू बराबर मर्दै थिए। तिनै ताक एउटा योगी आई काजी कंगल ठकुरीलाई भने "अहो, गमार काजी, तिम्रा यस्ता शान्तिस्वस्ति र पूजापाठले महामारी निवारण हुँदैन। देशी परदेशी गरीबहरूलाई इच्छाभोजन गराऊ, तब महामारी देवी खुशी भई रोग निवारण होला। श्री पशुपतिनाथ पनि प्रसन्न हुनन्।" यति भनी योगी आफ्ना आश्रममा गए। त्यसपछि काजीले योगीको वचन शिरोपर गरी त्यसको भोलिपल्टदेखि चार दिनसम्म सबै शहरवासी सबै जात र योगीसन्यासी र फकीर गरीबहरूलाई बोलाई धेरै धन खर्च गरेर हनुमान्ढोकामा इच्छाभोजन गराए। यस्ता प्रकारले चार दिनसंम अन्नदान गर्दा शहरमा मरणभय बहुतै कम भयो।

एक दिन कान्तिपुरको ज्यापू किडोलदरबारका समीप खेतमा जाँदा त्यसलाई राजाले बोलाएर झ्यालको छिद्रबाट शहरको समाचार सोधे । "महाराज, चार दिन भयो रोग बहुतै कम भएको छ।" भनी त्यस ज्यापूले विन्ति गऱ्यो । यो समाचार सुन्नेबित्तिकै राजा झ्याल-बाट फाल हाल्न खोज्दा रानीहरूले रोक्ने बहुतै चेष्टा गरे । तथापि बन्धनमा रहन साह्रै गाह्रो मानी झ्याल-बाट फाल हालेर बेगसित दौड्दै आई दरबारमा प्रवेश गरे । त्यसपछि रानी र मयजूहरू पनि दरबारमा आए । यसै रात रानीहरूका साथमा बसिरहेका अवस्थामा राजा-माथि महामारी देवीको दृष्टि पऱ्यो र अकस्मात रोगले पक्रयो । नेपाली संवत् ८४२ भाद्र वदि एकादशीका दिन शुद्ध सूर्यवंशी राजा महीन्द्र मल्ल परलोक भए । त्यसपछि कान्तिपुर राजधानीभरमा सूर्यवंशी शून्य भए । अब कसो गर्ने हो ? भनी लोकहरूले हाहाकार गर्दा रानी र मयजू-हरू चारै जनाले प्रजाहरूका अगाडि एउटा छोरीपट्टिका नाति जगज्जय भन्ने ठकुरीलाई राज्याभिषेक दिए । राजराजेश्वरीका राजश्मशानमा रानी र मयजू चारै जना यथाक्रमले सती गए ।

चिताको आगो दन्किरहेको थियो । मुर्दा र सतीहरू आधाजसो जलिसकेका थिए । त्यसै वेला अकस्मात् चिताबाट जेठी रानी जुरुक्क उठेर बस्दै भनिन् "पंच हो ! हामीहरूलाई बहुतै कष्ट भयो । सन्तान शून्य भएका यी राजाले सजीव छँदा धेरै पंछीहरू पाली बन्धमा राखेर मारेका थिए । त्यही पापले गर्दा राजालाई नरकमा ढाली पंछीहरूका असंख्य प्वाँखले ढाकिराखेका छन् । दुइ जना मयजूहरूले राजाका अंगबाट बराबर प्वाँख फ्याक्न लागि-रहेछन् । तैपनि राजालाई प्वाँखका रासबाट उकास्न सकेका छैनन् । तसर्थ हाम्रा निमित्त दया गरी केही धर्मशाला बनाइ-देऊ । साथै काशीमा ब्राह्मण भोजन गराउन पठाइदेऊ । हाम्रा निमित्त धर्म गरी यति दया र उपकार गरिदेऊ । अब यो नेपालमा तीनै शहरका सूर्यवंशीहरू लोप भइजानेछन् । केही वर्षपछि पश्चिम दिशादेखि अर्कै सूर्यवंशी शाह पदवी गरेका राजा आई राज्यभोग गर्नेछन् ।" यति भनी सती चितैमा लोटी जलिन । यस दिनदेखि महामारी रोग पनि शान्त भयो । महामारीले कति प्राणी मरेछन् भनी काजी झंगल ठकुरीले गन्ती गर्दा पहिले मर्न लागेका नेपाली संवत् ८३६ देखि राजा परलोक भएका संवत् ८४२ सम्म कान्तिपुरमा मर्नेहरूको संख्या जम्मा गर्दा १८७१४ अठार हजार सात सय चौध ठहरियो ।

यसपछि काजी झंगल ठकुरीले सतीको वचन प्रमाण गरी आफ्ना स्वामीको उद्धार हुने कुरा भरसक गरिदिनैपर्छ भनी मखनटोलमा श्री जगन्नाथको देवालय बनाएर स्थापना गरी गुठी राखेर नित्यार्चन चलाए । काशीमा पनि धेरै धन खर्च गरी ब्राह्मणहरूलाई इच्छा-भोजन गराउन पठाए । असनटोलका बाहिर सत्तल धारा बनाई मूर्ति बसाएर यथाक्रमले प्रतिष्ठा गरी धेरै ब्राह्मण-हरूलाई भोजन गराए । यी काजीले राजा महीन्द्र मल्ल र रानीहरूका नाउँले यस तरहका धेरै धर्मकीर्ति गरिदिए ।

छोरीपट्टिका सन्तान जगज्जय मल्ल राजाको राज्यभोग वर्ष १३॥, यी राजासंग गुह्येश्वरी खुशी भई एक कोही मैथिल ब्राह्मणलाई स्वप्नमा दर्शन दिंदै भनिन् "आजका चारौं दिनमा तिमीले राज्यभिषेक पाउनेछौ भनी जगज्जय मल्ललाई सुनाइदेऊ" यस्तो स्वप्न पाउँदा ती मैथिलले जगज्जय मल्ललाई भेटी मन्त्रतुल्य भएको ईश्वरीको अनुग्रहस्वरूप स्वप्नवाणी सुनाए । यसपछि अकस्मात् राजा महीन्द्र मल्ल परलोक भई राज्य शून्य हुँदा जगज्जय मल्ललाई सतीले संमत गरी राज्याभिषेक दिएकी हुन् । यी राजाले स्वप्नमा श्री गुह्येश्वरीले आज्ञा गरेको विस्तार गर्ने ती मैथिल ब्राह्मणलाई बहुतै खुशीसंग मेरा इष्टदेवता गुरु हुन् भनी कान्तिपुरमा वास गराएर नवकोटको धेरै जग्गा संकल्प गरी बिर्ता दिए । उहाँपछि श्री गुह्येश्वरीका यात्रामा अघि चलेभन्दा बढ्ता गरी कवचमूर्ति बनाएर अखण्ड दीप ज्वाला लिंग ढाल्नु विधि-पूर्वक, नानामन्त्रले पूजा गर्नु यस्ता नियमसंग जगाए । प्रतिवर्ष कान्तिपुरसम्म लगी रथारोहणयात्रा गराए । बत्तीसकोठीवाला महाजनहरू राखी धेरै खेत गुठी राखेर कर्माचार्यहरूलाई गुठीयार गरिदिए ।

यी राजा नहुँदै राजेन्द्रप्रकाश र जयप्रकाश नामक दुइ पुत्र जन्मेका थिए । राजा भएपछि मोहनचोकमा राज्यप्रकाश, नरेन्द्रप्रकाश र चन्द्रप्रकाश नामक तीन पुत्र जन्मेका थिए । जम्मा पाँच राजकुमार र कुमुदिनी नाउँकी

रानीसहित भई सुखपूर्वक राज्य गरिरहेका ९ वर्षपछि असल लक्षणले संयुक्त जेष्ठपुत्र राजेन्द्रप्रकाश मल्ल दैवसं-योगले परलोक हुंदा राजाले बहुतै शोक गरे। "यिनै ज्येष्ठपुत्रका लक्षणले म राजा भएको हुँ, अब मेरा शेषपछि जयप्रकाश राजा होला। त्यसका पालामा देवताको मर्यादा, धर्म र राज्यलक्ष्मीसमेत केही रहनेछैन। प्रजाहरूले बहुतै दुःख पाउनेछन्।" यस्तो शोक गरी तीन महीनासम्म दरबारबाट बाहिरै रहे। अनि चारथरी खससिपाही आई राजालाई बुझाए। "महाराज, एक पुत्रका निमित्त यस्तो शोक गर्नु उचित होइन। राजकाज राम्ररी नगरे हुँदैन। महाराजका अरू चार पुत्र छँदैछन्" भनी विन्ति गर्दा राजाले मनको कुरा उनीहरूमाथि पोखे। ती खसहरूले पनि "राजकुमार जयप्रकाशको स्वभाव अतिक्रूर छ, यसले धर्मराज्य नाश गर्छ भन्ने हुकुम हुन्छ भने मोहनचोकमा जन्मेका राज्यप्रकाशलाई राजा गराउँला" भनी राजा-रानीको चित्त बुझाएर खसथरीहरू फर्के। यस दिनदेखि खस र राजाको यस्तो मतलब थाहा पाई ती राजकुमार जयप्रकाश मल्लले खसथरीहरूउपर बहुतै दगा लिइराखेका थिए।

केही कालपछि कान्छा पुत्र चन्द्रप्रकाश मल्ल परलोक हुँदा उनका उद्धारका निमित्त टुकुचापारि यथा-क्रमले राम्रो रानपोखरी बनाई प्रतिष्ठा गरे। यी राजकुमारका नाउँले कुनै असल पुरुषलाई गहनाहरूले सुवर्णमय पारी हिलेयात्रामा पठाए। नेटटोलका एक उदासले राजाले पठाएको पुरुष भन्ने थाहा नपाउँदा पहिले साह्रै हास्य गऱ्यो। पछिबाट थाहा पाई राजाले पठाएको मानिसलाई मैले अवहेलना गरें भनी बहुतै डराएर भोलिपल्ट राजालाई एउटा थालभरी सुन हाली चढाउन लैजाँदा "तैंले अवहेलना गरेको माफ छ" भनी चढाउन ल्याएको सुन पनि राजाले फर्काइदिए। यी राजा यस्ता निर्लोभी र बडा शान्त स्वभावका थिए।

संवत् ८४९ आषाढ शुदि एकादशीका दिन काजी कगल ठकुरीले कान्तिपुरका राजा जगज्जय मल्ललाई साथ लिई ललितपुरमा गएर सलतनत बाँधे। अनि भक्तपुरमाथि चढाई गरी धेरै कोटहरूमा आगो लगाएर प्रजाहरूलाई अतिदुःख दिए। त्यसपछि भक्तपुरका राजासंग धेरै धन लिई कान्तिपुर फिरे। संवत् ८५० माघ बदि ३ रोज २ उत्तराफाल्गुनी नक्षत्रका दिन ललितपत्तनका राजा विष्णु मल्ललाई आफ्नी पुत्री कन्यादान गरिदिए।

यी जगज्जय मल्लका पालामा पनि जयवागीश्वरी-का देवालयभित्र चोर पसी गहना सबै चोरी लैजाँदा चोरको तलाश गर्न लागिरहेका थिए, चोर फेला पार्न सकेका थिएनन्। चोरी भएका तीन महीनापछि आचारका पुत्री पाँच वर्षको उमेरकी कुमारीका शरीरमा देवीले प्रवेश गरी आज्ञा गरिन् "मेरो गहना चोर्ने चोर हाँडीगाउँका ढोकाभित्रका पाटीमा बसी थाम बजाइरहेको छ" भन्ने आज्ञा हुँदा सोबमोजिम सब जना गई हेर्दा थाम बजाइरहेको त्यस चोरलाई देखे। उनिखेरि पक्रेर ल्याई राजा बक्साएर शासना गर्दा चोरिएको गहना सबै मिल्यो। अनि देवीलाई चढाई त्यस चोरलाई मारिदिए। यी राजाले दरबारका अगाडि राधाकृष्ण महाविष्णुको देवालय बनाई मूर्ति स्थापना गरेर गूठी राखी यथाक्रमले पूजाआजा चलाए।

यी मैथिल ब्राह्मणहरू श्री गुह्येश्वरीका ठूला सेवक हुन्। ममाथि ईश्वरीको अनुग्रह भएको स्वप्नको कुरा यिनै मैथिलबाट मैले थाहा पाएँ। त्यस वचनका प्रमाणले चार दिनैमा राजा हुँला भन्ने मनैमा नभएको राजपदवी प्राप्त भयो। यिनीहरूबाट मलाई ठूलो गुण भएको छ। यस्तो विचारले मैथिलहरूसंग मिलिरहँदा नेवार थरीहरूले सहन नसकी निरपराधमा सबै तिह्नौतिया ब्राह्मणहरूको घर लुटी धनसम्पत्ति सर्वस्व हरण गरेर बाइदिए। यसै वर्ष वर्षा शून्य भई दुनिया सबैलाई हाहाकार हुँदा त्यस संकष्टले राजालाई ठूलो ताप पऱ्यो। आफ्ना पालामा प्रजाहरूले गरेको ब्रह्मस्वहरणबाट उद्धार गर्नालाई श्री पशुपतिनाथमा महाबलिभोग भन्ने नाउँको प्रतिवर्ष भोग लगाउने गूठी राखिदिए। यी राजाले यसरी धेरै धर्मकर्महरू गरी ईश्वरलाई मानिरहेका थिए।

कुनै दिन यी राजा शान्त स्वभावका हुनाले गोरखाका राजा श्री पृथ्वीनारायण शाह आई नुवाकोट दखल गरे। अनि उनले त्यहीं बसी गोरखाराजको भनी हुकुम चलाइरहेका थिए। "मेरा पालामा ब्रह्मस्वहरण पनि भयो, राज्य पनि घट्यो, सर्वलक्षणले युक्त भएको ज्येष्ठपुत्र पनि मऱ्यो, माहिलो पुत्र जयप्रकाशको स्वभाव अतिक्रूर छ। यसले देवधर्म, कुलधर्म र स्थितिसमेत केही राख्नेछैन।

प्रजाहरूले पनि दुःख पाउने छन् । अब बाँचेर मैले यश प्रख्यात गर्न कदापि सक्नेछैन । यस्तो हेरिरहनु चाँहि त बरु चाँडै मर्न पाए बढिया हुँदोहो ।" यस्तो कुरा मनमा खेलाई चाँडो मरण होओस् भन्नाका निमित्त यी राजाले उपाय खोज्न लागे । त्यसै वेला इटुंबाहालको कुनै एक बाँडाले मंजीश्वरीको मूर्ति बनाई यात्रा गर्ने मानिस चाँडै मर्छ भनी पुस्तक देखाएर विधिसमेत बताए । राजाले त्यो मतलब मनैमा राखी गुप्तसंग मंजीश्वरीको मूर्ति बनाई श्रीपञ्चमीका दिन कान्तिपुरमा ल्याएर यात्रा गराए । यो यात्रा गरेपछि तीन महीना मात्र बाँची राजा जगज्जय मल्ल संवत् ८५५ फाल्गुन वदि ५ का दिन परलोक भए ।

यिनका पुत्र राजा जयप्रकाश मल्लको भोग वर्ष ३३ । यी नेपाली संवत् ८५५ फाल्गुन वदि ६ का दिन राजा भएका हुन् । यिनले आफू राजा भएपछि विवाह गरी ल्याएकी १, लगनटोलकी बाँडाकी छोरी भित्रिनी दयालक्ष्मी नामकी १ यटखाटोलकी धन्यशोभाकी छोरी मयजू १. यति स्त्रीहरूसंग दिनरात भुल्दथे । यिनले आफूलाई नसही भाई राज्यप्रकाशलाई राजा गराउन खोज्ने हुन् भनी खस, जैसी, भंडेल र राजलवटहरूमाथि दगा लिए । यी कुल्याहाहरूसंग मिली मेरा राजगद्दीमा बस्न खोज्ने शत्रु भएपछि सानो देख्नुछैन भनी बाबा जगज्जयको शुद्धशान्ति पनि नसकिदै भाइ राज्यप्रकाशलाई बन्धनमा राख्ने डरधाक देखाई धपाए । राज्यप्रकाश मल्ल दाज्यूदेखि डराएर भाग्दा वागमतीमा बाढी आएको भए पनि बहुतै कष्टसंग तरी ललितपत्तनका राजा विष्णु मल्ल आफ्ना भिनाज्यूका चरणमा शरण पर्न गए । विष्णु मल्लले पनि बहुतै दया गरी मेरा सन्तान नहुनाले मेरा शेषपछि तिमीलाई राजा गराउँला भनी दरबारैमा खानापीनाको बन्दोबस्त गरी आफूसंगै राखे ।

उता खसथरीहरूले अब जयप्रकाशले हामीलाई सहँदैनन् भनी यी राजाका भाइ नरेन्द्रप्रकाश मल्ललाई बुझाई देउपाटनमा राखेर टुकुचापारिका पाँच गाउँ अर्थात् साँखु, चाँगु, गोकर्ण, नन्दीगाउँ र देउपाटनका राजा गराए । पछि यी थरी, मुखिया र काजीहरूले राजा नरेन्द्रप्रकाश मल्ललाई हात लिई प्रजाहरूको घरखेत लूटपीट गरे । चार महीनापछि राजा जयप्रकाश मल्ल दलबलसहित आफै गई भाइसित लडाई गरेर लघारी भक्तपुरमा धपाए । नरेन्द्रप्रकाश मल्ल पनि भक्तपुर पुगी राजा रणजित् मल्लका शरण परे । उनले सदाशिव मल्ल चोकमा खानपीनको बन्दोबस्त मिलाई राखे । केही दिनपछि यी नरेन्द्रप्रकाश मल्ल कालगतिले परलोक भए । खेल गर्ने थरी काजीहरूलाई आफूदेखिन् टाढा गरी जयप्रकाश मल्लले राखे ।

त्यस ताक तीनै शहरका राजाहरूमा मेल थियो । राजा जयप्रकाश मल्लले भक्तपुरका राजा, ललितपत्तनका राजा तथा दुवै शहरका काजी प्रधानहरूलाई समेत निता गरी भोजन गराए । अनि बैठकमा बसेर तीनै राजा बातचीत गर्न लागे । जयप्रकाश मल्लले पहिले नै चाँजो मिलाई बैठकभित्र ढुकुटीमा धेरै धनदौलत, सुनाचाँदी र चीजबीजहरू राखेर बाहिरबाट स्पष्टसंग देखिने गरी ढोकामा मसिनो पर्दा लगाएका थिए । साथै भित्र बत्तीहरूको झकाझक पनि थियो । राजा रणजित् मल्ल र राजा विष्णु मल्लको तथा काजी प्रधानहरूको आँखा ढुकुटीभित्र पर्दा धेरै धनदौलत र चीजबीजहरू देखे । यी राजा त हामीभन्दा धेरै धनी रहेछन् भन्ने ठाने पनि । त्यसपछि आफाफ्ना शहरमा गए ।

ललितपत्तनका राजा विष्णु मल्लले मनमा बहुतै दिग्दार भएको काजी प्रधानहरूले देखी कारण सोद्धा राजाले भने "राजा जयप्रकाश मल्लले आफ्नो दौलत देखाए । अब त्यसको बदलामा हामीहरू के देखाऊँ ? धन देखाऊँ भने हामीसंग कम छ । अब कसो गर्ने हो ?" "महाराज, सुर्ता नगर्नु होस् । राजाको मुख्य धन त प्रजाहरू नै हुन् । तसर्थ हामी प्रजा देखाउँला ।" प्रधानहरूले यस्तो सल्लाह दिंदा राजा खुशी भए । राज्यभरका सब प्रजाहरू हातहतियार लिई सफेद पोशाकमा हाजिर गराउने राजाको आज्ञाअनुसार काजीहरूले दिनको ठेगान गरे । तीन शहरमध्ये पाटनको राज्य ठूलो हुनाले प्रजाहरू जम्मा गर्ने व्यवस्था मिलाए । अनि कान्तिपुरका र भक्तपुरका राजा, काजी र प्रधानहरू सबैलाई निमन्त्रणा गरी भोजन गराए । त्यसपछि चौक्वाठका पञ्चझ्यालमा तीनै राजाहरू बसे । त्यसै वेला प्रजाहरू बोलाइए । प्रजाहरू सबैले सफेद पोशाक लगाई हातहतियार लिएर राजाको दर्शन गरेर दरवार अगाडि सबै ठाउँ ढाकेर बसे । "के गरौं, दौलतको म गरीब छु । मेरो दौलत भन्नु त यिनै प्रजाहरू हुन्"

भनी ललितपत्तनका राजाले कान्तिपुर र भक्तपुरका राजाहरूसंग बातचित गरे । उनीहरूले यिनका प्रजाहरूको फौज धेरै देखी मनमा शंका गरे । साथै यी सबै फौज जम्मा भई लड्न आए हामीले राज्य थाम्न सक्दैनौं भनिठाने । त्यस वेला राजा जयप्रकाश मल्लले बेकाममा मैले अर्घेलो भई आफ्नो अन्त्य दिएँ भनी पश्चात्ताप लिए । अनि बिदा भई दुवै राजा आफाफ्ना शहरतिर गए ।

अब पर्‍यो भक्तपुरका राजालाई फसाद । उनीले दरबारमा पुगेर आफ्ना काजी प्रधानहरूसंग भने "राजा जयप्रकाश मल्लले धनदौलत देखाए । राजा विष्णु मल्लले प्रजाहरू देखाए । हामीसंग न त्यति धन छ न त त्यति प्रजानै छन्, तसर्थ अब के देखाउने ?" "महाराज, यस कुरामा कत्ति पनि फिक्री लिनुपर्दैन । हामीले पनि धेरै कालदेखि संग्रह गरिराखेका चीजबीज, शास्त्र र औषधीहरू छन् । त्यसका साथै केही धन पनि देखाउँला ।" यसरी मन्त्रीहरूले सल्लाह दिंदा राजा रणजित मल्लले कान्तिपुर र पाटनका राजा, काजी र प्रधानहरूलाई निमन्त्रणा गरी भोजन गराए । अनि डोरीमा उनेका धेरै साँचाहरू भण्डारेले बैठकमा ल्याइदियो । राजा रणजित मल्लले कान्तिपुर र पाटनका राजाहरूलाई भने "तपाईंहरूले आआफ्ना मुख्य चीजबीज मलाई देखाउनुभयो । मेरो भने दौलत पनि दुनिया पनि दुवै थोक धेरै छैनन् । मेरो जो भएको चीजबीज हेर्नुहुन्छ भने देखाउँछु" भनी दुवै राजा र काजीहरूलाई लगी धेरै कोठाहरू खोलेर पुराना पुराना धेरै जातका अन्नादिका बीजहरू, धेरै जातका औषधीहरू, तेलहरू, वेद पुराण तन्त्र आदि धेरै ग्रन्थहरू, अरू धेरै चीजबीज र केही धनसमेत देखाए । त्यसपछि दुवै राजा बिदा भए । भक्तपुरका राजा सकल पदार्थका संग्रह गर्ने रहेछन् । बखतअनुसारका कामलाई नभएको चीज केही रहेनछ । हामीहरूसंग यस्तो संग्रह छैन भनी हार मानेर दुवै राजा जिल्ल परे ।

राजा जयप्रकाश मल्लले टाढा गरिराखेका काजी मुखियाहरू मिली गुप्तसंग खेल गर्न लागे । त्यसै बेला भक्तपुरका राजाले कान्तिपुरको राज्य दखल गर्दा श्री जयप्रकाशले दखल गरेको राज्य आफूस गर भनी चार महीनाको म्याद दिए । ती काजीहरूले त्यस म्यादभित्र राज्य आफस गर्नालाई धेरै उद्योग गरिरहँदा पनि राज्य चाँडै छिक्न सकेनन् । अरूले राज्य लिएको हेरीमात्र रहने, आफ्नो राज्य अरूले लिएको आफूस गर्न नसक्ने भनी राजा जयप्रकाश मल्ल बहुतै अप्रसन्न भए । भण्डारखालमा केही सल्लाह गर्नु छ भनी डाकेर लगी त्यस काजीलाई मारे । कसैले थाहा नपाउने गरी इनारमा खसालिदिए र माटाले पुरिदिए पनि । त्यसपछि राजा जयप्रकाश मल्लले कान्तिपुरका काजी प्रधानहरू सबै जम्मा गरी 'मेरो द्रोहीलाई नाश गरिसकें । अब तिमीहरूले मेरो भरसक सेवा गर । सेवा गरेअनुसार प्रसाद बक्सौंला" भन्ने आज्ञा गरे । "मुख्य काजी नभई राजकाज हुन सक्दैन । लौ काजी होऊ" भनी एकदुई जनालाई भन्दा राजाको उग्र स्वभाव देखी कसैले पनि काजी हुन कबूल गरेनन् । उपाध्याय भाजु वासि भाजुलाई काजी गरे । त्यसपछि सबै फौज जम्मा गरी आफू राजासमेत भएर भक्तपुरमाथि चढाई गरे । तैपनि आफ्नो राज्य हात लाउन नसकी त्यसै फर्के । अनि बाहुन काजीलाई खोसी तौढिकलाई मुख्य काजी गरिदिए । तिनै ताक कान्तिपुरका राजा एकला देखी संवत् ८५९ मा भक्तपुरका राजा रणजित मल्लले जयप्रकाशले भोग गरिरहेका पलांचोक आदि ७।८ गाउँहरू जिती लिए । त्यसपछि कान्तिपुरका राजाले ललितपत्तनका राजा विष्णु मल्लसंग मिली भक्तपुरका राजा रणजित मल्लमाथि चढाई गरे । आफ्नो गुमेको राज्यमध्ये केही गाउँ हात लगाई दाप्चा फूलबारीका कोटमा आगो लगाइदिए ।

त्यसै बखत ललितपत्तनका राजा विष्णु मल्ल परलोक हुँदा जयप्रकाशका भाइ राज्यप्रकाश मल्ल राजा भए । दुइ भाइले दुइ शहरको राज्य चलाउन लागे । बाबा जगज्जय मल्लका पालादेखि गोरखाका राजा पृथ्वीनारायण शाहले पश्चिमको राज्य र भ्रमरकोट, बुच्चाकोट आदि ग्रामहरू भक्तपुरका राजाले दखल गरिराखेका थिए । ती गाउँहरू आफ्नो हातमा गर्नालाई जयप्रकाशले धेरै पल्ट चढाई गर्दा पनि आफ्नो मुलुक सबै आफ्नो हुन सकेको थिएन । काशीराम थापा आदि थरी, मुखिया, काजीहरूलाई आफूले गर्ने भारा दिइराखेकोमा यिनीहरूले राजा जयप्रकाशसंग ज्यादा प्रीति नहुनाले हामीहरूले कस्तै मिहिनेत गरे पनि राजाले हामीमाथि दगा गर्न छाड्नेछैनन् । के कारणले भने अघि हामीहरूले यी राजाका भाइ नरेन्द्रप्रकाश मल्ललाई पाँच गाउँको राजा गराउँदा उठेको रिस अवश्य छोड्नेछैनन् भन्ने अन्तःकरणले देख्दा

मुलुक लिनामा राम्ररी चित्त नलगाईं केही उद्योग गरे कैं मात्र गरिरहेका थिए। जयप्रकाश मल्लले पनि आफ्नो मुलुक मन्त्रीहरूले धेरै वर्षसम्म पनि हात लगाई नदिंदा अघि मेरा बाबाका पालामा पनि यिनीहरूले खेलद्वारा मलाई राजा नगराई भाइलाई राजा गराउन भरसक उद्योग गरेथे। दैवसंयोगले मात्र म राजा भएको हुँ। यस बखत पनि यिनीहरूले अवश्य मेरो मुलुक हात लगाइदिने-छैनन् भन्ने राजा जयप्रकाशले मनमा दगा राखी बहुतै रिसाएका थिए।

नेपाली संवत् ८६६ श्रावण शुदि पूर्णिमाका दिन नन्दीगाउँमा बास गरिरहेका काशीराम थापा, हरि कार्कीका छोरा, नवाली बस्नेत, बूढाथोकी, बिष्ट प्रभृति पर्वतीय उमराउहरू सबै चाबहील गणेशसमीप गौरीघाटमा बसी जनै मन्त्रन लागेका अवस्थामा उनीहरूलाई जबर-दस्ती पक्री राजा जयप्रकाश मल्लले सबै प्रजाहरूले सुन्ने गरी भने "मेरो अघिको पश्चिम नुवाकोट आदि राज्य आफूस गर भनी तिमीहरूलाई अनेक तरहले भनेथें। भने-बमोजिम नपुर्‍याई खालि भरोसा मात्र दिएर केही उद्योग नगरी यतिका दिनसम्म बितायौ। फन्सारो आफ्ना हातमा रहेको राज्य साँखु, चाँगु पनि भक्तपुरका राजाले लिन आँटे। अब यसो भएपछि म बिग्रें। तिमीहरूले गरेको मैले धेरैपल्ट सहिसकें। अब तिमीहरूलाई नमारी छाड्दिन" भनी बहुतै रिसाए। उमराउहरूले आफ्ना शिरको पगरी उतारी जमीनमा राख्दै प्रार्थनापूर्वक विन्ति गरे "महाराज, हामीहरूले केही उद्योग नगरी त्यसै रहेका होइनौं। अब १०।१२ दिन खावा बक्सनुहोस्। त्यहाँसम्म शत्रुले लिइराखेका सब मुलुक हात लगाउन सकेनौं भने उहाँपछि हामीहरूलाई जे इच्छा छ उसैमाफिक गर्नुहोस्" भनी कटहर आदि धेरै फलफूल चढाई अनेक प्रकारले विन्ति गरे। तैपनि राजा जयप्रकाश मल्लले रिसाउँदै भने 'तिमीहरूले मलाई ५।६ फेरा भरोसा दिई अनेक प्रकारले ढाँट्यौ। अब म तिमीहरूको वचन कदापि प्रतीत मान्ने-छैन। कान्तिपुरमा जाऊँ हिंड" भने। उमराउहरूले निको चाल नदेखी डरले बडा वेगसंग भागे। राजाले मधिसे सिपाहीलाई हुकुम दिई समात्न लगाएर उमराउहरू आठ जना र सिख्वाल काजीलाई पनि मारे। तौढिक आदि काजीहरूले चारैतर्फ लागी बेपत्तासंग भागेर जीउ बचाए। यो खबर नुवाकोटमा गोरखाका राजा पृथ्वीनारायण शाह-ले कान्तिपुरका बडा उमराउहरू मरे भन्ने खबर सुन्ने-बित्तिकै बढाईं गरे।

त्यसपछि यी उमराउहरूका सन्तान परिवार परशु-राम थापाहरू मिली आफ्ना दाजु काशीराम थापाहरूलाई मारेका रिसले सम्मत गरी गोरखाका राजा पृथ्वीनारायण शाहलाई बोलाएर ल्याए। उनद्वारा साँखु, चाँगु दखल गराई ती गाउँमा कसैलाई जान नदिई राखे। राजा जय-प्रकाश मल्लले आफ्नो सैन्य जम्मा गरी आफैं गएर लडाईं गर्दा पनि ठानामा रहेका फौजलाई हटाउन सकेनन् र त्यसै फर्की आए। त्यसपछि कान्तिपुरका प्रजाहरूले "महाराज, अब कसो गर्ने हो?" भनी विन्ति गर्दा राजाले "ठाना बस्नेहरूलाई हटाउन सक्ने शूरा शूरा काजीहरूलाई अघि लगाई जानुपर्‍यो" भनी चूप लागी बसिरहे।

कान्तिपुरका प्रजाहरूले हरेस खाएनन्। ललित-पत्तनका राजा राज्यप्रकाशकहाँ गई मद्दत मागे। राज्य-प्रकाशले पनि प्रजाहरूको विन्ति सुनी आफ्ना सब प्रजाहरू लाई जाऊ भनी हुकुम दिएर ढाक्रे प्रधान उमराउसमेतलाई लडाईं गर्न पठाए। त्यसका दुईचार दिनपछि जयप्रकाश मल्लका पुत्र पाँच वर्षका बालक ज्योतिप्रकाश मल्ललाई देवपाटनमा लगी राखे। उमराउहरू मारेका दिन भाग्ने तौढिक आदि काजीहरू पुगी प्रजाहरू र काजीहरू एकमेल भई सल्लाह गरे। अनि ज्योतिप्रकाश मल्ललाई कान्तिपुर-को राजा गराए। राजा जयप्रकाश मल्लले छोरालाई राज्याभिषेक दिन आँटे भन्ने थाहा पाउँदा तलेजुका देवल-भित्र गई लुकिरहे। त्यसपछि प्रधान र प्रजाहरू मिली साँखु चाँगुमाथि चढाईं गरेर सयदुइसय मानिस मारी राजा पृथ्वीनारायणका सैन्यलाई हटाई धपाए। त्यस बखतमा आश्विन महीना थियो। जयप्रकाश मल्लले दशैंको कार्य घटस्थापना गरिसकेका थिए। नवमीका दिन इन्द्र-चोकमा घर भएका उपाध्याय सिभाजु पूजा गर्न आउँदा केही मानिस जम्मा भएर ती उपाध्याय सिभाजुको घर घेरी लुटपिट गर्न लागे। त्यो खबर सुन्दा उपाध्याय सिभाजु भागी ललितपत्तनमा जाँदा दरबारमा नवमीको पूजा वेला-मा हुन सकेन। ती उपाध्याय भाजुका भाइलाई बोलाएर दरबारमा लगी आधारातका समयमा नवमीको पूजा गराए। त्यो पूजा समाप्त गराई राजा जयप्रकाश मल्ल भागेर पाटनका काजी कालिदासका घरमा गए। उहाँबाट आफ्ना भाइ राज्यप्रकाश भएका ठाउँमा गए। अनि भागी

पाटनमा जाने उपाध्याय भाजुलाई कान्तिपुर पठाई दशमीको कर्म गराएर दसैं पूरा गरे। नेपाली संवत् ८६६ कातिक वदि १ रोज ६ का दिनसम्म ललितपत्तनका राजाले दाज्यू जयप्रकाश मल्ललाई भरोसा दिई राखेका थिए।

दुर्दशाका प्रभावले दुःख पाउने वेलामा मानिसको चित्त चंचल हुन्छ। जयप्रकाश मल्ल शतुंगलघरमा १ महीनासम्म बसेपछि भक्तपुरका राजा रणजित् मल्लका शरणमा जाने चित्तमा आयो र क्वाछेसम्म जाँदा ललितपत्तनका काजी प्रधान उमराउहरूले संझाई बुझाई फर्काएर क्वाथछेकै घरमा १ महीनासम्म थामिराखे। राजा त्यहाँबाट उठेर देवपत्तनमा गई एक रात बसे। भोलिपल्ट राति कान्तिपुरका प्रजाहरू देवपत्तनमा जाँदा पनि भागी पुलचोकमा गई बसे। केही दिनपछि त्यहाँबाट पनि भागी मातातीर्थमा गई बसे।

नेपाली संवत् ८६७ वैशाख शुदि ८ का दिन मापालमा मत्स्येन्द्रनाथको रथ अड्किरहेका वेलामा एक मानिसको स्वरूप आई देवता छोएर दर्शन गरी उसै वेला बेपत्ता भयो। त्यसलाई कसैले पनि चिन्न सकेनन्। अनि राजा जयप्रकाश मल्लले त्यसको शान्तिस्वस्ति गरे। श्री पशुपतिनाथमा पनि महास्नान गराए। यसै साल ज्येष्ठ शुदि दशमीका दिन जावलाखेलमा रथ लैजाँदा रथको आग्लो भाँचियो र अर्को फेर्न खोज्दा रथ ढल्यो। देवतालाई पाटीमा राखेर चारपाँच दिनमा रथ सिध्याई आदित्य वारका दिन रथमा देवतालाई राज गराए। सोम बारका दिन यात्रा गर्दा फेरि आग्लो भाँचियो र अर्को आग्लो बनाई यात्रा गर्दा फेरि पनि आग्लो भाँचिई रथ ढल्यो। यस्ता तरहले आठ दिनका बीचमा दुइ फेरा रथ ढल्यो। यस्तो कहिले पनि सुनेको थिएन भनी सबैले ताजूब माने। त्यसको भोलिपल्ट ठूलठूला काठ ल्याई टेवा लगाएर फेरि रथ खडा गराई शान्ति पुजाहरू गरेर बहुतै मुश्किलसंग यात्रा पूरा गरे।

त्यसपछि राजा जयप्रकाश मल्ल आठ महीनासम्म मातातीर्थमा बसी आषाढ शुदि १३ रोज ५ का दिन ठिमीमा गई बसे। दुइचार दिनपछि त्यहाँबाट पनि भक्तपुरमा गई २।३ महीना बसे। त्यहाँका राजाले साँखु चाँगु लिने उद्योग गरी राजा जयप्रकाश मल्ललाई नजरबन्दीमा राख्न खोजे। उनले यो कुरा थाहा पाउँदा श्री गुह्येश्वरीका स्थानसमीपमा आई १।२ महीना बसे। राति पंचलिंगभैरवको दर्शन गर्न जाँदा यिनलाई कान्तिपुरका प्रजाहरूले देखेर करुणापूर्वक अभय वाचा बाँधी प्रधानहरूसंग भनसुन गरेर दरवारको एक चोकमा राखे। पछि कान्तिपुरे काजीहरूले दरवारमा बस्न हुँदैन, शहरको कुनै एक चोकमा वास गर भनी राजालाई दुइतीन फेरा भन्दा प्रजाहरूले केही भन्न सकेनन्। यहाँ बसी मलाई अवश्य भलो हुँदैन भन्ने विचार गरी उनी त्यहाँबाट गोदावरीमा गई बसे।

यिनै ताका जयप्रकाश मल्लकी रानी दयावतीले कान्तिपुरका प्रजाहरूले गरेको चुक्ली सुनी ललितपत्तनका काजीहरूलाई हात लिएर त्यहाँबाट पनि यी राजालाई भगाइन्। गाबहालका उपाध्यायका घरमा आई बस्दा त्यहाँबाट पनि निकाले। यी राजालाई राखेको रिसले ती उपाध्यायको घर पनि सर्वस्व गरे। त्यहाँबाट उनी गोकर्णमा गई केही दिन बसे। यहाँ बस्न दिदैनौं, हामीलाई अपयश लाग्छ भनी भैंमालेहरूले बस्न नदिंदा कहीं वास नपाएर बहुतै दुःख पाई आखिर श्री गुह्येश्वरीमा बस्न गए। केही दिन त्यहाँ बस्दा ईश्वरीको आराधना गरी नित्य सेवा र जपस्तोत्रपाठहरू गरिरहेका थिए।

तिनै ताका कान्तिपुरका काजीहरूले गोरखाका राजासंग र ललितपत्तनका काजीहरूले लमजुङ तनहुँका राजासंग हाम्रो जगा छाडिदेऊ भन्न जाँदा ती राजाहरूले जयप्रकाश मल्ल आई फेरि कान्तिपुरका राजा हुन्छन् भने तिमीहरूको जगा छाडिदिउँला भन्ने जवाफ दिएका थिए। तर जगा भने फिर्ता दिएका थिएनन्। उता राजाका आराधनाले श्री गुह्येश्वरी माई प्रसन्न हुँदा एक योगिनीको स्वरूपले राजालाई दर्शन दिइन् र खड्ग दान दिइन्। साथै अब तिम्रो कल्याण हुनेछ भन्ने आशीर्वाद पनि दिइन्। यस्ता प्रकारले राजा जयप्रकाश मल्लको वनवासमा चार वर्ष बित्यो। पाचौं वर्षको शुरुमा एक बाँडा कान्तिपुरबाट श्री गुह्येश्वरीको दर्शन गर्न आउँदा राजाका र बाँडाका आँखा जुध्ने। बाँडाले आँसु काढी देवीको प्रदक्षिणा गर्‍यो। कसैले नदेख्ने गरी राजाले भने "अहिले तिम्री छोरी कुमारीको दर्शन गराइदेऊ र दक्षिणा पनि लेऊ।" बाँडाले मंजूर गरी फर्केर राति आफ्नी छोरी

कुमारीलाई पछ्युराले छोपी शहरदेखि ईशान दिशातिर नारायणहिटीमा ल्यायो । राजा जयप्रकाश मल्लले पनि त्यहीं आई कुमारीको दर्शन गरेर डेढसय रुपियाँ चढाई आफ्नो दुःख विन्ति गरे । "आजका चार दिनमा तिमी शहरमा आऊ" भनी कुमारीले आज्ञा गरिन् र आफ्नो शिरको फूल झिकी राजालाई दिइन् । कुमारीको आशीर्वाद लिएर घर पठाई राजा गुह्येश्वरीमा आए । यी राजाले आफ्नो तखतबाट पतित भई दुःख पाउँदा यिनको साथ नछाड्नेमा वंशीधर मास्के, अजितसिं मास्के, देवमोचे आदि गरेका बीस पच्चीस जना थिए । योगेश्वर वैद्य पनि राजाका चरणमा आई आफ्ना घरमा जो भएको सरदाम ल्याउँदै भोजन गराउँदै गर्दथे । राजमाता कुमुदिनी रानीले पनि छोराले बहुतै दुःख पाए भनी गुप्तसंग गहनाहरू बेची बराबर रुपियाँ पठाउँदै गर्दथिन् ।

नेपाली संवत् ८७० शुक्ल १० का दिन कुमारीको वचनप्रमाण ४ दिन भएपछि कान्तिपुरका काजीथरीहरू मिली अब जयप्रकाश मल्ललाई देवपत्तनमा पनि राख्नुहुँदैन, निकाल्नुपर्छ भनी सिपाही फौजहरू जम्मा गरेका थिए । यो खबर राजा जयप्रकाश मल्लले सुने । अनि आफूसंग रहेका मानिस पठाई देवपत्तनका प्रजाहरू र उहींनेरका मानिस कसाही पोडेहरूसमेत जम्मा गरे । आफू भने ईश्वरीको भित्री खण्डमा गई प्रदक्षिणा गरेर कुण्ड उघारी दर्शन गर्दा अकस्मात् कुण्डबाट एउटा माछो उत्री आयो र ईश्वरीको अनुग्रह सम्झंदै खूब खुशी भई त्यस माछालाई निलिदिए । अनि देवीलाई साष्टांग प्रणाम गरी बाहिरी खण्डमा आउन लाग्दा कान्तिपुरका फौजहरू-मध्ये एकदुइ जना पर्खाल चढी भित्र आउन लागेका देखिए । तिनीहरू कुनै शस्त्रप्रहारद्वारा र कुनै बन्दुकका गोलीद्वारा मारिए । यसपछि राजाले जो भएका फौज अघिपछि लगाएर सधैं आफ्ना साथमा रहने खोरसानी नामक घोडामा चढी देवीले दिएको खड्ग हातमा लिएर कान्तिपुर जान प्रस्थान गरे । गौरीघाटका समीपमा पुग्दा कान्तिपुरका काजीहरू र उनीहरूका लश्करसंग भेट भयो । अनि राजाले ठूलो स्वर गरी सुनाए । "प्रजा हो ! तिमी-हरू निर्दोषी छौ, एकातिर सर, म मेरा द्रोहीहरूसंग लड्छु ।" यति भनी राजाले एकदम शस्त्रप्रहार गरे । कान्तिपुरका फौजहरूले राजाका साथमा भैरवाकार असंख्य फौजहरू देख्दा डराएर भागाभाग गरी यताउता लागे । राजाले पहिलो पटक शस्त्र प्रहार गर्दा चारपाँच जनालाई गौरीघाटमै सिध्याए । बाटामा भेटिए जति दुष्टहरूको नाश गर्दै असनढोकाबाट सरासर कान्तिपुर शहरभित्र प्रवेश गरे । सिंहढोकाबाट तलेजुमा गई देवताको प्रदक्षिणा गरेर ढोकामा साष्टांग दण्डवत् प्रणाम गरी दक्षिणासमेत चढाई दरबारमा पसे ।

त्यसपछि रानी दयावतीसंग बसेका बालक पुत्र ज्योतिप्रकाश मल्ललाई जबरजस्ती खोसेर आफ्ना काखमा राखी झ्यालबाट प्रजाहरूलाई हुकुम गरे । "प्रजा हो ! कान्तिपुरका राजा ज्योतिप्रकाश मल्लनै छन्, मदेखि केही शंका नमान । म एक माना खाई बालकको रक्षा गरेर राजकाज गरिरहन्छु । यो मुलुक अघिदेखि शत्रुका हातमा पर्दा तिमीहरूले आफ्नो गर्न भरसक उद्योग गरेकै थियौ ।" यसरी मधुर वाणीले प्रजाहरूलाई बुझाएर खुशी गराई हात लिए । "महाराज, अघि हामीहरूले गरेभएको सब अपराध क्षमा गरी प्रसन्न हुनुहोस्, अब हामीहरू हजुरका खातिर भरसक गर्दछौं । शत्रुका हातमा परेको राज्य झिक्दा खेलखण्ड गर्ने र नगर्ने विचार गरी विवेक रहोस् । सास्ती र प्रसादको धनी हजुरै हुनुहुन्छ ।" प्रजाहरूले यति विन्ति गरे ।

अब आयो राजा जयप्रकाश मल्लको पालो । उनले आफ्ना मयजुस्त्री बिगार्ने भीमधन प्रधान डोलीमा चढी भाग्न लागेकालाई डोलीमै काटे । भिख्वाल तुइख्वाल आदि दुष्ट काजीहरूलाई ठाउँ ठाउँमा समाती मारे । धनजु काठेमोचे र हुलनायकहरू सात जनालाई मारे । मुख्य काजी तौंढिक भने राजा जयप्रकाश मल्ल कान्तिपुरमा प्रवेश भए भन्ने सुन्नेबित्तिकै मनोरथसिं मास्केका घरको बुइंगलमा लुकेको थियो । त्यहीं बन्दुकको कल चढाएर आत्महत्या गरी मऱ्यो । यसै कुरामा मेरो परम शत्रुलाई बुइंगलमा वास दिने भनी मनोरथसिं मास्केको सर्वस्व गरी लिए । दयावती रानीलाई बिगार्ने गरुडसिं भडेलले यो खबर सुन्नेबित्तिकै गोरखाका राजासंग गई शरण परेर जीउ बचायो । अर्को यिनै रानीसंग बिराउ भएको उपाध्यायसिं भाजु भक्तपुरमा भागी गएको थियो उसलाई रातैमा पक्रेर ल्याई मारे । अर्को यिनै रानीसंग बस्ने धनजुजु ब्राह्मणलाई नमर्ने गरी कुट्दै ठाउँठाउँमा घाउ पारी वैद्यहरूद्वारा घाउ बढ्ने औषधी लगाई धेरै दुःख दिए । यस्ता प्रकारले राजा जयप्रकाश मल्लले आफ्ना कुल्याहा शत्रुलाई संहार गर्दा

धेरै काजीहरू विष खाएर आत्महत्या गरी मरे । दुष्ट रानी दयावतीलाई मेरो सत्य छोडी परपुरुष तुल्याउने भनी लक्ष्मीपुरमा चारै दिशा बन्द गरी त्यस ठाउँको बन्धनमै मारे । यस्ता प्रकारले यी राजाले बहुतै दुःख पाई पछि ईश्वरीका दयाले कुल्याहाहरूलाई मारेर आफ्नो तखत लिई फेरि राजा भए ।

राजा जयप्रकाश मल्लका भाइ राज्यप्रकाश मल्ल-लाई सोह्र जना स्त्रीहरूसंगको बढी सहवासले नेत्ररोग भई आराम नहुँदा गणेशको दोष ठहराए । त्यो दोष नाश गर्न चोभारगणेशको देवालय बनाई गजूर चढाए । प्रतिष्ठा गर्दा यी राजा जयप्रकाश मल्लले निंतामा नगई क्न्सारो पाटनका लगाका कोटहरूमा आगो लगाई उपद्रव गरिदिए-का थिए । त्यस्तै कुराका रिसले गर्दा अघि यी राजाका बाबाके पालामा गोरखालीका हातमा परेको नवकोट गाउँ फेरि यी राजाले लडाई गरी गोरखालीलाई धपाएर आफूस गरी भोग गरेका मौकामा पाटनका काजीहरूले चिठी लेख्दा मौका पाई गोरखाका राजा पृथ्वीनारायण शाहले फेरि नवकोट दखल गरी उहीं बसेर राज्य गर्न लागेका थिए ।

यता राजा जयप्रकाश मल्लले धेरै ढुकुटी मासी नगरकोटीको फौज जमाएका थिए । संवत् ८७४ मा कान्तिपुरका काजी चिगढी मास्केले नालदुममा चढाई गरी मुलुक जिती फर्के । यसै सालको आश्विन वदि १ का दिन गोरखाका राजा पृथ्वीनारायण शाहले कान्तिपुरको राज्य धर्मस्थली गाउँ दखल गरी लिए । संवत् ८७६ आश्विन शुदि ७ का दिन कान्तिपुरका राजाले धालाछेका काजी कालिदासलाई नगरकोटी सिपाही पठाई चोकका पेटीमा बसि रहेका बखतमा परशु प्रहार गरी मराए । यो राजा पृथ्वीनारायण शाहले सुन्दा ललितपत्तनका लगाका खबर थनकोट, बलंबु, शतु तल, दह्चोक गाउँहरू दखल गरी कीर्तिपुर दखल गर्न कटखेलमा ठाना बस्न पुगे । अनि ललितपत्तनका राजाको फौज र आफ्नो फौजसमेतका साथमा राजा जयप्रकाश मल्ल आफै गई लडाई हुँदा यिनै देवीका प्रभावले आफ्नो देवालयबाट ॐकार शब्द गरी केही स्वरूप बाहिरिएका हुनाले घनघोर अन्नाधुन्न ठूलो लडाई भयो । जयवागीश्वरीदेवीका प्रभावले पहिले देवपत्तनका फौजले प्रहार गरे । यसै लडाईमा शूरप्रताप शाहको नेत्रमनि चोट लाग्दा त्यो नेत्र जखम भयो । काजी कालु पाँडे पनि यही लडाईमा परे । अरू गोरखाका भैयाद काजी लगायत धेरै सेनाहरू मरे । यस्ता प्रकारले १२ घडीसम्म ठूलो लडाई हुँदा दुइतिरका गरी बाह्र सय मानिस मरे । अनि गोरखाका राजा पृथ्वीनारायण शाह र यिनका असल शूरा काजी उमराउहरूलाई बोकी रातारात गरी बाँकी सिपाहीसमेत नवकोटमा पुगे ।

त्यसपछि राजा जयप्रकाश मल्लले कसाही पुतवार-हरूसंग बहुतै खुशी हुँदा यिनीहरूले मेरा उपर खूब गरे भनी पुतवारलाई नजीक गरी राखे । गोरखाली सबै सून्य भए भनी बहुतै हर्षबढाई र उत्सव गर्दै उनी कान्तिपुरमा फर्के । विचार नगरी फर्कनाले यी राजालाई पछि पश्चा-त्ताप भयो । यस्ता तरहले आफ्ना असल असल शूरा वीर काजी उमराउ सिपाहीहरू धेरै लडाईमा परी बल घटे तापनि राजा पृथ्वीनारायण शाहले नेपाल लिनाको इच्छा छोडेनन् र फेरि लडाई गर्नालाई सैन्य सिपाहीहरू जगाई उद्योगमा नौ दश वर्षसम्म लागिरहेका थिए । यता राजा जयप्रकाश मल्लले गोरखाका राजाको कत्ति डर नमानी बहुतै आनन्दसंग राज्य गरिरहेका थिए ।

अघि कान्तिपुर शहर बनाउने राजा गुणकामदेव-का पालामा कुमारदेवता प्रसन्न भई स्वप्नवाणी दिए-अनुसार परचक्रभय, देशोपद्रव आदि निवारण होओस् भन्नाका निमित्त उस ताकदेखि विष्णुमतीको तीर कंकेश्वरी लुटीदेवीका स्थानसमीपमा वारिपारि दुइ टोल भएर प्रतिवर्ष ज्येष्ठ महीनामा सिठीसंम पक्षभर केटाकेटी ठूलासाना मानिस जम्मा गरी ढुंगाको प्रहारद्वारा युद्धको खेल गर्ने रीत सबै राजाका पालामा चलिरहेकै थियो । यी राजाले मनाही गरिदिंदा रात्रीमा भएको तीनपटकको भयंकर शब्द राजा प्रजा सबैले सुने । यो कुरो मनाही गर्न हुँदोरहेनछ भनी फेरि सिठीसंम अघिकै रीतले युद्धको खेल गराए ।

नेपाली संवत् ८८० भाद्र वदि ११ का दिन ललितपत्तनका राजा विश्वजित् मल्ललाई चाकुवाहालका काजीका छोराले कुल गरी परलोक गराए । अनि जयप्रकाश मल्ललाई ललितपत्तनमा लगि राज्याभिषेक दिए । अब यी राजाले दुवै शहरको भोग गर्न लागे । अघि आफूले कान्तिपुरमा बाहिर राखेकी स्त्रीलाई

मित्याई स्त्री तुल्याउने पाटनका जोसीलाई मार्ने नियत गरे । अनि टक्सारको काम दिन्छु भनी फुक्याउन लाग्दा त्यस धन जोसीले राजाको मतलब बुझी वहुतै डरायो । अनि भींख्वाल काजीका शरणमा गयो । ती काजीले त्यस जोसीलाई शरण लिई यी राजालाई टेकुदोभानतिर हावा खान गएका बखतमा उतैबाट कान्तिपुरतिर धपाए । अनि भक्तपुरका राजा रणजित् मल्ललाई ल्याई ८८२ साल ज्येष्ठ महीनामा राजा गराए । रणजित् मल्लले राजकाज गरेको पनि प्रधानहरूले निको नमानी भक्तपुरमै धपाए । फेरि कान्तिपुरमा आई जयप्रकाश मल्लका शरण परी ललितपत्तनमा लगेर राजा गराए । उनले पनि ६ महीना-संम राज्य गरे ।

काजीहरूसंग चित्त नमिले पनि मिले झैं गरी मनमा ती काजीहरूमाथि दगा राख्दै जयप्रकाश मल्ल कान्तिपुर आए । इन्द्रचोकका घरमा बस्ने देवानन्द उपाध्याय भाजुलाई ललितपत्तनमा पठाएर सत्यवाचा गर्न लगाई धालाछेका काजी धनवन्त भिमख्वाल धनप्रभृति प्रधानहरूलाई बोलाएर कान्तिपुरमा ल्याए । अनि यी राजाले सत्य छाडी सबै काजीलाई बन्धनमा राखे । भिमख्वाल धन काजीले जयप्रकाशका बन्धनमा रहनेछैन, पृथ्वीनारायणलाई सलाम गर्नेछैन भन्ने प्रतिज्ञा गरेका हुनाले बन्धनमा पर्दा कम्मरबाट शस्त्र झिकी मुटुमा रोपेर प्राणत्याग गरे । अरू पाँच जना काजीहरूलाई फरिया लगाई पाता फर्काएर दिनदिनै शहरमा घुमाई पसलपीछे एक मूठी चिउरा मागेर खानेसम्मको शासना दिई राखे । ती काजीका स्त्रीहरूले माया गरी खानेकुरा खुवाउन आउँदा ती प्रधान्नीहरू सबैलाई पत्री डंकिनीको भेष गराएर आआफ्ना पतिसंग राखी ढोकाढोकामा मरे जस्तै गरेर घुमाई इज्जत लिएर ठूलो फजियत गरी छाडिदिए ।

यिनै ताका पाटन शहरमा केही काल राजा पृथ्वी नारायण शाहलाई र त्यसपछि उनका भाइ दलमर्दन शाहलाई राजा बनाए । पछि उनलाई पनि धपाई ठाकुर तेजनरसिंहलाई राजा थापे । यता कान्तिपुरको मोहन-चोकमा शीतला प्रवेश भई राजाका पुत्र ज्योतिप्रकाश मल्ल परलोक हुँदा आफ्ना कुलका रीतले पलङमा राखी राजश्मशानमा लगी जलाए । यसपछि काजीहरूले तेह्रौते ब्राह्मणहरूलाई नसहंदा ती ब्राह्मणहरू नवकोटमा गई राजा पृथ्वीनारायणसंग मिल्ने । यसै बखत भक्तपुरका राजाले विश्वकेतुको यात्रा हेर्न जाने कान्तिपुरवासी प्रजा-हरूलाई हेर यिनको ठस्सा कति ठूलो भनी नसहेर थुनामा राखे । राजा जयप्रकाश मल्लले रिसाएर घुर्की लगाई पठाउँदा रणजित् मल्लले डराई थुनिराखेका सबैलाई छाडिदिए । यी राजाले यही रिस मनमा राखी शतवीज छर्न आउने भक्तपुरका प्रजाहरूलाई तीन महीनासम्म थुनेर धेरै रुपियाँ आम्दानी गरी छाडिदिए ।

यी राजाले लडाईं गर्नालाई मधिसे फौजहरू पाली फौज बढाइराखेका थिए । तिनीहरूलाई खाने खर्च तलब धेरै दिनुपर्दा अघि ललितपत्तनका राजा विष्णु मल्लले चाँदीको जलहरी बनाई श्री पशुपतिनाथलाई अर्पण गरेको पनि झिकी लगे । फेरि धन गाडेको छ भनी श्री पशुपतिनाथका दक्षिण दरवाजासन्मुखको धर्मशिला उठाई सुनले जलप सारेका त्यस ठाउँका धातुका भाँडावर्तनहरू झिकी सिपाहीहरूलाई तलब दिए । जयवागीश्वरीका भण्डारभित्रको धन पनि खर्च गरे । यस्तै अरू ठाउँका देवालयहरूका गजूर झिकेर देवताहरूको धन बेची खर्च तुल्याए । यी राजाले त्यो द्रव्य लिंदा मेरो जित होओस्, देवताहरूको द्रव्य मैले लिएभन्दा दुगुना गरी चढाउँला भनी लिएका हुन् । यस्ता प्रकारले देवताहरूको धन जम्मा गरी त्यही धन खर्च गरेर पार्थिवपूजा गराए । तुलजादेवीको स्थानको जग पुरानो भयो भनी नयाँ बनाएर प्रतिष्ठा गरे । त्यसमा भीमसेन आदि धेरै देवताहरूलाई निमन्त्रणा गरी ठूलो उत्सवका साथै धेरै नाचगान गराएर यात्रा गराए । सिंभूको लिंगो बिग्रंदा नयाँ बनाई बौद्धमार्गीबाट फेराए ।

यिनै ताका पंचलिंगभैरवका स्थानमा एक ज्यापूका शरीरमा देवता प्रवेश भई भैरवका शिलामूर्तिमाथि पलेटी मारी काप्न लागे । त्यहाँ रहने मानिसहरूले तिमी को हौ ? भनी सोद्धा जयप्रकाश मल्ललाई डाकी ल्याऊ, उनैलाई कहुँला भनी जवाफ गरे । सो खबर दरबारमा पुग्दा राजाले अहंकार गरी भोज खाई मदले मात्तिएको ज्यापू हो, त्यसलाई नमारिछोड्दिन भनी नासलचोकमा ल्याएर को होस् भनी सोद्धा केही भन्न सकेन । कामिरहेको त्यस ज्यापूलाई टुपी समाई शासना गर्दै हात्तीको खम्बामा बाँधेर राख्दा रातमै मर्‍यो । भोलिपल्ट त्यस ज्यापूको सर्वस्व लिए । फेरि अर्को ज्यापूमाथि देवता प्रवेश हुँदा यो खबर सुनेर राजा सवारी भई सोद्धा "जसमाथि हामीले प्रवेश गरिराखेका थियौं यसलाई हेला गरी मारिस् भने अब

तैंले राज्यको आश नगर" भनी राजाले आफ्नो मुख नदेख्ने गरी राजातिर पिठिउँ फर्काएर जवाफ दियो। राजाले अनेक प्रकारले बुझाउँदा पनि प्रसन्न गराउन नसक्का फर्की दरबारमा गए।

त्यसै दिनका सपनामा कोमारीदेवीले दर्शन दिंदै भनिन् "जयप्रकाश, तंलाई वरदान दिनाका निमित्त त्यस ज्यापूका शरीरमा प्रवेश गरेकी थिएँ। तैंले मलाई हेला गरी त्यस ज्यापूलाई मारिदिइस्, अब तं यो राज्यको आशा नगर। तंलाई जिती शत्रुले राज्य गर्नेछ।" रिसाउँदै देवीले यति भनिन्। राजाले बहुतै दिक्क हुँदै बिसायस बलि दिई पूजा गरे। यी देवीलाई सन्तुष्ट गराउँछु भनी वास्तुचक्रका प्रतागले कुमारीको घर बनाए। सुन्दर रथ बनाएर गणेश र वटुकभैरवसहित कौमारी-देवीको यात्रा गरी इन्द्रयात्राका नाउँले प्रतिवर्ष चलाए।

यी राजाले सिन्धु सिपाबाट लश्कर पठाई भाद-गाउँसंग लडाई गर्न नालदुममा आई जितपुरको कोट घेरे। राजा पृथ्वीनारायणसमेतसंग लडाई हुंदा यिनका लश्करले जिती लघारे। एकला भई आत्तिएर भाग्न लागेका राजा पृथ्वीनारायण शाहलाई देखी खेतमा काम गर्न लागेको भक्तपुरे ज्यापूले बोकी भक्तपुरका दरबारमा पुर्‍यायो। भोलिपल्ट त्यस ज्यापूलाई खोजेर शिरपाउ दिई क्वारा, बेठी, उघाउनी, पुघाउनी, पोतालगा-यत माफको बिर्ता दिए। अनि राजा पृथ्वीनारायण शाह भक्तपुरबाट गोरखा फिरे। केही कालपछि पृथ्वीनारायण शाहले नेपालबाट अबाले, बोसी, कर्मीहरूलाई झिकाई नवकोटमा दरवार वनाएर बसे। नवकोटका भैरवी आदि देवदेवताका स्थानमा पूजा, पाठ, पुरश्चरण आदि गरी शुभ साइतमा प्रस्थान गरे। ठाउँठाउँमा ठाना राखी आउँदा पहिले धूलिखेल, बनेपा, खड्पु, चौकोट, पनौती, पांगा, सांगासमेत ७ गाउँ जिती लिए। त्यसपछि पश्चिमपट्टि दहचोक भीमढुंगाबाट आई थानकोट, पांगा र नगाम जिती कीर्तिपुरमाथि चढाई गरे। कीर्तिपुरमा ललितपत्तनका काजी तौधिक सैंख्वालहरू गई कोटमा बसेका थिए। गोरखाली फौजहरूले उनीसंग लडाईं गरी कीर्तिपुरमाथि घेरा दिए। ढोकाबाट बाहिर निस्कन नदिएका र शहरबाट पनि फौजहरू केही मद्दत नआउँदा संवत् ८८६ नष्ट चैत्र शुदि नवमीका दिन रात्रीमा कोटमा रहनेहरू मध्ये कुनै कुनै चलाक मानिसले गोर्खातर्फ मिली उनीहरूलाई कीर्तिपुरमा प्रवेश गराए। गोरखालीहरूले पनि सामुन्ने फेला परेका जति मानिसहरू मारे। भोलि-पल्ट अघि शूरप्रताप शाहको एक आँखा जखम गरेका ईबीले कीर्तिपुरका बाह्र वर्षदेखि माथिका फेला परेका लोग्नेमानिसहरू सबैको नाक काटे। त्यस हुलमा लुक्ने भाग्नेहरूको मात्र नाक बच्यो।

संवत् ८८७ पौष वदि ११ रोजका रात्रीमा प्रजाहरू जम्मा भई चिराक बालेर शहरमा प्रवेश गराए। त्यसपछि शहरलाई घेरा दिंदा श्री पशुपतिनाथका अनुग्रहले र भक्तपुरका कौमारीका हातबाट फूलप्रसाद पाएका प्रभावले राजा पृथ्वीनारायण शाहको भाग्य सहाय भयो। देवपत्तनमा प्रवेश हुँदा ठूलो जय शब्द भयो र श्री पशुपति-नाथलाई पंचामृतले स्नान गराई नित्यपूजा गरेको देखे। अनि नित्य पंचामृतले स्नान गराउने गूठी राखिदिए। त्यो रीत अद्यापि चलेकै छ। यी राजा पृथ्वीनारायण शाहको श्री पशुपतिनाथमा ठूलो कीर्ति यही हो।

नेपाली संवत् ८८७ आषाढ शुदि १ का दिन अहोरात्रभरमा २१ फेरा ठूलो भूकम्प गयो। यसै साल भदौ महीनामा राजा जयप्रकाश मल्लले इन्द्रयात्रामा कौमारीदेवीको रथारोहण गराई देश घुमिरहेका अवस्थामा मौका पाई राजा पृथ्वीनारायण शाह कान्तिपुरभित्र प्रवेश गरे। यो कुरा थाहा पाएर जयप्रकाश मल्लले दुइचार घडीसम्म युद्ध गर्दा पनि गोरखालीलाई हटाउन सकेनन्। अनि देवालयहरूका जगजगमा बारुद बिच्छ्याई कान्तिपुर शहर छोडेर पाटनका राजा तेजनरसिंहकहाँ गए। यता लड्न लागेका तुलाराम पाँडे आदि केही वीर बारुदले पोलिएर मरे। यस्ता प्रकारले विक्रम संवत् १८२५ शाके संवत् १६९० नेपाली संवत् ८८८ भाद्र शुदि १४ रोज १ पूर्वाफाल्गुनी नक्षत्र गण्ड योगका दिन १७ घडी रात जाँदा बडा प्रतापी गोरखाका राजा पृथ्वीनारायण शाह कान्ति-पुरमा प्रवेश गरी राजगद्दीमा बसे। कौमारीदेवीको यात्रा पूर्णिमाका दिन यथाक्रमले पूरा गरे।

त्यसपछि आश्विन वदि ७ का दिन पाटनका राजा तेजनरसिंह मल्ल र राजा जयप्रकाश मल्ल दुवै जना पाटनबाट भागी भक्तपुरमा गए। पाटनका काजी सैंख्वाल धन भोजनरसिं सिमचा र सिपाहीहरू पनि सब जना भक्त-

पुरमा गए। त्यसपछि मिश्रज्यू बाहाबल रानाहरू पठाई पाटनका काजी र प्रजाहरूसंग सलतनत गरी नेपाली संवत् ८८९ पौष महीनामा राजा पृथ्वीनारायण शाहले पाटनमा प्रवेश गरी सिन्दूरयात्रा गरेर कान्तिपुर फिरे। त्यसपछि पाटनका छ प्रधानहरूका सन्तान मासी निष्कण्टक राज्य गरे।

## भक्तपुर वर्णन।

राजा जय यक्षदेव मल्लका तीन छोरामध्ये जेठा जय रायदेव मल्लले उनका शेषपछि राज्य भोग गरे। उनले तपपालटोलमा देवालय बनाई स्थापना गरेका त्रिगुणांश दत्तात्रेयको नित्यपूजा चलाउनालाई धेरै खेत गूठी राखी सन्यासीलाई अधिकार सौंपेर मठसमेत बनाइदिए।

यिनका पुत्र जय सुवर्णदेव मल्लको राज्य भोग…। यी राजालाई जय भुवनदेव मल्ल पनि भन्दछन्। यिनका पाला संवत् ६३३ मा ठूलो अनिकाल प्रवृत्त भई खान नपाउँदा भक्तपुरनिवासी धेरै प्रजाहरू दशदिशा लागे। यिनले भाइसंग विरोध गरी भक्तपुर र वन्यपुर दुवै शहरको भोग गरे। कान्तिपुरका राजाले धेरै देवीगणहरूको नाच नचाई प्रचार गरे भन्ने सुन्दा यिनले भक्तपुरमा नवदुर्गागणको र बोडेगाउँमा महालक्ष्मीदेवीको नानाविधानसंयुक्त नाच खडा गरी नियमपूर्वक प्रकाश गराए। आफ्ना शहरका लगामा भएका टोलगाउँहरू समभाग गरी भोग गरे। यसरी समभाग गरेका गाउँहरू ठिमी, नगदेश, बोडे, साँखु, चाँगु, श्रीगाउँ १, भक्तपुर राजधानी शहर १ र बनेपुर आदि ७ गाउँ हुन्। यसरी तीन भाग गरी भोग गर्दैमा परलोक भए।

यी राजाका पुत्र जय प्राण मल्लको भोग वर्ष…।

यिनका पुत्र राजा जय विश्वजित् मल्लको राज्य भोग वर्ष…। यी राजाले कान्तिपुरका राजालाई बक्साई देवपत्तनमा आएर श्री पशुपतिनाथका चारै दिशामा यथाक्रमले चांगुनारायणप्रभृति नारायणहरूको आवाहन र स्थापना गरी जलशयनका साटो वासुकिलाई माने। यसरी श्री पशुपतिनाथमा चार नारायण स्थापना गरेका सालमा ठूलो वर्षा हुँदा पर्वतको पहिरो आई इचंगुनारायणको स्थान ढाकिदियो। इन्द्रचोकमा बस्ने सहस्रशिवानन्द नाउँ गरेका ब्राह्मणले विष्णुमतीमा बगाई ल्याएको नारायणको मूर्ति पाए। अब त्यही मूर्ति इचंगुमा स्थापना गर्छु भनी पहिरो भत्केर छोपिएको पत्साईं हेर्दा अघि स्थापना गरेका नारायणको आसन पाइयो र विधिपूर्वक नारायणको स्थापना गरिदिए। त्यसैले उनका सन्तानभरको देवाली-पूजा इचंगुनारायणमा आजतक चलेकै छ। यी ब्राह्मणले इन्द्रचोकमा आफ्ना इष्टदेवताको स्थापना गरी आफ्नो सालिकको रूपमा मूर्तिसमेत राखेका छन्।

यी राजाका पुत्र जय त्रैलोक्य मल्लको राज्य भोग वर्ष…।

यिनका पुत्र जगज्ज्योति मल्लको राज्य भोग वर्ष…। यिनका पालामा पूर्वबाट ल्याएका माससित मिसिएको एक गेडा मकै दरवारभित्र आयो र गुणीजनलाई देखाउँदा गुणीजनले यो मकै दुर्भिक्ष वस्तु हो भनी विन्ति गरे। अनि पूर्वैतिर पठाई शान्तिनिमित्त ब्राह्मणभोजन गराए। यिनका खलकपट्टि तुलजा जगाउने मन्त्र थिएन, कान्तिपुरका सन्ततिमा मात्र थियो। तसर्थ यी राजाले बहुतै भावनासित देवीको सेवा गर्दा देवीले सपनामा भनिन् "राजन्, तिमीले स्त्री जातिलाई कहिले पनि नदेखाई यसै विधिले भक्तिपूर्वक पूजा गरेर स्थापना गरी राख्न सक्यौ भने तिमीसित दिनको एक फेरा पासा खेलन आउँछु" यस्तो तुलजाबाट आज्ञा हुँदा यिनले गुरुसित सल्लाह गरी देवीको आज्ञाबमोजिम हीराको यन्त्र बनाई प्रतिष्ठापूर्वक पूजा गरी राखे। तुलजा पनि त्यसपछि रोजरोज एकपल्ट आई राजासंग त्रिपासा खेल्दथिन्। केही कालपछि यी राजाकी पुत्री गंगादेवीले छलकार गरी साँचो चोरेर ताल्चा खोली पूजा गरिन्, अनि ताल्चा लगाई साँचो अघिकै ठाउँमा राखिदिइन्। अर्को दिन राजाले अघिकै रीतले त्रिपासा खेल्न जाँदा देवी प्रत्यक्ष भइनन्। अनि बहुतै विलाप गरी भक्तिपूर्वक विन्ति गर्दा अकस्मात् आकाशवाणी भयो "राजन्, अब उप्रान्त तिमीले मेरो प्रत्यक्ष दर्शन गर्न र बोली सुन्न पाउनेछैनौ। किनभने तिम्री पुत्री गंगादेवीले साँचो चोरी मेरो दर्शन गरेर पूजा गरी छोएकी छन्। तसर्थ अबउप्रान्त म चाण्डालजातिका पुत्रीका अङ्गमा प्रवेश गरेर मात्र बोल्दछु।" यस्तो आकाशवाणी सुनी सबै शास्त्रहरू हेर्दा कर्मचाण्डालजाति सुनार काम गर्ने बाँडाजात हो भन्ने ठहराए। त्यसैले बाँडाका छोरीलाई कुमारी तुल्याई पूजा गर्ने गरे। कुमारीबाट बखत बखतको शुभाशुभ फल निर्णय गर्ने गरेको रीत आजतक चलेकै छ।

त्यसपछि यी राजाले भक्तपुर शहरमा आदिभैरवको पूजा मान्यता गरी ठूलो लिंगाकार बनाएर अघिल्ला दिन उभ्याई भोलिपल्ट शत्रुहन्ताका क्रमले लिंगो ढाल्ने गरे । टोलप्रति गणेशहरू र दुर्गाहरूको रथारोहणयात्रा गराई मेषसंक्रान्तिका दिन बिस्केट नाउँ गरी प्रतिवर्ष यात्रा गराए । यिनले आफ्ना लगा ठिमी आदि गाउँहरूमा पनि अनेक देवदेवीहरूको रथारोहण यात्रा गराए । भक्तपुरमा कालीदेवीको रथारोहणयात्रा गराई भैरवनाथलाई सबै शक्तिविषयक गमनेच्छारूप लीलाका भावले कालीको र भैरवको रथ परस्पर जुधाउने गराए । यी भैरवको रथ बनाउँदा पांग्रा बनाउनालाई कान्तिपुरका राजासंग बक्साई श्लेष्मान्तक वनका रूख ल्याउने रीत चलाए । यी राजा जगज्ज्योति मल्ल बहुतै पढेका र कविताशक्ति समेत भएका तथा गानविद्यामा रसिकसमेत हुनाले स्वरोदयदीपिका आदि गरेका धेरै ग्रन्थहरू बनाए । पण्डितहरूका चर्चाले जीवनकाल बिताई आखिर परमधाम भए ।

यिनका पुत्र नरेश मल्लको राज्य भोग वर्ष—।

यी राजाका पुत्र जगत्प्रकाश मल्लको राज्य भोग वर्ष—। यी राजाले राजधानी भक्तपुरका पूर्वपट्टि हनूमती नदीका तीरमा हनूमान्को साधना गरी ठूलो घाट बनाए । धेरै मूर्तिहरू स्थापना गरी हनुमान्घाट भन्ने नाउँले प्रसिद्ध गराए । यिनैका समयमा दरसिंह भारोले नेपाली सवत् ७१५ पौष वदि ३ मा भीमसेनको मन्दिर बनाई सिंहढुङ्गाका सिंहमा कीर्ति लेखाए । यिनले नेपाली संवत् ७८२ मार्ग शुदि २ का दिन विमल स्नेहमण्डप बनाई भवानीको प्रीति गरेर आफैले वर्णनात्मक पञ्चगीत बनाई सो गीत र मण्डपका निम्ति बीस रोपनी खेत गूठी राखे । भक्तपुर दरवारका सन्निधानमा भवानीशंकरको दुई छाना भएको देवालय बनाएर प्रतिष्ठा गरी नित्यपूजा चलाए । दरवारैमा नारायणचोकका नारायणको गरुडध्वज भएको खम्बा बनाएर नारायणको ललितगीत बनाई राखे ।

यी राजाका पुत्र जितामित्र मल्लको राज्य भोग-वर्ष—। यिनले संवत् ८०२ मा दरवारका सान्निधानमा हरिशंकर देवलाको स्थापना गरी बनाएको लापदेवल १, दुई तला छाना भएका देवालयमा स्थापित सुनका महादेव भएको दर्मा सत्तल नामक धर्मशाला १, त्यसै सत्तलका पूर्वतिर नारायणको मूर्ति स्थापित भएको देवलसहित सत्तल १, दत्तात्रेयस्वरूप भएका नारायणको देवालय १, मगीलका मनि पूर्वतिर नारायणको मूर्ति स्थापित भएको सानो देवल १ र पशुपतिदेवल नाउँ गरेको दुई तला भएको देवल १ समेत जम्मा ६ कीर्ति दरवारका समीपमा बनाए । प्रति कीर्ति गरी संवत् ८०३ ज्येष्ठ शुक्ल पूर्णिमाका दिन यो सबै बेहोरा शिलापत्रमा लेखाए ।

यी राजाका पुत्र भूपतीन्द्र मल्लको राज्य भोग वर्ष—। यी राजाले दुई चोक बढाई पचपन्न झ्याल राखेर दरवार बनाए । उस ताका कसैसित नभएको ऐना कुनै मानिसले बडो कष्टले ल्याई राजालाई चढाउँदा त्यो ऐना राखेर झ्याल बनाई दरवार बढाए । त्यस दरवारका ढोकामा दायाँबायाँ पत्थरका हनूमान् र नृसिंहको मूर्ति राखी सो दरवार बहुत शोभायमान गराए । यस्ता प्रकारसित यी राजाले दरवारमा नौ चोक बनाई बडो सोखसंग अतिसुन्दर श्रीखण्डको झ्याल जडेर मातलिचोक नाउँ राखी त्यसमा शिलापत्र पनि राखे । शिलापत्रमा यस्तो बेहोरा लेखिएको छ :—

**याते नेपालिकाब्दे नगशशिवसुभिः फाल्गुने शुक्लपक्षे**
**दुर्गादेव्यास्तिथौ भे मृगशिरसि बुधे वासरे कुम्भयोगे ।**
**प्रासादं प्राकरोद्वै विविधसुरतनुं प्राप्य तोयप्रणालीं**
**कृत्वा श्रीभूपतीन्द्रो निजकुलजननीप्रीतये यज्ञसांगम् ।**
**मातलीचतुरस्रं वा अमयं दर्शनं विदुः ।**
**भूयो नवीनभवनं भूपतीन्द्रेण निर्मितम् ।**
**भैरवं शिखया युक्तं हरिशंकररूपिणम् ।**
**लक्ष्मीनारायणं राज्ञः प्रणाल्युपरि निर्मितम् ।**
**नृसिंहं च हनूमन्तं नागं गरुडमूर्द्धतः ।**
**द्वारि नारायणं स्थाप्य वैकुण्ठं निर्मितं गृहम् ।**
**विहितप्रतिपादनाच्छुभं प्रतिषिद्धक्रियया-नुपातकम् ।**
**परकीययशोभिरक्षणं मनुजेन्द्रेण सदव भाविना ।**

यिनै राजाका पालामा पश्चिम मोहडा दक्षिण-उत्तर लामो ऊचो गरी तीन तला छानाले युक्त भएको

दुनियाको पाप कष्ट नाश गर्न र देशको रक्षा गर्न भैरवको देवालय बनाई स्थापना गरे। उहाँपछि यी भैरवले बहुत दुःख दिँदा पण्डित ज्योतिषीहरू र बडाबडा तन्त्रमन्त्रको साधनामा कुशल भएका मानिसहरूलाई आफ्ना दरवारमा बोलाएर यी राजाले सल्लाह गरे "गुणीजनहो, यी भैरवलाई कुन विधिले शान्त गर्ने हो ?" राजाको यस्तो आज्ञा सुन्दा गुणीजनहरूले विन्ति गरे। "यी भैरवले मान्नुपर्ने मन्त्रका अधिष्ठाता देवताको देवालय बनाई स्थापना गरेमा शान्त होलान्।" त्यसपछि स्थिर लग्न सुसाइतमा जग बसाएर आरम्भ गरी पाँच तला सिंढीका अगाडिमा सिंह शार्दूल, हात्ती, घोडा, जयध्वज, पताकाहरूको मूर्ति भएको चारैपट्टि अग्राखका थाममा अनेक मूर्ति लेखिएको पाँच तला छाना भएको हेर्दा शहरभरमा सबभन्दा अग्लो टाढैबाट देखिने भैरवनाथको भन्दा ऊचो यस्तो अत्यन्त राम्रो देवालय बनाई त्यसमा भैरवले मानिएका ईश्वरीको गुप्त चालले तन्त्रोक्त विधानपूर्वक स्थापना गरी भैरवनाथलाई शान्त गराए।

यिनैले दरवारभित्र कौसीमा देवालय बनाई वाराही, कौमारी र वैष्णवीको सुन्दर मूर्ति स्थापना गरे। पुत्र रणजित् मल्लसमेत भई भैरवका देवालयमा सुनको छाना बनाई शोभायमान गराए। संवत् ८२० मा दरवारका सन्निधानमा वत्सलादेवीको देवालय बनाई कोटचाहुतिपूर्वक स्थापना गरेर अर्पण गरेका घण्टाको खम्बा बिग्रेको हुनाले पछि ८३८ संवत्मा त्यो खम्बा फेरि नयाँ बनाए। तलेजुका स्थानमा सुनको छाना बनाएर सुनैको एघार गजूर बनाई मूलचोक सुन्दर गरे। विश्वयात्राको रथ पहिलेको भन्दा ठूलो बनाए। तुलजाप्रीतिका निम्ति आफ्नो मूर्ति स्थापना गर्न खम्बा खडा गर्दा भाँचियो र राजाको मन बहुतै दिक्क भयो। पछि राजा जयप्रकाशसंग तैलकारहरू मागी कान्तिपुरका तैलकारहरुद्वारा खम्बा जोरेर तयार हुँदा राजा बहुतै खुशी भए र तिनीहरूलाई धेरै खिल्लत दिई बिदा गरे। फेरि ठूलो घण्टा बनाई तुलजाप्रीत गरे। यिनले तीनफेरा कोटचाहुति यज्ञ पनि गरे।

यी राजाका पुत्र रणजित् मल्लको राज्य भोग वर्ष——। यी राजा बहुतै बुद्धिमान् र बहुतै संचयशील हुनाले आफ्ना नाउँका धेरै मोहरहरू बनाई भोट लासा पठाएर त्यहाँबाट सुनचाँदीहरू ल्याई धेरै धन जम्मा गर्दथे। दरवारमा धेरै चोक बनाई त्यहाँ जातजातका वस्तुहरूको धेरै संचय गर्दथे। यिनले भैरवका देवालयमा सुनको ढोका र छाना बनाए। यिनका पालामा तीन शहरका राजाहरूमा दुइ दुइ शहरका राजा मिली कहिले कान्तिपुरसंग मिली ललितपुरसंग लडाई गर्ने र कहिले कान्तिपुर ललितपुर मिली भक्तपुरसंग लडाई गर्ने यस्तै विरोध बराबर हुन्थ्यो। तिनै ताका गोरखाका राजा पृथ्वीनारायण शाह आई यी राजाको चाकरी गरेर ३ वर्षसम्म रहे। त्यस वेला यिनको शुन्याइँ र बुद्धिमत्ता विचार गरी आफ्ना पुत्र बीरनरसिंहसंग मित्रता गराए। यिनी गोरखाका राजालाई पुत्र भनी ठूलो प्रेम गर्थे। दशैंका टीकामा कौमारीले पूजा र भोजन ग्रहण गरेपछि कौमारीका हातबाट नीलकमलको फूल राजालाई दिनुपर्ने रीत अघिदेखि चलिआएकोमा यस साल सो फूलप्रसाद भक्तपुरका राजालाई नदिई उनका आसपासमा रहने राजा पृथ्वीनारायण शाहलाई दिइन्। त्यसपछि भक्तपुरका राजा र प्रजाहरू सबैले भगवतीबाट नेपालको राज्य यिनैलाई दिनुभयो भनी भन्न लागे। पृथ्वीनारायण शाहले पनि कौमारीबाट फूलप्रसाद पाई ३ वर्षसम्म बस्दा नेपालमा जो भएको चालचलन सबै बुझेर राजा रणजित् मल्लसंग बिदा भई गोरखातर्फ प्रस्थान गरे।

यी राजा रणजित् मल्लले दरवारभित्र धेरै चोक बढाए। त्यहाँ आवरणसहित देवताको मूर्ति प्रकाश गरी देवीको सुनको सुन्दर दरबाजा बनाए। ईश्वरी प्रीति गरी दरबारबाहिर ठूला दुइ नगरा स्थापना गरेर हररोज बजाउन लगाए। यी राजाका बाहिरिया स्त्रीपट्टिका सात बाहालमा रहेका छोराहरूले "राजकुमार वीरनरसिंह के गरे मर्ला ? यो छउँजेल हामीले राज्य र धन पाउँदैनौं" भनी बडा बडा जान्नेहरूसंग गुप्त मतो गर्दा निमकहराम एक जनाले कोटचाहुति यज्ञ गरी राजकुमार वीरनरसिंहको जीवआकर्षण मन्त्रले होम गरे छ महीनाभित्र अवश्य मर्छ भन्ने उपदेश गर्दा मित्रसंचो कसैलाई थाहा नदिई ती सातबाहाले राजलवटहरूले सूर्यवंशीको कुलच्छेद गर्ने मतो जमाए। अनि राजा रणजित् मल्लसंग गई दुनियाहरूको दुर्भिक्ष हरण भई सुवृष्टि र हजूरको पुण्यवृद्धिको निम्ति कोटचाहुति यज्ञ गरौं भनी विन्ति गरे। कालस्वरूप भएका ती छोराहरूको कुरा असल हो भन्ने ठानी यज्ञको सरदाम तयार गरेर कोटचाहुति आरम्भ गरे। राजकुमार वीरनर-

सिंह नाश हुने गरी अनेक मन्त्रले आहुति दिएर यज्ञ सिद्ध गर्दा अकस्मात् बत्तीस लक्षणले संयुक्त भएका राजकुमार वीरनरसिंह परलोक भए। यो कुरा राजकुमारकी स्त्रीले थाहा पाउँदा बहुतै विलाप गरिन्। यसरी यी राजाको बुद्धि भ्रष्ट भई बाहिर बहुतै स्त्री राखेका हुनाले यस्तो धोका पाए। पछि अपशोच मानेर यी राजाले पुत्रको नाउँले लामोपाटी भन्ने धर्मशाला बनाई कृष्णार्पण गरे। अन्तमा गोरखाका राजाको प्रवेश भएपछि आफू काशीवास गए।

यिनका पुत्र राजकुमार वीरनरसिंह मल्लले राज्य गर्न नपाई त्यसै परलोक भए। यी राजाहरूमा सिमांगढबाट नेपालमा तुलजाभवानीलाई ल्याउने राजा हरिसिंह देवदेखि यी काशीवास हुने राजा रणजित् मल्लसंम पुस्ता गन्ती गर्दा ठहरेको जम्मा पुस्ता २३ र तुलजालाई सरयूबाट झिकी उनैका आज्ञाप्रमाण सिमांगढमा ल्याई स्थापना गरेर पूजा गर्ने राजा नान्यदेवदेखि राजा रामसिंह देवसम्म गन्ती गर्दा ठहरेको पुस्ता ५ जम्मा पुस्ता २८। यी २८ पुस्ता राजा भई २९ पुस्तामा वीरनरसिंह जन्मदा तिनीहरूको राज्य नष्ट भई नेपाल शहरमा नान्यदेवका सन्तति गन्ती गर्दा २७ पुस्तासम्म तेरा सन्ततिमा राज्य रहला, २८ पुस्ता पुगेपछि पश्चिमबाट वैरी आई राज्य गर्ला भन्ने ईश्वरीको आज्ञा थियो। त्यहीअनुसार राजा हरिसिंह देवबाट भास्कर मल्लसम्म गन्ती गर्दा २५ पुस्ता हुन्छ। उनका दौहित्रमा राजा जगज्जय मल्ल, उनका छोरा राजा जयप्रकाश मल्ल र उनका पनि छोरा ज्योतिप्रकाश मल्लसमेत जम्मा ३ गरी जम्मा २८पुस्ता हुन्छ। अठ्ठाईसौं ज्योतिप्रकाश मल्लले पनि केही वर्ष राज्य गरेपछि गोरखेको प्रवेश हुँदा मल्लहरूको नेपालको राज्य नष्ट भएको हो।

गोरखाका महाराजले कान्तिपुर दखल गरेपछि उता कान्तिपुरका राजा जयप्रकाश मल्ल र पाटनका राजा तेजनरसिंह मल्ल दुवै राजा सरासर भक्तपुरका दरबारमा गए। तेपाचो ढोकाबाट शहरभित्र पसी दत्तात्रेयका मठमा जाँदा त्यहाँका मठधारी गोसाईंहरूले बिछ्याउना दिई उहीं रखेका थिए। यो खबर त्यहाँका राजाकहाँ पुग्दा काजी प्रधानहरूलाई बोलाई मूलचोकमा सल्लाह गरे। प्रधानहरूले शरण लिनु योग्य छ भन्दा राजा रणजित् मल्लले भने "हिजो तिनीहरूले हामीलाई र हाम्रा प्रजाहरूलाई बडो दुःख दिएथे। उता गोरखाका राजाबाट पनि हामीले लगारी ल्याएको मृग त्यहाँ आएको छ सौंपिदेऊ भन्ने लालमोहर पठाएका छन्, अब कसो गर्ने हो ?" प्रधानहरूले "महाराज, त्यसो होइन, हिजोको कुरा हिजै गयो। आज भयले भागी आएका क्षत्रीलाई क्षत्री भई कसरी सौंपनुहुन्छ ? राजा जस्तो शरणमा आएपछि शरण लिने हो, सौंपने होइन" भनी सबै प्रधानहरूले बिन्ति गर्दा फेरि राजाले भने "हुनत हामीले त्यसै गर्ने हो, मेरो चित्तले पनि त्यस्तै ठहराएको छु, तर प्रजाहरूले मान्नेछैनन्। तसर्थ टोल टोलमा प्रजाहरूलाई सोधनी गर।"

प्रधानहरूले उत्तिखेर छरिता मानिसहरू खटाई सोधनी गर्न पठाए। उनीहरूले टोल टोल, दोबाटो दोबाटामा बसी सोधे "प्रजा भलादमी हो, महाराजबाट एउटा कुरा सोधनी गर्न पठाउनुभएको छ–राजा जयप्रकाश मल्ल र तेजनरसिंह मल्ल भागी यहां आएका छन्। तिनीहरूलाई सौंपिदेऊ भन्ने गोरखाका महाराजबाट मोहर पनि आएको छ। अब हामीले सौंपिदिने हो कि भागी आएका क्षत्रियको शरण लिने हो ?" भनी चौबीस टोलमा सोधे। अनि चौबीसै टोलका प्रजाहरूले एकमुख भई करजोरी बिन्ति गरे "हिजो उनले दुःख दिए तापनि उनले गरेको उनलाई छ, हामीले गरेको हामीलाई छ। राजाहरू जस्ता शरणमा आएपछि उनीहरूलाई सौंपनु योग्य छैन।" यसबाट राजा रणजित् मल्ल खुशी भई बढिया ठहराए भन्ने संझेर इपाछेका बन्दीखानामा राखेका चोरहरू सबैलाई हिटीलिवी भन्ने ठाउँमा सारे। इपाछेमा बुइंगलदेखि झारबढार, लिपपोत, सरसफाइ गरी जो चाहिने भांडाबर्तन, बिछ्याउना र ज्यूनारको सरजामसमेत सबै तयार गरेर जयप्रकाश मल्ललाई इपाछेमा र तेजनरसिंह मल्ललाई एउटा उपाध्यायका घरमा राखे। यी दुवै राजालाई चाहिने नपुगेका सरजाम ताकिता हुँदै थियो।

रहँदा बस्दा यी तीन राजाले एकै शहरमा बसेर केही उद्योग नगरी त्यसै दिन गुजारिरहेका थिए। गोरखाका महाराजले पनि भक्तपुरमा घेरा दिए। नेपाली संवत् ८९० कार्तिक शुदि ११ रोज २ का दिन रात्रीमा नौदश घडी रात जाँदा भक्तपुर शहरको पूर्वपट्टिको मूलढोकाबाट गोरखाका महाराजको लश्करले प्रवेश गर्‍यो। ढोकामा रहेका पाटनका सेखवाल काजी र ठाकुरसिंह दुवै जना भागे। उनीहरूले ढोका छेउ बेलखालटोलमा दशबाह्र घरमा आगो लगाइदिए। त्यहाँबाट हरहर भनी कल्लोल शब्द गर्दै महालक्ष्मीदेवीका स्थानमा पुगे। त्यहाँ

आड गरी बसेपछि फेरि ब्रह्मागीरीका ढोकाबाट केही फौज आई हाडी क्षेत्रमा आड गरी बसे। यति भएपछि त्यो रात त्यसै रह्यो। जसै उज्यालो भएथ्यो हाडी क्षेत्रमा रहेका फौजले माथिल्लापट्टि सरासर आई सुकुलढोकामा भेला भएर दुवै तर्फका फौज एक भए।

त्यहाँपछि आधा फौज जगन्नाथको देवालयमा पुगी त्यहाँ आड गरेर बाटो बन्द गरी बसे। आधा फौज अर्को तर्फ आड गरी रस्ता बन्द गरी बसे। त्यस वेलामा जयप्रकाश मल्लका सिपाही नगरकोटीहरू १०।१२ जना र अरू दुइचार जनाले मूलढोकामा राखेको तोप घिस्याउँदै लगी दोबाटामा राखे। त्यसले हान्दा गोर्खाली फौजहरू जाना छानामा चढी छानैबाट बन्दूकले हान्दै आए। दरबारको हिटीचोकका छानामा पुगी उहाँ कम्पनी सबै भेला नहुँज्याल चूप लागी बसे। यस्ता तरहले ठूलो दहसत हुँदा राजा रणजित् मल्ल आफू माथिल्ला झ्यालमा बसी नगरकोटीहरूलाई हेर्न पठाए। उनीहरू बाहिर निस्कन नसकी भित्रै बसी एकाउन्न झ्यालका प्वालबाट हेर्दा ठूला निमानका छानाबाट गोरखाली एक सिपाहले हान्यो र कोठामोचेको कुममा गोली लाग्दा उल्टिखेरै मऱ्यो। ती नगरकोटी सिपाहीहरू धेरै गोली लागी मरे, दुइचार जना मात्र भागे। दोस्रा ठाउँबाट हेर्न जाने पनि गोली लागी मरे। यस बखत मूलचोक श्री तलेजुका भऱेङछेउ बसेका राजा रणजित् मल्लले यो सबै खबर सुने। उनका हातमा ढाल, खुंडा र बर्छा थिए। तेस्रो प्रहर नाघेपछि हिटीचोकका छानमा कम्पनी सबै भेला भई सबैले बन्दूक हान्दा राजा रणजित् मल्लका हातको बर्छामा गोली लागी भाँचियो। दुइ जना मानिस पनि गोली लागी राजाका अगाडिनै मरे। त्यसपछि सन्ध्याकाल भयो। त्यस बखतमा पनि छानैबाट बन्दूकले हान्दा मूलचोकमा बसेका लश्करहरू तलेजू शरण, भनी ठूलो हल्ला गर्दै भागे। त्यहाँ ११ जना मरे, धेरै घाइते भए।

त्यसपछि राजा रणजित् मल्ल जलध्वनिचोकमा गई हातपाउ धोएर श्री तलेजूका भऱ्याङबाट माथि गई उहीं बसे। अनि बिहानीपख हुँदा कुखुरा बासे। यी राजाले त्यहीं भण्डारखालमा पानी लिन पठाई स्नान पूजाहरू गरे। त्यसै अवस्थामा यी राजाका कमसल रानीपट्टिका छोरा अजितसिंहले बुबा, अब यहाँ बसी बढिया हुँदैन, चौकोटमा पाल्नुहोस्। त्यहाँ छाना पनि ऊचो छ, कतैबाट जोरिएको पनि छैन भनी विन्ति गर्दा उल्टिखेरै राजा रणजित् मल्ल चौकोटमा गए। त्यस ठाउँमा बुइंगल, चोटा, कोठा र चोकभरि नेवार प्रजाहरू र भोटे प्रजाहरू पनि धेरै बसेका थिए। चोकका वायव्यकोणका भऱ्याङबाट चढी राजा रणजित् मल्ल पहिले माथि गए। उहाँपछि तेजनरसिंह मल्ल र अरू प्रधानहरू सबै माथि पुगे। राजा जयप्रकाश मल्लले पनि पाउ उठाई भऱ्याङमा टेक्न तयार भएका बखतमा एक गोरखाली सिपाहीले बन्दूकले हान्दा उनका दाहिना पैतालामा लागी भऱ्याङमनि उत्तानो परे। अनि उनी हाहाकार गरी कराए। अघि गएका मानिसले माथिल्ला झ्यालबाट हेर्दा त्यस्तो अवस्था देखे। उनलाई त्यहीं छिडीभित्र बिच्छयाउना बिछयाई सुताइराखे। त्यो दिन त्रयोदशी सोमवारको थियो। चौकोटमा माथि पुगेका राजा रणजित् मल्ल भित्र कुनाका कोठामा र तेजनरसिंह मल्ल तथा अरू काजी प्रधानहरू बाहिर कोठामा रहेका समेत जम्मा ५१ जना थिए।

एक प्रहर दिन चढेपछि छरिदार हेमनारानले आएर भने "महाराज, मैले बाहिर मटानमा गएर हेरें। माथि छानाका ईशानकोणमा र आग्नेयकोणमा निशान गाढेको छ। गोरखाली कम्पनीले बन्दूकले धमाधम हानिरहेछन्। बाहिर मटानभरि र चोकभरि मानिस मरिरहेछन्। एक जनाका शरीरमा दुइतीन गोली पनि लागेको छ। अब हामीहरू यहाँ कोठामा बसिरहेर मात्र के गर्ने ? टिक्न मुश्किल छ। अवश्य मर्नु पर्नेछ। अब पगरी खसालिदिए हुन्छ" भनी दुइतीन फेरा भन्दा पनि कसैले जवाफ दिएनन्। अनि हेमनारानले आफ्नो पगरी फोई सानो झ्यालका प्वालबाट खसालिदिए। पगरी दश हातसम्म पुगेपछि भयो, भयो बन्दूकले नहान भनी गोरखालीले छानामा र सबै ठाउँका उर्दी गर्दा सबैले बन्दूक हान्न थामे।

त्यसपछि त्यसै छरिदारले झ्यालका प्वालबाट हेर्दा परशुरामका सिपाही बाहाबल राना झ्यालमनि आएको देखि "ए मुखिया, यता हेर, यताहेर, कुरा सुन" भनी बोलाएपछि "के हो ? के भन्छौ ?" भनी सोध्दा छरिदारले भन्यो–"भाजुथाकु र परशुराम थापालाई यहाँ पठाइदेऊ, अरू कुरालाई होइन, एउटा बन्दोबस्तको कुरालाई हो" भन्यो उसले पनि लौ भनी बाटुलो देवलका

पेटीमा बसेका शूरप्रताप शाहकहाँ गई विन्ति गऱ्यो । परशुराम थापा र भाजुथाकु जोशीहरूले ख्यालमनि गई "के भन्छौ ? किन हामीहरूको नाउँ लियौ ? हामीहरू त्यहाँ आउँदैनौं । तिमीहरू राजा रणजित् मल्ललाई पनि लिई आऊ र काजी शूरप्रताप शाहलाई भेटी बन्दोबस्त गरौंला" भनी फर्के । त्यसपछि ढोका खोलिदिए र सुबेदार बलि बानियां, सुबेदार अतिबल बिष्ट, सुबेदार विश्राम थापा, सुबेदार कीर्तिसिंहरू र जमादार हुद्दा सिपाहीहरू चोकमा पुगे । तीनै राजालाई छिंडीबाट निकाली तिनीहरूलाई र रणजित् मल्लका कमसल रानीपट्टिका छोरा अजितसिंह, अच्युतसिंह, ढाक्रे काजी भागीराम, खरिदार चुकुल जोसी, कृष्णदेव प्रधान, अमात्य नगा घुमानसिंह, भाजुदेव गुंगल, गरुडनारान गुंगलसमेत सबैलाई माझमा राखी सुबेदार जमादार हुद्दा सिपाहीहरूले हातेमालो गरी घेरा दिएर चौकोटबाट लगी मूलचोकमा पुऱ्याए ।

दिनको तेस्रो प्रहर नाघिमकेको थियो । राजा पृथ्वीनारायण शाह मूलचोकको फलैंचामा आई रणजित् मल्ललाई भेटे । बातचित केही भएन, देखादेख मात्र भयो । त्यसपछि गोरखाका महाराजले जयप्रकाश मल्लतिर नजर गरी "खोइत, मसंग जोरियौंला भनेका थियौ, किन भागी आयौ ?" भनी सोद्धा जयप्रकाश मल्लले भने "के लाग्दो रहेछ र ? तिमीसंग जोरियौंला भनी मैलै पशुपतिनाथको भण्डार, देवलका गजूर र देवताको धन पनि केही भनिन, सबै झिकी खर्च गरें । के गरौं ? मेरा मानिसले विष्टा खाइदिंदा श्री गुह्येश्वरीको सुदृष्टि तिमीमाथि भई तिम्रो हात पऱ्यो ।" यसपछि पृथ्वीनारायण शाह भित्रिए । यता रणजित् मल्ल त्यसै बसिरहेका र राजा जयप्रकाश मल्ल घाइते हुनाले सुसारेहरूले टहल गरिरहेका थिए । बस्दाबस्दै रात पऱ्यो र रणजित् मल्लले स्नान गरी मानिस कति मरेछन् भनी हेर्न गए । दरबारका चोकहरूमा छानाबाट हानेका गोली लागी धेरै मानिस मरेका देखे । फेरि इन्द्राणीसंगका कोटमा आगो लगाइदिंदा केही मानिस त्यहाँ मरेका र अन्त ठाउँठाउँ शहरका बीचमा पनि धेरै मानिस मरेका रहेछन् ।

चतुर्दशीका तेस्रा प्रहरमा राजा रणजित् मल्ललाई जो चाहिने ज्यूनारको सरजाम र बिच्छ्याउना, पोशाक, भाँडाबर्तन आदि बोकाई पुऱ्याउन पठाउँदा सुबेदार अतिबल बिष्टले आउँदै भने "महाराज, अघि जस्ता तरहसंग खानपीन र सोख गर्नु हुन्थ्यो, उसैमाफिक कत्ति नघटाई गर्नुहोला ।" यति विन्ति गरी राजाका आसपासमा रहेका सेवकहरूलाई अघि गरेमाफिक टहल पुऱ्याउनू, हेर है ! भनी सुबेदार फर्की गए । त्यो दिन त्यसै व्यतीत भयो । भोलिपल्ट पूर्णिमाका दिन सरदार केहेरसिंह बस्नेत गई "महाराज, रानीहरूलाई यहाँ पुऱ्याइदिनू भन्ने हुकुम भएको छ, ल्याउने हो कि होइन ?" भनी विन्ति गर्दा "चाहिंदैन, नल्याऊ" भनी राजा रणजित् मल्लले भने । फेरि सरदारले "रानीबाट हुने टहल अरूबाट के हुन सक्ला ?" भनी ढिपीसंग विन्ति गर्दा "उसो भए कान्छी रानीलाई मात्र ल्याऊ" भनेकोले हवस् भनी फर्केर राजा पृथ्वीनारायण शाहसंग विन्ति गरी कान्छी रानी र दुइ केटी समेतलाई शिर छोपेर ल्याई रणजित् मल्ल बसेका ठाउँमा पुऱ्याई फर्के । अनि पोशाक बिच्छ्याउना आदि जो चाहिने सरजाम पुऱ्याउन पठाए । उनका कान्छा छोरा अवधूतसिंह भागेका ठाउँबाट फर्की आफ्ना दुइ पत्नीसहित आएर मुख उज्यालो पार्दै सुख दुःखका वार्ता गर्न लागे । उतातिरबाट शूरप्रताप शाह, सर्दार अभिमानसिंह, काजी वंशराज पाँडे र बाहुननानीहरू दिनदिनै आई हेरचाह गर्दथे ।

यस्ता तरहसंग रहंदा आखिर राजा जयप्रकाश मल्ललाई साह्रो भयो । मार्ग वदि ५ रोज ५ का दिन बिहानै श्री पशुपति आर्यातीर्थमा लगे । गोरखा महाराजबाट जयप्रकाश मल्ललाई "के कुरो माग्दछौं माग, म दिन्छु, दानपुण्य भएन भन्छौ भने पनि गराइदिन्छु" भनी सोधनी हुँदा छाता र जुत्ता मागी चोटका वेदनाले नेपाली संवत् ८९१ मार्ग वदि ७ रोज ६ का दिन आर्याघाटमा प्राण त्याग गरेर श्री पशुपतिनाथ अघोरनाथमा मिल्न गए । यी राजा बडा प्रतापी र शूरवीर थिए । के गर्ने ? दैव विपरीत हुँदा केही लाग्दो रहेनछ । इच्छा पुऱ्याउन नपाई रोगी लागेर घाउका वेदनाले परलोक हुनुपऱ्यो । ईश्वरको सुदृष्टि हुँदा राजा पृथ्वीनारायण शाहको प्रताप ठूलो भयो र नेपालका तीनै शहरका राजाहरूलाई जिती लोकधामधन्य कहलाएर नेपालखण्डको निष्कण्ट राज्यको भोग गरे । ललितपत्तनका राजा तेजनरसिंह मल्ललाई बन्धनमा राखेका थिए । उहीं परलोक भए ।

अब आयो रणजित् मल्लको पालो । उनलाई भने पितृवत् मान्यता गरी राम्रै तरहसंग राखेका थिए । एक

दिन सर्दार केहरसिंह बस्नेत आई 'हुकुम भएको छ, पाल्नुहोस्" भनी रणजित् मल्ललाई भने । "के काम पऱ्यो र मैले जानुपऱ्यो ?" भनी डराई सोध्दा " निकै कुराले हो, डराउनु पर्ने केही कुरा छैन" भनी सर्दारले संग्लाई महाराज पृथ्वीनारायण शाहकहाँ पुऱ्याए । पुग्नेसाथ गोरखामहाराजले पनि संमानपूर्वक राज गराए । त्यसपछि भने 'केगर्नु हुन्छ, मैले खेदी ल्याएका मृग पसिरहेछन्, सौंपिदिनुहवस् भनी मैले मोहर पनि पठाएको थिएं, तर सोबमोजिम गर्नु भएन र दुःख पाउनुभयो" भनी पृथ्वीनारायण शाहले भने । "हाम्रो सात गाउँ नाला धूलिखेल, बनेपा, चौकोट पनौती, साँगा जफत गर्दा जयप्रकाश मल्ल यहाँ आएका थिएनन् । अब उनी पनि तिम्रा हात परेर मरे । म पनि हात परेको छु, तिमीलाई जे गर्नको इच्छा छ गर" भनी रणजित् मल्लले भन्दा दुवै जना चूप भए ।

केही समय बितेपछि पृथ्वीनारायण शाहले भने "बाबा, त्यसो होइन । अब के इच्छा छ त्यो आज्ञा होस्न ।" " अब मेरो केही मनसुवा छैन" भनी रणजित् मल्लले भने । "त्यसो त होइन । केही त आज्ञा गर्नु होस्" भनी पृथ्वीनारायण शाहले धेरैपल्ट भने । "बाबु, म पचहत्तर वर्षको भएं । अब मलाई केही चाहिंदैन" भनी रणजित् मल्लले जवाफ दिए । "त्यसो होइन बाबाज्यू, तीन शहरबाहेक बनेपा पनौती तिर मनसुवा भए उतैतिर, साँखु चाँगुतिर मनसुवा भए उतै यद्वा कीर्तिपुर थानकोटतिर अथवा चापागाउँ टेचोतिर यी गाउँमा जहाँ राज गर्नु हुन्छ, आज्ञा हवस् । तीन शहरबाहेक जहाँ मनसुवा छ त्यस ठाउँका आम्दानीले नपुगे म पुऱ्याउँदै गरुंला" भनी वारंवार ढिपी गरी सोधे । "मैले माग्नैपऱ्यो, मागौं त ?" भनी रणजित् मल्लले भने । "माग्नुहोस्, तीन शहरबाहेक जे मागे पनि दिए" भनी गोरखामहाराजले उनका पोल्टामा बाहुली राखिदिए । "यो नेपाल खाल्डाभित्र माग्दिन" भनी रणजित् मल्मले भन्दा गोरखामहाराजले 'दिए, दिए, दिए" भनी तीनपटक भने । "वृद्ध अवस्था भएको मलाई भोगको कुनै इच्छा छैन । दिन्छौ भने केवल काशीवास देऊ" भनी रणजित् मल्लले पोल्टो थाप्दा "दिए दिए, दिए" भनी गोरखामहाराजबाट आफ्नो बाहुली उनका पोल्टामा राखिदिए । अनि दुवै जना खुशी भई हर्षाश्रु बगाउँदै हाँसे ।

त्यसपछि महाराज पृथ्वीनारायण शाहले सर्दार केहेरसिंहलाई डोले भरिया र चाँहिंदो खर्च तयार गर भन्ने हुकुम भयो । पोल्टामा थापी रणजित् मल्ल बिदा भए । हिटी चोकमा आई रानीलाई सबै बिस्तार सुनाए अनि खुशीसंग भोजन गरी त्यो रात बिताए । भोलिपल्ट सबेरै रानीसंग सोधे "उहाँबाट त्यतिसम्म हुकुम हुँदा पनि मैले काशीवास मात्र मागें, बिगार गरें कि कसो हो ?" "बेश भयो । अब हामीलाई के चाहिन्छ र ? केही विगार भएको छैन, काशीवास पाए हुन्छ" भनी रानीले विन्ति गरिन् । यसपछि दुवै राजारानी आनन्दपूर्वक रहे । रणजित् मल्लको माघेसंक्रान्तिका अघिल्ला दिनको साइत थियो । त्यसको चार दिनअघि सर्दार केहेरसिंह आई बूढा राजालाई विन्ति गरी राजारानीलाई र अवधूतसिंहलाई पोशाक दिई गए । दुई दिनअघि तुलजा भवानीको दर्शन गरी मूलचोकको प्रदक्षिणा गरेर राजारानीले डोली चढी काशीवासनिम्ति प्रस्थान गरे । भक्तपुर राजधानी सुनढोकाबाट प्रस्थान गरी हेर्न आउने दुनियाँहरूलाई आशीर्वाद दिंदै सरासर कान्तिपुरका दरवारमा पुगी एक दिन बसे । भोलिपल्ट बन्धनमा परेका छोराहरूलाई गोरखामहारासंग विन्ति चढाएअनुसार छोडिदिनू भन्ने हुकुम आउँदा बन्धनबाट छुटाएर छोराहरूको मुख हेरे । जेठा छोरा अच्युतसिंह साह्रै बिरामी थिए । विष्णुमतीमा जलयोग पाई मुक्त हुँदा उनकी रानी सती गइन् । अर्का छोरा उद्योतसिंहले संस्कार गरी काजक्रिया गरे । राजा रणजित् मल्ल काशीवास जाँदा चन्द्रागिरिका भंज्याङमा पुगेपछि नेपालतिर एक छिन हेरी विश्राम गरेर एउटा गीत बनाए ।

राग विरही

**हाय हाय राम रमा गथेम लुमने**
**नेपाल शत्रु दुर्जन फुतकलव आव ।(ध्र.) १**
**झिने दोल राज्य समदुतयो जिन वास**
**विदेशया वास जुल थनी आव राम राम २**
**नवदुर्गा गणेशयाके सहस्र विनति याना**
**लाख लय अपराध क्षमा याव राम राम ३**
**ल्हाग्रे गुह्यषाके दुःख वेदना**
**थुगुया साकेनी आव सुनानो राम राम ४**
**प्रीति याना वे थन छले यात दुर्जन**

हाय हाय छुनुगल जुल जि राम राम ५
सूर्यवंशकुलमणि श्री रणजित् मल्ल
तलेजुन बिल वैकुण्ठवास राम राम ६

यसरी ६ गीत बनाई अश्रुपात गर्दै नेपालक्षेत्रको अन्तिम दर्शन गरे । अनि सरासर काशीतर्फ गए । काशी पुगेपछि एक मैयाँ जन्मिन् । बीस दिनपछि रानी गंगायोग पाएर परलोक भइन् । राजा रणजित् मल्ल पनि नेपाली संवत् ८९९ ज्येष्ठ शुदि १० का दिन ब्रह्मनालमा परलोक भए । अग्निसंस्कार गर्दा ब्रह्मनालबाट एउटा नाग आई प्रदक्षिणा गरेर अग्निमा फाल हाली सहगामी भयो । यसका ४ दिनअघि एक योगी आई राजा रणजित् मल्लसंग एकान्तमा कुरा गरी गएथे, तर उनलाई त्यसपछि कसैले देखेनन् ।

यस्ता प्रकारले तीन शहरका राजाहरूले आफूसमा परस्पर विरोधभाव गरिरहँदा गोरखामहाराज श्री पृथ्वी-नारायण शाहले ठूलो उद्योगसंग नेपाल पुण्यभूमिको राज्य जिती आफूस गरे । नेपालका तीन शहरमध्ये ललितपत्तनमा मन्त्रीको जित हुने र भक्तपुरमा प्रजाहरूको जित हुने भई राजा हुनेको पनि आयुर्दा धेरै नहुने परम्परा बसिसकेको थियो । कान्तिपुरका भूमिमा भने राजाको जित भई मन्त्री र दुनियाहरू राजाका अधीनमा चलेका थिए । यस्तो अवस्था नेपाल तीन शहरको देख्दा नेपालको शासनव्यवस्था पनि सुध्रने र दुनियाले पनि सुविस्ता पाउने तथा आफूले पनि राजकाज चलाउन पाउने विचार गरी महाराज श्री पृथ्वी-नारायण शाहले नेपाल तीन शहरमा आक्रमण गरेका थिए ।

नेपाल तीन शहर र त्यसका आसपासको गाउँ-समेत आफूस भइसकेपछि महाराज पृथ्वीनारायण शाहले आफू बस्ने राजधानी गराउन लायक कान्तिपुरलाई ठहराए । त्यही कान्तिपुर राजधानीमा बसी नेपाली संवत् ८९० कार्तिक शुदि ११ देखि नेपालखण्डको हुकुम चलाएर निष्कण्टक राज्यशासन गरे । यी राजाको राज्य भोग वर्ष ७॥ भयो ।

क्रमशः

—०—

# ऐतिहासिक पत्रस्तम्भ

| श्री ५ बादसाह | श्री ५ सर्कार | श्री महाराज |
|---|---|---|
| १ | २ | ३ |

अर्जि ·· ··· ···

उप्रान्त करुणानिधान माघ शुदि १५ रोज २ मा शिक्षा-करुणा कृपापत्र लेषियाको चैत्र वदि ५ रोज ३ मा आइपुग्यो पत्रको दर्सन गरि अर्थ बुझी सीह्र चढाया ··१···का हजुरमा लेषियाको अर्जिको नक्ल १ अम्बाका नाउमा लेषियाको चिठीको नक्ल १ हाम्रा याँहाँका भारादार अफिसर फौज दुनियाँ रैयत् गैह्लले सहिछाप गरिदियाको कागजको नकल १ यसै चिठिमा षामि पठायाको छन् बिस्तार तनै नकलबाट बुझौला ताहाँ कुराकहानी चल्यो त इनै नकलका आसयबमोजिम बातचित गर्न्ये काम गर्नु त्यो अर्जी ल्हासामा अम्बाछेउ पुगेपछि···१·· का हजुरमा चढाया नचढायाको बुझि चाडो चाडो गरि याँहा लेखिपठाउन्या काम गर भनि लेषिआयाको बेहोरामा सेवकले बुझि अम्बाबाट मलाई डाक्न पठायाछन् म गयाँ र अम्बाका मुल षरदार र षजांचिले अँले हामिसित कुरा गर पछि अम्बासित भेट गरि कुरा गरौंला भन्ये र निज षर्दार पजान्चीहरूसित कुरा भया के कुरा भया भने पैले मलाई अफिसर भनेको के अर्थ हो भने अफिसर भन्याका पल्टनका काम काज गर्ने साना ठुला पगरिहरू हुन् निकिवदि भनेको के अर्थ हो भने निका ननिका कुरा लेषियाको होला क्षेमा राषनु चाहिन्छ भनेको के हो भने लषनौमा लडाई भयाको आज वर्ष ७।८ भयो र पनि अम्बाहरू धेरै फेरिया र पनि यो कुराको वेहोरा केन लेषि आयन आज अकस्मात् यो बेहोराको अर्जि आयो भनि भने पैले यो कुरा हाम्रा दर्वार चिन्ह · १ का हजुरमा सौगाद मामुलियत लि काजिहरू जानुपर्‍या छ · १···का प्रतापले लडाई जित्यौ भनि हाल लेषिपठायाँमा येकोहोरा कुरा मात्रै पुग्छ तसर्थ अम्बासित चिन जान्या काजिबाट अर्जि पनि लैजान् मुषजमान पनि बिस्तार गरि सबैं बेहोरा पुऱ्याउनन् भन्न्ये अर्थले लडाई भै जित्येको हाल अघि नलेषिपठायाको हो भने तम्रा··· २ · बालष्य छन् की बुढा भया र हो की केर्थले आफ्ना वजिरलाई राजा मान दिया भने मैले बालष्य पनि छैनन् बुढा भयाका पनि छैनन् अघी अवीका बजिरहरूले भन्दा आजका बजिरले ठुला ठुला पराकर्म पनि गऱ्या अकल बुद्धि पनि प्रकास गऱ्या हाम्रा दरवारका गुरु पुरोहित बडा बड़ा ज्ञानी सास्त्र जान्या पन्डितहरूले साना पगरि फौज दुनियादार सबै गैह्लले यस्ता बजिर अघि पनि थियानन् पछि पनि हुने छैनन् भन्दा···२···का चित्त बुझी मुष्ये बजिरको ज्मामर्दि अकल बुद्धिदेखि बहुत षुस भै विना देउताका अंस नभै यस्ता मानीस हुदैनन् भन्ने चित्तमा ठहराई मुष्य बजिरलाई राजा भयौ भनि राजमान पायाको हो आज तम्रा मुष्ये बजिर राजालाई के हुनाको मनसुवा छ र यस्तो अर्जि लेषिपठायाको हो साचो भन भनी मलाई सोद्धे अम्बाको मेहर भया गजुर कल्की राजामानको प्रसस्ति पछि परन्तुसंम···१ · बाट मिल्यादेषि सबै कुराको बढिया हुदो हो भनि मैले भने र मुगाको गजुर मुजुरको कल्की अधि दियाकै छ भन्या अव फेरि राजामानको प्रसस्ती र गजुर पछिपरन्तु जुगजुगभरि अटल राजमान अकाससमान-का १ · बाट बक्सिस् हवस् भनि मैले भन्दा तम्रा मुष्य बजिरलाई बेलायेत दरवारबाट पनि उनका दर्वारका ठुला मानिसले ठुला काम गर्दा दिने ठुला मानको नाइटग्रांड-क्वास आफ की आर्डर आफ नाथ भन्ने नाउका प्रसस्ति पालाका रह्याछन् भन्ने हाम्रा १··का हजुरबाट के प्रसस्ति दिनुपर्छ भन्ने जबाब दिया र मैले बेलायत दर्वार-बाट हाम्रा · ३···लाई प्रसस्ति दिने होइनन् देउ भनी मागेको पनि छैन हाम्रा गोर्षा दर्वारले हिजोदेषि ··१ · मानिआयाको हो इनका प्रतापले जो परिआयाको सानुठुलो काजकाम गर्दा हाम्रो पालना हुन्छ वेलायतमा हाम्रा···३

"'ले ठुलाठुला लडाई फत्या गन्याको देषि सुनि हाम्रा'"
३ " को वयन लेषेको पो हो र भन्ये जवाफ दिया र तम्रा मुष्ये बजिर राजाका मनमा तम्रा ठुला राजालाई फाली आफु राजा भै गादिमा बस्नाको मनसुवा छ र हो कि भनि मलाई भने यस कुराको जवाफ मैले के दिया भने हाम्रा ३ " गादीमा बस्तछु भनि मैले अघि सुनेको पनि थियन आज सुनेको पनि छैन " ३ बाट मलाई यो कुराको बेहोरा अम्बासित गर्नु भनि अह्राई पठायाको पनि छैन हाम्रा चिन जान्या काजिले पनि यो मतलब हाम्रा " ३ को छ भनि मलाई अह्राई गयाका पनि छैनन् भनि बुझ गरि भने र यक छीन तिनीहरू चुप लाग्या मैले ई कुरा साचो हो तिमीहरूले के संषा मान्यौ भने र संषा केही मान्यौन भनि भीत्र गया ताहापछि मलाई डाकी भीत्र अम्बाका ठाउमा पुगि अम्बाबाट तिमीहरूले बेस बेहोरा आफ्ना दर्बारको गन्यौ भन्या र मैले आफुले जान्ये बुझेसंमको बिन्ति गर्न्या हुँ घटाई बढाई गर्न्या मनासिब मेरो होइन भनि अम्बासित मैले भने र बेस बढिया भनेउ तिमी आज जाउ भन्या भोली म तजबिज गरि जवाफ दिउला भने र म आफ्ना अडामा आया ५।६ दिनपछि अम्बाका मुल षर्दारले कपतान साहेबले भने यस्तो बेहोरा भन्छन् दोमासे बौधको लामाले ३ का गादिमा बस्न्याको मनसुवा छ भनि भन्थ्यो भन्न्ये कुरा पछि मैले बाहिरफेरा सुने निज मुल षर्दारले नेपालबाट चिन पठाउन्या अर्जिमा केहि कुरा बढता पन्याको हुनाले हाम्रा अम्बालाई पनि तकसीर आउन्या र कप्तानका अर्जिमा षामि नेपाल पठाई दिऊन् र नेपालबाट चाँडै चाँडै याहाँ पठाउन् र यहाबाट चिनतरफ रमणा गरि पठाउला ति मुष्ये बजिरका चिनमा अर्को थोक काम भया तम्रा दर्बारका मतियारका मानीसलाई षटाई ल्हासा पठाईदेऊ र हामी सबे बसी सल्लासित सुफल हुने काम गरौला कप्तानले भनेको बेहोरा हो भने पनि तेस्तै बेहोरा गरौंला भन्य बेहोरा छ भन्ने सुने अम्बाबाट पठाउनपर्ने चिठिको मसौदा मेरा अर्जिमा षामी पठाउन्या योग्ज होईन अम्बाका सहिछाप भयाको चिठि हाम्रा दर्वारमा पुग्नुपर्छ भनि जवाफ हाम्रा बासुदेव फुयाल जैसिका हात पठाया सेवक चरणको हुँ आफ्ना बुद्धि पनि सानु औ कर्म पनि सानु हुनाले मेरा बुद्धिले ढाकि आयन हो हजुरका सिक्षे अतिपत्रले र अम्बाका चिठिका नक्ल " १'''का अर्जिका नकलका आसयले यस्ता कुरा याँहाँ अम्बाका षर्दारहरूसित र अम्बासित पन्यो मेरो बुद्धि पुगेनहो म गरिबमाथि दया करुणा राषी यसो भन्नु यसो गर्नु भन्ने सिक्षे करुणा कृपापत्र आया सो बेहोरा बुझि अम्बासित बेहोरा बान्दा हुँ फाल्गुण बदि १४ रोजलगायत चैत्र वदि १४ तक मैन्हा १ के स्याहा रपोट चढाइ पठायाको छ पौष बदि ३० रोजका दिन मंगाड अडामा पुग्यौ दिन ४ याहा मुकाम गरि रमाना भै जाउला पौष सुदि १ रोज १ का दिन आधारात चढदा चिनिया दोमास्या बौधको लामाले तिपुसिदमकाथामै प्राण छोड्यो अरू हामी सवै निकाआनन्द छौ भन्ने बेहोराको चिठि काजि सर्दार सुब्बाले पौष शुदि ४ रोज ५ मा मुकाम मंगार्डबाट लेषेको पत्र फाल्गुण शुदि ५ रोजमा आईपुग्येको थियो औ याहाको हालसुरथ याथायोज्ञ छ लेषतामा घटबड भयाको होला अनाथपर क्षमा राषिबक्स्याजाबस् यो अर्जि मेरा हस्ताक्षरले लेषि बिन्ति चडायाको हो शुभमस्तु शुभम् ''' ''

तार्चनदेउ शहरमा बसी काजकाम गर्न्या सुन्तारिन वान्तारिन ठिंताल्वेमार्फत ठिंडपुर पठायाको चिठिको नकल ...

श्री ५ वाद्साह     श्री ५ सर्कार
१     २

स्वस्ति श्री गोर्षा काजी जगत्सेर षतृक्षतृ सर्दार मलयजङ पांडे क्षत्रि सुवा मोतिलाल षतृ क्षतृकस्य तार्चनदेउ सहरमा बसि काम गर्न्या सुनतारिन् ठींताल्वेके सलाम् उप्रान्त ल्हासाका अम्बाबाट २।३ फेरा'''१'''को हुकुम आयाको छ गोर्षालीले ५ वर्षको मामुलियन र गादी फेरिदाको सगुणको सौगात ली यसं पाला आउनुपर्छ भनी चिठि पठाउदा गोर्षाबाट " १ को यस पाला ठुलो करुणा भयेछ यस पाला मामुलियत सौगात नपठाई हुदैन भनी भारदारहेरु षटाउदा अघी आउन्या काजिहरूका पालामा बाटामा साह्रै दुष हुदा बेरामी हुदामा मुकाम नहुदा सबै कुरोबाट दुष भयाको हुनाले भारादारहरूले कबुल गर्नालाई पनि साह्रै गाह्रो भयो यो बेहोरा सबै फेरि ल्हासाका अम्वालाई लेषदा ल्हासाका अम्वाबाट जवाफ दियाको अर्थ

ति मामुलित सौगात ली आउन्या काजिहरूलाई अघीको जस्तो बाटामा दुष हुन पनि पाउन्याछैन वेरामी हुदा जगाजगामा मुकाम पनि पाउला अरू सोन्ना पगरि र सिपाहिहरू बेमारी भया भन्या जुन देस वेरामी भया उस देसका चिनिया भारदारमा नासों राषनु र निको भयापछि फेरि पठाउन्या काम गरुला यो सबै बेहोरा जगा जगाका भारदारहरूलाई लेषि पठाया मामुलित सौगात घाडो पठाउनु भनी लेषि आउदा गोर्षा ⋯ २ बाट हामी काजिहेरुलाई षटाई मामुलित सौगात तयार गर्न लाग्यो तेस्तै बीचमा अनेत्र देसका मानिसहरूले पनि ढेरै वर्षमा डाकिपठाया के गर्नालाई हो के गर्नलाई होइन यसपल्ट चिनमा मामुलित सौगात पठाउनलाई बढिया हुन्याछैन भनी बोल्या गोर्षा ⋯ २ ⋯ बाट १ ⋯ को हामिमाथी अघीदेषि पीछा सन्नमा ली पुत्रसमान देषी हामिमाथी दया करुणा सदा सर्वदा राषीबक्सनुभयाको छ भन्या यस्ता चाहिडा उल्लु कुरा सुनी काम गर्नु हुदैन यसै पाला जानुपर्छ भनी मामुलीयत सौगात दी हामीलाई पठाईबक्सनुभयो हजारा हिउका लंगुर काटी दुष पाई ल्हामा आइपुग्यौ ल्हामाका बडा अम्बाबाट पनि सब कुराको षातिर गऱ्या हामीसंगको मामुलीत सौगात गादी फिरीदाको सगुणा अर्जी येक येक गरि षालि जाची याहा तिमिहरूले गऱ्या कै बुझिलिया मैह्ला दिनसंम सबै सौगातको असवाफ आफुसित राषिकन हामिलाई चिनतर्फ पठाइदिदामा आफ्ना चिनिया भारदारहेरूका साथमा मामुलित सौगात र हामिलाई जिम्मा लाई यस्तर्फ रमाना गरि पठाइदिया साँमिदेसमा कुल्याहाले आइ बाटाघाटा सबै थुन्यो भन्न्याको षबर ल्हासा बस्न्याहरू सबैले पनि सुन्याका थिया हामीले पनि सुन्याको थियूं हामिलाई छेकनुपऱ्यादेषि वही पी छेकनुपऱ्यां हो आज द्वि २ लाषको कोस हजारा हिउको लंगुर हावा जाडो सही १ लाई मात्र समझी सबै दुष काटी आई आज चिनको यति नजिक आइसक्यापछि आज हामिहरूको मामुलित सौगात बुझिलिसक्यौ तिमिहरू आफ्ना राज्यमा फर्किजाउ भन्याको अर्थ क्या हो हामिमाथी दयाकरुणा राष्याको भया हामि ल्हासैमा छेकिनुपऱ्या हो लडाइ बराबर हुदाहुदै बाटो बराबर छेकिदाछेकिदै ल्हासाका तेंजे डिगर्चाका तेंजे छ्यामदोका तेंजे र अरू देसका तेंजे भन्या गै १ को दर्सन गरि आई येस तार्चन देसमा साबुद गरि आइपुग्या अरू देसका मानिसहेरू⋯१⋯को दर्सन गरि आफ्ना सोषिसंग फर्कि आयाको देषदा हामि गोर्षालिको चित्त

हर्किस बुझ्याको छैन आज हामि गोर्षालीलाई छल बेहोराले मानुं भन्या १⋯को हुकुम तिमिहरूलाई भयाको भया सोहिमाफिक गर नतर भन्या १⋯ को दर्सन गर्नालाई तेहि आंसिको बाटो १ मात्र छ अर्को बाटो छैन भन्दा हाम्रा मनमा यत्रा चक्रवर्ति ⋯ १ को दर्सन गर्न जानलाई हजारौ बाटो हुनत भया जस्तो लाग्छ अरू अरू देसको तेंजे पुग्या उस जान्यालाई अघि जादा पनि लडाई भयाको हुनाले बाटो पाउन्या थियेन फेरि फर्कदामा त कन् ठुलो लडाई भयाको छ तिनिहरू आउन हुन्या थियेन वही अडिनुपऱ्यो हो आज हामि अनाथ गोर्षालीहरूलाइ बादसाहको हुकुम र ठिडपुरका चुं डुं को चिठि आयाको छ भनि यस्ता बिचलि पाऱ्यो बादसाहको हुकुम आयाको भया अर्जिका प्रमाण गर इनाम, दस्तुर, पोसाक, मान त्यो पनि तेसै हुकुमका साथैमा आउनुपऱ्यां हो येम रितले पनि हाम्रो चित्त बुझ्दैन आज मामुलिस सौगात पनि बुझी ली अर्जिको उत्तरा पनि नदी यसै तार्चनदेउबाट धपाईदिन लाग्यौ भन्या हामी कुलधुल गर्न आयाका कुल्याहा होइनौ कुल्याहाले गऱ्याको काम पनि हामिले गऱ्याको छैन हामिलाई कस्तो भयो भन्या कुल्याहाले गऱ्यो कुरा हामिमाथी गऱ्यो कि हामि कुल्याहा हो भन्या कुल्याहालाई गर्न्यामाफिक सजाय गर मामुलित सौगात तिमिहरूलाई नदेषायासम्म भन्या याहाँबाट चिनतिर १ पाइला पनि जान हुदैन भनी भन्यो मामुलित सौगात सवैनिर भयाका ठाउमा पुऱ्याइसक्यापछि आफ्नु ज्यालालाई बेपारी भै जानु हुन्छ जाउ भनी भन्यो हामिलाई यहि बेइजत गर्नालाई डाकिपठाई बेइजत गऱ्याको हो कि कस्तो हो हामि माथि दया करुणा राषि माया गऱ्याको भया हामिलाई यस्तो कुल्याहालाई गऱ्या जस्तो वेइजत हुनुपऱ्यां होइन चुं डुंलाई अर्जि लेषछु भन्दा पनि ढेरैपल्ट हामिमार्फत गरि अर्जि पठाइनु हुदैन भनी जवाफ दियो १ को हुकुम आयाको हो भनौ भन्या पनि हामिलाई पेचिनमा मात्र आउनुपर्दैन भन्याको छ तार्चनदेउबाट फर्काईदिनु भन्या ⋯१⋯को हुकुम आयाको छैन मामुली सौगात ली भन्या तार्चनदेउबाट १ कदम जानु हुदैन मामुलीत सौगात नली बैपारि भै ठिडपुर बेपार गर भनी भन्यो आज १ का हुकुमले हामिले मामुलीत सौगात ली गोर्षा ⋯२⋯ को साटो दंडवत् गर्ना निमित्त म काजीलाई पठायापछि गोर्षा ⋯२⋯आफै आया जतिको हो भन्या आज लाग्याको तिरोभरो तिरि मान आयाकालाई महाजन भै बेपार गर्न जाउ भनी तिमिले

भन्न पर्‍यो मनासिब होइन मामुलीत सौगात ल्हासाका अम्बामार्फत अघीबाट पठाई पछिबाट काजिहरू षालि गै दंडवत् गरि आयाका पनि छन् मामुलीत सौगात र अघी- देषि ल्हासाका अम्बाले बुझी चिनिया भारदार साथलाई पठाउन्या हो हामि काजिहेरूको काम र ··· १ ··· को डंडवत् गरि फर्कन्या काम मात्र हो हामिले ल्याय्का मामुलीत सौगात र कुतीदेषि तिमिहरूकै जिम्मामा छन् याहा तिम्रा जिम्मामा लाग्यो भनी हामिलाई केही दुषमनाउ छैन यस ठाउमा तिमिहरू गोर्षालीलाई छेकन्या ठुला मालिक हौ भनी हामिले अर्जि लेषि गोर्षा ··· २ ··· लाई पनि चह्लाई पठायाको छ चुंडुलाई पनि लेषि चह्लाई पठायाको छ तिमिलाई भन्या कुरो भनीसक्यौ अब र गोर्षाको इजत राषी जस्तो गरी आयाथ्यूं उस्तै गरी ठिङ्पुरसम्म पठाउ कुन दिन हो फलानु दिन तयार होउ भनी षबर देउ ठिङपुरमा गै ठिङपुरका बडा चुंडुसंग हाम्रो जो भयाको दुष दर्द सबै हामि साना मुलुकका साना बुद्धि भयाकाले बिंति गरौला यति कुरा पनि तिमिहरूले गर्दैनौ भनी भन्छौ भन्या हामिलाई गोर्षवाडको यस्तो हुकुम छ कि सो कुराको छाप लाग्याका दस्कत पनि छन् जसो गरि हुन्छ मानी मिलिजुली ··· १ ··· को दर्सन गरि आउनु ··· १ ··· लाई चह्लाइ पठायाको मामुलीत सौगात अर्जि पुर्‍याउनालाई आफ्नु ज्यू नभन्नु मामुलीत सौगातमाथी मलाई कबुल गर्नु तिमिहरू बार्चिज्यालसम्म अरू बेहोरा हुन नपावस् भन्या छ ··· १ ··· बाट बक्सन्या पर्नामा पनि यस्तै रितसंग लि आउनुभन्या छ सोबमोजिम हामि नगरी छोडन्या होइनौ तिमिहरूले नपठाया पनि हामी आफै गोडाले हिडी चुंडुको दर्शन गर्न जान्या हु फलामसागुमा गोर्षालीहरूलाई जान नदिनु भनी नाउ बंद गरी दियो भन्या पनि ··· १ ··· को नाउ सिरमा राषि षोलामा फाल हालन्या हुँ तेसमा पर्‍यालि मर्छन् बाचन्याले गै चुंडुको दर्सन नगरी छोडन्या होइनौ केहि गरि ढेरै सिपाही फलामसागुमा पठाई हामिलाई बाटामा छेक्यौ भन्या भयाका मान्छेले मर्नलाई कति बेर मान्या छैनौ यदि कांका मान्छे क्या भन्या सकि ज्यान निकलि जाउला नसक्या जति भयाका गोर्षाली यहीं पोलि डढी सकियौला र तिम्रो मनपरि होला हामि ज्यूदा छंज्यालसम्ममा मनपरि हुन्या छैन अंत देसको तेंजे ल्याउन्या मानिस सबै गै फर्कि आउन हुन्या हामि गोर्षालीलाई गात्रै बेइजत भया-पछि हाम्रो चित्त हरकिस कत्ति पनि बुझदैन बाटामा कुल्याहाले छेक्याका छन् भन्या थारो बहुत सिपाहि देउर हामिले ··· १ ··· को तेंजे साबुद गरि पुर्‍याउछु भनी चुंडुसंग बिन्ति गरिदेउ भन्दा पनि सो बिन्ति हाम्रो पुगेन तसर्थ अघीपछी हेरी काम गर्नु भया बढिया होला इति सम्बत् १६२४ साल मिति वैसाष बदी १२ रोज ४ मुकाम तार्चुनदेउ सहर शुभम् ··· ··· ···

❀

श्री ५ सर्कार

१

अर्जी ··· ··· ···

उप्रान्त करुणानिधान चिन जान्या काजि सरदारहरूले अषाड वदि ७ रोज २ मुकाम निथौसहरबाट मलाई लेषेको विस्तारको पत्र श्रावण बदी ११ रोज ७ मा आइपुग्यो यो पत्रको विस्तार हामिहरूलाई भने बाटामा लडाई भयाको छ चिनतर्फ जानु हुदैन फर्क भनि जोरजुलुम गरि मामुलीत सौगातका भारि सबै बुझिलिया र हाम्रो चित्त नबुझि ४ मैह्नासम्म तार्चनदेउमा अडि ठिंडपुरका चुंडुलाई जो भयाका दुष दर्दस्मेतको बेहोरा हालि लेषिपठाउदा मानिस भारि धेरै नलि ठिंडपुरसम्म आउ भन्ने जवाफ आउदा बढता भयाका मानिस १४ जना तेसतरफ फर्काई पठाईदियू हामि ठिंडपुर गै चुंडुसंग भेटघाट भयापछि चिनतरफ जान पायूं भने पनि यहिबाट नेपालतरफ फर्कन पर्‍यो भने जो बेहोरा होला सो लेषि पठाउला भन्ने बेहोराको चिठि मलाई आयो काजि सरदारहरूले ल्हासामा रहन्या अम्बालाई पनि हजुरलाई पनि अर्जि आयाको रहेछ र हजुरमा जान्या अर्जि अम्बातर्फका मानिसले तम्रा ··· १ ··· मा जान्या अर्जि यो रहेछ बुझिलेउ भने र काजि सरदार सुब्बाका छाप लागेको हजुरमा जान्या अर्जि १ श्रावण बदि ११ रोज ७ मा मेरा हातमा आइपुग्यो राजकाजको अर्जि ढिला गर्नु योग्य छैन भनी येव १३ रोज २ मा मेरा अर्जिमा षामि चढाइ पठायाको छु हाजिर हुन्या छ औ च्याङलातरफ जानलाई चिषोन च्यारिकपा कुस्यो भन्नेलाई षटाई-राषेछन् हिडेको छैन साजसबेर हिडनेछ यो बेहोराको अर्जि अघी चढाई पठायाको छ अैले भयाको नयाँ छोग काजिलाई मदत्त दिने भन्ने येति बेहोराको ९ छेर झिकि अरू सबै बेहोरा राषि चिनिया अछेरमा सारि हाम्रो छेरकौ

अर्जि र चिनियाछेरको अर्जी अघि ताहावाट पठाईबक्सनुभयाको तासको षाम काठका सन्दोसमा हालि श्रावण बदि १२ रोज १ का दिन चिनतरफ अम्वाबाट रमाना गऱ्या औ याहाका हालसुरथकार्थलाई यथायोग्य छ पछि जो परिआउला पाया सुन्याको हालषवर बिन्ति चडाई पठाउन्या छु सेवकले लेषेको अर्जिका बेहोरामा घट्बड् पऱ्याको होला छेमा करुणा राषिबक्स्याजावस् शुभमस्तु शुभम् ... ... ...

श्री ५ सर्कार श्री ५ बादशाह
१ २

अर्जि ... ... ...

उप्रान्त करुणानिधान चिके षेम्बु मारि सकि इन्का पछेका मुद्दा मुद्दाहरूलाई मारि अरू सानातिता दर्जाहरू ४।५ जनालाई निधारमा डामि जन्मकैद गरि राखनु भनि वर-पर गाउ कुम्मा लग्या राजालामाको क्यासालाई र सेठको छोरो काजिलाई नेल हालि थुनिराख्याकै छ निज चिके षेम्बुले भोटचा भारदारहरूलाई र राजालामाल:ई मारि लामागुरुलाई नजरबन्दि गराई आफु राजा हुनु ताहापछि भोटसरकार भरमुलुकका ठुला साना गुम्बा गुम्बाका बाडा जना जाच गर्दा ११।१२ लाष रहेछन् येति बाडा सबैलाई जंगि मिपाहि गराउछु अरू ग्रीहस्ति रैतान सिपाहीहरू १।२ लाष हुनन् येतिलाई षर्च नेपालका साहुमहाजन हाम्रा मुलुकमा जति बस्याका छन् इनलाई मारि इनको धन लिनु कपनानसंग पनि अफिम छ कपतानलाई मारि त्यो अफिम लिनु र हामिलाई षर्च केहि थप हुन्छ इनलाई माऱ्यापछि नेपाल उठिआउछ नेपाल पनि मार्न सक्यौ भन्या वाहापछि अम्बासित निउ षोजि निज अम्बाहरूलाई चिनतर्फ रामरो बेहोरा गरि पठाईदिनु भन्ने यस्तो मतलब चिके षेम्बुहरूले गऱ्याको साचो हो भनि निज चिके षेम्बुका मतियारहरूले भन्या भनि ल्हासामा हिजआज यस्तो यस्तो गल्ला गर्छन् यो कुरो हो होइन पछि बुझि बिन्ति चढउला हिजआजका काजि ढाकोढुंवा र सेजुं इ २ छन् इनिहरूसित हाम्रा साहुमहाजनका लिन्दिनको झगडा र अरू झगडा गरि १३।१४ कलम छन् यो छिनिदेउ भन्दा आजभोलि छिनौला भनि टाऱ्याको आज ४।५ वर्ष भयो र पनि झगडा मामला नछिनि छिनिदिउला भनि मुषको लोलोपोतो मात्र गर्न्या कामले गोर्षा भोट यकै दोस्ति हो भनि नदेषन्या आज म बस्याका घरमा भेबुं गुम्बामध्ये लोसेलिका वाडाहरूले तारो थापी हान्न लाग्दा याहा नहान भनी मैले भन्दा मलाई मार्छुं भनी बन्दुक दाग्यो हिजो साविकवालाहरूले षेतको बालि जोगाई गाई घोडालाई घास षुवाउनु जान्थ्या आज गोर्षालिका गाई घोडालाई घास षुवाउन नदिनु भनि हड्क्यौ गोर्षा १ ... लाई दोस्ति जानि चलिआयाको बेहोरा गनुपर्नेमा हिजोदेषि चलिआयाको रित र अहद भयाबमोजमको बेहोरा पनि आज तपाईहरूबाट मिच्चियो यस्तो भयापछि गोर्षा भोट दुई ... १ का बिचमा बसि मैले वकिलि काम गरि मैले ... २ .. १ को मिलाप राषन साह्रै कठिन पऱ्यो भन्ने बेहोराको लामागुरु र राजालामाका नाउमा कागज लेषि पठाया गोर्षा १ ... सित हाम्रो दोस्ति छदैछ भन्या येस कुराको जवाफ चाडै चाडै बक्सनुहवस् भन्ने बेहोरा लेषि पठाउदा तिमिले पठायाको कागज लामागुरु र राजालामाबाट हेरि बेहोरा बुझि यो बेहोरा सबै कपतानसित बसि छिन्नु भन्ने काजिहरूलाई भयो तसर्थ हामिहरूको गन्धे गुम्बामित झगडा राफसाफ गर्नलाई १०।१२ दिन अझ अलमल छ वाहापछि यो सबै बेहोरा कपतान साहेबसित बसि छिनौला चिके षेम्बुले गर्दा गोर्षा १ मा धेरै कुरा नमिलन्या गरायाको हो अब्र र हामि मिलि मामला झगडा छिनौला ताहासंम पर्षिदिनुहबस् भनि काजिहरूले भनि-पठाया छन् ताहासंम पर्षि बेहोरा सबै हुन्छ भन्या लौ भनि म पर्षिरह्या छू चिके षेम्बुले मिलन नदियाको रहेछ भन्या आज इनिहरूले पनि झेल गरि टार्न पछि लाग्नन् इनिहरूको बेहोरा बुझि पछि बिन्ति चढाउला गंधे र भैंबुं ई २ गुम्बाले गर्दा अघि रेटिन राजालाई धपाया भोट सर्कारलाई दोस छैन इ राजा मऱ्या भने काहाँ गै मऱ्या जिउदै छन् भन्या निज राजालाई झिकाईदेउ भनि साह्रा गुम्बाले भैबुं गुंवालाई समाइराषेछ येस कुरामा झगडा बडिजान्छ कि मिलाप होइजान्छ पछि बुझि विन्ति चडाउला हजुरबाट चिनियाँ उताल्वे हस्ते चिन २ .. का हजुरमा चढाई पठायाको अर्जी सबै चिनतरफ रमना भयो सो रमना भयाको बेहोराको अर्जी चिठि बडा अम्बाहरूबाट हाम्रा .. १ ... मा चढाई पठायाको छ हजुरमा दाषिल भै जाहेर होला अघि पर्वाणा बैडाउदा यांमुनामा चिनिया भारादार दोहोरा राप्दा हुन आउन्यालाई वाडिदिनु भनि बडा अम्बा

हरूका हातमा ५ सये रुपैयाँ दिनु भन्ने बेहोरा मलाई आयाबमोजिम निज अम्बाहरूलाई दिन जादा अैले लिदैनौ नेपालबाट उताल्वेहरू आयापछि बुझौंला भन्ने कुरा गरिरह्याको थियो आज उताल्बेसित इ कुरा गर्दा अम्बाहरूसित मैले बिन्ति गऱ्या हामि २ अम्बाहरू सल्लाहा गरि जवाफ दिउला भनी रह्याको छ रुपैयाँ लियाको छैन २७ सालका भदौ मैह्लादेषि आजतक सुब्वा हर्षनारान्का गुमस्ता हिरासिले हामिलाई तलब दियेनन् हामिलाई षर्चले सिकिस्त भयो हाम्रो मैह्लावारि देउ भनि निज गुमस्तासंग माग्दा मसंग रुपैयाँ छैन रुपैयाँ दिन म सक्तिन भन्ने जवाफ दिया तलब पायू न सातु षानवार मऱ्यौ हामि सेवकले कसो गर्न्या हो भन्ने बेहोराका अर्जि अघि हजुरमा चढाई पठायाको हो सो बेहोराको सिक्षेपत्र पनि मैले पाइन षानवार मऱ्या अलि अलि आम्दानि भयाकोमा षर्च गरि षाउ कि कसो गरौ मेहरमान कदरदान हजुर उदय हुनुहुन्छ जो मर्जि आषाड शुदि १५ रोजसौलगायेत श्रावण शुदि १५ रोजतक १ मैह्लाको स्याहा रपोट षडा गरि यसै अर्जिकासंग चढाई पठायाको छु अडामा दाषिल होला श्रावण शुदि १३ रोज १ का विहान ३०।३५ पला दिन चढ्दा उत्तरतर्फबाट जोहरबाइको जस्तो अकार भयाको आगाको राको आकास बाट दक्षिनतर्फका पर्वतमा डुबेराको ज्मा गरि बसनगयो ताहाबाट तोपको जस्तो अवाज गरि त्यो आगाको मुस्लो फुटि जत्रतत्र गयो यस्तो भयाको उत्पात हो उत्सब यो होइन ल्हासामा फेरि पनि केजानि कसो कसो हुन्छ भनी ल्हासाका सहरबासि भन्छन् अरु हालसुरथ येथायोग्ये छ सेवकका अर्जिका बेहोरामा घटवड पऱ्याको होला छेमा करुणा राषिबक्स्याजावस् शुभमस्तु शुभम् ... ... ...

अर्जि··· ··· ··· ...

उप्रान्त गरिप्रवर आषाढ शुदि १५ रोज ७ मा लेषिबक्स्याको सिक्षेपत्र अम्बालाई भोटेराजा चार काजिका नाउमा लेषिबक्स्याका चिठिका नकलस्मेत श्रावण शुदि ६ रोज ६ का दिन आइपुग्यो हेरि सिर चढायाँ बाकि षामिद घोडा र भोटेकुकुरका अर्थलाई सम्भारसंग नेपाल ल्याउला मानिस पायाँ भने अघिबाटै चढाई पठाउला असल मानिस नपाया स्येवक आउदा सगै लिई आउला गरिप्रवर अम्बाहरूलाई लेष्येका चिठिका नकलले बेहोरा बुझौला भन्ने लेषिबक्स्याका अर्थलाई षामिद नकल हेरि सिर चढायाँ हजुरका मेहेरले नेपाल पुगि हजुरको दर्सन र स्येवकले भोटमा आई दुष उठायाको दुषदर्दको बिन्ति जाहेर गर्न र बालबच्चाको दुषसुष देषन पाउला भन्न्ये वन्दाका मनमा आधार रह्यो औ गरिप्रवर हाल याँहाको षबर चिनियाँलि तालाये फोपुनको बदला आउन्या नयाँ चिनियाँ फोपुन पनि अम्बाहरू त आयाका छैनन् भोटे काराङ्यारुङ्का लडाईको घा मिलेन मिल्येको केहि निश्चये आयाको छैन भैंबु गुम्बामा पनि कुचिनको चढुवा आगाले षाई चढुवामा बत्तुको बिजुलिबुट्टा भयाको त्यो बुट्टा जति साबुतै भैमा षस्यो कुचिन जति आगाले षायो र यो पनि उपद्र उठन्या चिन्ह हो भनि भोटेहरू साह्रै संषा गर्छन् षामिद यो कुरा तहकित हो औ अंग्रेज र डुक्पाका लडाईमा अंग्रेजले मिच्यो भन्या र लडाक गडतोकतरफ अंग्रेजले षरषजाना धेरै ल्यायो र काहालाई हो भन्दा यार्कीमसंग लड्न हो भन्या कुरा गर्छन् भनि याहा हौडा कुरा सुनिन्छ वाकि गरिप्रवर याहाका पुराना रितमा दसैंमा घटस्थापना पुजा गरि तेस दिनको प्रसाद दस पालामा नेवारहरूलाई दीई नेवारहरू घर १ के दछिना मासा २ लिई त्यो दछिना र दसपालाका थकालिहरू भोजमा आउन्याहरूले देवतालाई चढायाको दछिना जमा गरि तेस दामको देउतालाई गहना भाडा बनाई चढाउन्या गऱ्याको रहेछ यो दाम स्येवकले सोहिमाफिक देउतालाई चढाउन्या हो कि नेपाल लिई आउन्या हो औ याहाँ पौतलालामाको लागि मठ र नित्यनैमित्तिक पुजालाई सरादाम भनि ल्हासाठुमका पसलको जगा र लाढाँछ्याँ जोयेले ध्यू च्या चामल दिनु भन्या भै आजसम्म त्यो मठमा बस्न्याले पाउदो रहेछ त्यो मठ साह्रै पुरानो भयाको हुदा पोरका साल स्येवकले जीर्णउद्धार गर्न्या बेहोरा गरिदियाँ यो मठ बन्दाका बदलामा आउन्या कपतान जितमानसिंह षत्रीलाई हिसाप लेषिदिने हो कि जो मर्जि बाकी गरिप्रवर १८ सालमा याहाँ स्येवकसंग बसि कामकाज गर्न्या हुद्दा सिपाहिहरूलाई जनै १०।१० काला रुपैयाँ १ जोर पोसाक बक्सीस भयाको ई पोसाक नयाँलाई बुझाउनपर्ने हो कि होइन औ षामिद लुबुस्यापालाको भागिवन्त भन्ने नेवार टिङ षम्बासंग झगरा हुदा टिङ षम्बाले ढुंगाले हानि मान्याकाको मालमत्ता निज लुबुस्यापालाकटहरूले

तायेदात गरि कोठामा राष्याको तेहि माल निज भागिवन्तको काका पर्न्या भुइसापान्नामा वस्न्या तेजवन्त भन्ने ले राति गै झ्यालबाट भित्र पसि चोरि लादा भोटेको रमनले फेला पारेछ र चोरको माल र चोर तेजवन्त स्येवककाहा पुऱ्यायो र मैले तेस चोरलाई केरषार गर्दा अघि येकपल्ट गै असल, माल जति चोरि लगि फेरि यो दोश्रो पटक चोरन गयाकामा पक्रियेको हुँ भनि कायेल भयो र पक्रदाका दिन चोरि ल्यायाको माल लुवुस्याकापालाकटहरूलाई दिई बाकी अघिल्ला पटक चोऱ्याको विगो षोजदा ज्मा पुगेन र निज चोरका घरको लत्तिपत्ति र निजको पुरानु लहना देषायाको असुल हुन सक्न्ये असुल गर्न्ये गरि निज तेजवन्त चोरलाई नेलमा राष्याको थियो तेस्तै चिचमा निज तेजवन्त चोर मऱ्यो निजले देषायाकोमा लहना पनि असुल भयाको छैन चोऱ्याको विगो पनि चुक्ति नभै उसै रह्याको छ ई सबै कुराको अर्ती सिछे मेहेर भया याहा छिन्नपर्ने कुरा छिनि नयालाई बुझाउनपर्न्ये कामकुरा बुझाई स्येवक हजुरका दर्सनलाई चाडै गरि आउदा हुँ गरिप्रवर अरू षवर ज्येथास्थितै छ अर्जिमा कम ज्यादा पऱ्याको छेमा बक्स्या पाउल। ... ... ...

अर्जी ... ... ...

उप्रान्त युगलाथुम काजी वहुतइक दिक भै ईलामबाट नागरि गयाँ भन्दा बुझन मानिस पठायाथ्या मेचि तिर देभालिगोलामा बेसाहा गर्न पठाउदा भोट्या गोलादारमा बस्याको रहेछ बेसाहा देउ भन्दा तिमि भगुवाहरूलाई वेसाहा देउ भन्या कसको हुकुम छ भनि गोलदारले जवाफ दिदा हिजो भागिगया पनि आज चिन पातसाहाको र गोर्षामहाराजाका हकुमले तेरा राजासित बसि काम गर्नु भनि बन्दबस्त भै गयाका रैति र तेरा कुलकबिला लि आउन ३ मैन्हाको विदा भै आयाथ्या आज हुकुमले सामेल हुन जान्छु तिमिहरूले रस्ता बन्द गऱ्यौ भन्या यो असवाव कसो गरी दरवार पुऱ्याउ भन्दा विनाहुकुमले दिदैनौ भनि जवाफ दि तिम्मैहरूलाई पक्रन्छौ भन्दा वेसाह्नि फेरि काजिछेउ पुगेछ विस्तार गर्दा पात्साहका र गोर्षामहाराजाका हुकुमले आउदा चाकर हाम्रो निनले तेस्तो जमान गऱ्यापछि अब जिउनाको आसा रहेन भनि जाऊ तेसलाई मार भनि मानिस पठाई गोल्दाहरू भेट्या १ भारि २।३ जाना घायेता भयेछ उसै वषतमा जो भयाका आफनो लस्कर लि नागरिगढि घेरा दि गोल्दाले उसित हात जोऱ्यो तिमिहरू क्या भन्छौ भन्दा अघि पनि हामि तिमिभित्रका हौ आज पनि तिमिभित्रका हौ तिमिसित सामेल हुन्छौ भन्दा नागरिगढिको सर्दारिले षर्षजाना बुझाई सामेल भयेछ उसै दिन वालाकवर नदि तरि च्यांथुमा २ गढि रह्याछ बाहां पुगि उन्हेरु पनि षर्षजाना बुझाई सामेल भयाछ वाहादेषि उठि रिगिमा नदि तरि नाँग्याला पचा तिस्ताको किनारामा २ षलंगा रह्याछ वाहाँ पनि क्या भन्छौ भन्दा उनेहरूले पनि षर्षजाना बुझाई सामेल भयाछ टिष्टाको सागु भतकाउन लागदा गाँडुकको लस्कर आई लडाई गरौ भन्दा २ मानिसलाई गोलि लागेछ ३ मानिस भीरमा लडि गाँडुक्याको मरेछ तिष्टावार सुषींका भोट्या लाप्चा छोटा बडा जो थिया सामेल भै वस्याका रह्याछन् राजा भन्या ६ मैन्हा गाँडुक ६ मैन्हा लंगुरषारि दरवारमा वस्तो रहेछ २ काजी लापचा २ काजि भोट्यामा युगलाथुपको काका मारि काजि हुन्या मात्रै राजामित सामेल छ यापचा २ भोट्या १ ज्मा काजि ३ युगलाथुपसित समेल भै वस्याका रह्याछ पैले आफुना गरि पुगनि मात्रै रंपुरको फिरंगीको जजछेउ मानिस पठायेछ हिजो गोर्षाका पिछामा जादा किन जान्छस् यो मुलुक तलाई दिन्छौ भन्दा आज गोर्षाको र अंग्रेजको येकै चाल वाहा र याहा येकै हो भनि बक्साई रह्याको हुँ षेला भोट्याका गर्दा राजाले तेसलाई याहा नल्याई भयेन भन्या तजबिजले बहत प्रपंच गरेछ गोर्षाराजाबाट तेरा मुलुकमा जा भन्या हुकुक राषेनत भन्या बुझि पिछा पर्न आयाँ भन्दा अघि पनि त्यो लुलुक गोर्षाबाट झिकि तिष्टावारको जगा तिमिलाई दियाको हो पछि तिम्रा घरषेलमा गोर्षा गयौ त पनि फिरि आयो बढिया हो कुन कुराको सन्देह छ त्यो कुरा षोल भन्दा वषेडिया भोट्याका गर्नाले राजाले फेरि मलाई मार्न आट्याँ मैले कसो गर्न्या हो भन्दा त मर्न पावैनस् अघि दोर्जिडलिमा हामिलाई येउटा घर बाधन दे त्यो जंगलको वदला १ हजार रुपैयां पैदावार हुन्या आवादि जगा तलाई दिन्छौ भन्दा बढिया राजासित सल्लाह गरि दिउला भनि युगलाथुप काजीको काकाले भनेछ र त्यो कुरा भोट्याले थाहा पाया र राजासंग विन्ति गर्दा मेरो हुकुम नपाई जगा दिउला भनि आट्न्या त्यो आफै मालिक हुन लागेछ भनि लाउनि गऱ्याछन् र तेसको तर्कनाले काजी कज्यानि छोरा मारिदिदा युगलाथुप भागि

हाम्रातर्फ आयापछि फिरंगिको साहेब २ फेरा गांडुकराजा भेट्न जादा राजाले भेट्न दियेनछ तेश्रा पटक दोर्ज्येलिङमा येउटा घर बाधन दे १ हजार रुपैयाँ पैदा हुन्या आवादि जगा वदला दिन्छौ भनि चिठि लेषता वढिया होःम दिन्या थियाँ त्यो जगा मेरो होइन लामाको हो तेस जगामा मेरो केहि लागदैन भन्या जुवाव लेषदा यो ता पाजी रहेछ गोर्षाले षायाको मुलुक गोर्षाबाट छिकि मैले दि आफनु लस्करसमेत राषदा येति कुरो पनि मानेन त यो लस्कर किनगलाई भनि नागरिकबाट उठी तितिलिया गयेछ आज युगलाथुपले मानिस पठाउदा हिजो पनि तेरो काकासित दोर्ज्येलिङमा घर बाधन्या कुरा भयाका हुन् आज त क्या भन्छस् तिमिबाहेक मर्छन् तिमि घर बाधछौ भन्या दिन्छु भन्या उसो भया त चाडो गांडुक गै वस भनि भोट्या काजि १ लाषचा काजि २ युगलाथुपसमेत काजी ४ र फिरंगीको जजको मद्दत भै गयेछ पत्रमा चार जनाले छाप लाइदियेछन् गोर्षाबाट पनि तेरा गरिदियाको रहेछ हामिले पनि तलाई मद्दत दियाकै छ त जा र आफना राजासित मिला परमुलकको बन्दोबस्त गर्दा धर्माार लासा उठि तमाथि आया भन्या तेस कुरामा हामि सामेल भै काज गरौला भनि सल्लाह दियेछ फिरंगि भन्या चडो गाँडुक हात गरिहाल भन्दो रहेछ तेस्तै बेलामा लासाको रुपिले चिठी युगलाथुपलाई लेषेछ हिजो गाँडुकको राजा याहा आई विन्ति गर्दा चिन पात्साहाको र गोर्षाको हुकुमले तलाई राजासंग पुऱ्याई तम्रो सल्लाह वाधी कविला लिन गयाको होस आज लस्कर लि करमाथि आइस् यो कुरा मिलाई षोलिकन लेष भनि चिठी आउदा युगलाथुपले जवाव लेष्याको वेहोरा साचो हो हुकुम मानि कुल कविला लिन गयाथ्याँ कुल कविला लि आउदा चाकर पनि ममाथि वेहुकुमले बाधछौ माछौं भन्दा हामिलाई मार्न्या मात्र हुन् आज ई चाकरले पनि तेति भन्दा हात रहेन आज यो कुरा षोजि लेष भनि लेष्यौ त ७ पुस्ताको काजी हामि हौं ६ पुस्ताको राजा त्यो हो हिजो कसै भयो त पनि आल ति हाम्रा शत्रु हामिलाई पक्राईदेऊ राजामाथि हामिले पाप चितायाको छैन ति मानिस पाउदीन चुकल्याहा भोट्याको कुरा सुनी हामिलाई मार्नामा लाग्या भन्या राजा मारुन् हामि कुलकविलासमेत येकै चोट मर्छौं भनि रुपिलाई जुवाव लेषेछ गांडुक राजाको तेसुम लामाले पनि रुपिका चिठि पठाउदा तैले तेसो गरिस् भन्या राजाको पनि विन्यौं दुनियाले पनि दुष पाम्रो तेरा शत्रुमौ पऱ्या काम हामि गर्छौं त राजासित मिलन्या वन्दवस्त गर भनि लेषेछ वढिया हो हाम्रा राजाका मान्रा तिमि हौ तिमिहरूले त्यो सल्लाह दिन्छौं भन्या राजा भन्याका हाम्रा ईश्वर हुं उनमाथि मैले कलप्याको छैन ममाथि लागन्या शत्रु मेरा हात पारिदिन्छौ भन्या मैले मांनु छ भनि रुपिलाई र लामालाई येकै रोजको रमाना गरि २ लाई जुवाफ लेषेछ युगला थुपका गोलबोलका कुरालाई युगलाथुपको भतिजो गोरष भन्याको मोषे काजी रहेछ उस्का साथ ४ सै उसैको भाई ईकवहादुर काजी सित २५ भोट्या काजी देवुटक्वाको छोरासंम ४ सै अरू सर्दार ३ सुबेदार ३ का साथ सुबेदार-सित सै सै सरदारहरूसित डेढ डेढ से युगलाथुपपट्टि १ सै उस्का भाईका संगमा ३ सै अरू लाषचा भोट्या तिष्टावा-रका जो भयाको सामेल हुदा जमा चार हजार बढि होला घटि हवैन बन्दुक भन्या १ हजार नाल हुनन् ५०।६० चल्दैन ई अरू तयारि छ भन्या युगलाथुपले गऱ्याको विस्तार चिवाले लेषाग्राको वक्यौता उतार गरि चह्लाई पठायाको छ हामिभन्दा नगीच सुवा छ उनबाट विस्तार आयो हो ताहा चरणमा जो तजविज ठहर्छ इति सम्बत १८८८ साल मिति ज्येष्ट सुदि ७ रोज ५ शुभम् ..... .....

श्री ५ गोर्षा सर्कार

१

उप्रान्त ल्हासामा वसि कामकाज गर्न्या मान्तारिन अम्वा ङन्तारिन अम्वाले मलाई जवाप लेषेका दस्षतको उतार ... ... ...

स्वस्ति श्री ५ चिन वादसाहका हुकुमले भोट ल्हसामा वसि कामकाज गर्न्या श्री ३ टुवाङ ताठिन श्री मान्-तारिन अम्वा तथा श्री ङनारिन अम्वा दुवै अम्वाले ·· श्री ५ गोर्षाका पगरि कपतान ल्हासामा वसि कामकाज गर्न्या श्री चन्द्रमान कार्किछेउ पठायाका पत्रम् ... .. उप्रान्त हामी ताठीनबाट लेष्येको चिठि यो साल ७ महीनाका ८ दिन जादा डिर्चाको फोपुन ग्यानछीपुनले सवै वृत्तान्तको चिठी लेषेको अर्थ श्रीहाफोन १० साल ६ महीनाका १६ दिन जादा अम्वाबाट हामी फोपुनलाई लेष्येको चिठी र हाफोन १० साल ६ महीनाका ३ दीन जादा ल्हासा वस्न्या गोर्षाका पगरि चन्द्रमान कार्किले चढायाका विन्ति-पत्रमा लेष्याको अर्थ ५ महीनाका २३ दीन जादा डीगर्चा-

का फापुन लेषोपुथुङ फोपुनले गोर्षाको प्रजा र कस्मेरि मुसलमानको झगडा हुदा विचार गरि उल्लीषेरै सोधबुझ गरि वस्ता श्री हाफोन १० साल ६ महीनका १६ दीन जादा श्रीबहादुर अम्वाबाट मलाई लेष्येका चिठीको अर्थ हाफोन १० साल ६ महीनाका ३ दीन जादा ल्हासामा वस्न्या गोर्षाका पगरि कपतान चन्द्रमान कार्किले डीगर्चाका नेवारका नाइकेले श्रावण वदी ८ रोज ४ का दीन विन्ति गरि पठायाका चिठीको वेहोरा १९।१७ साल श्रावण वदी ८ रोज ४ का दीन तेश्रो प्रहर भयाका बेल्हामा गोर्षाको रैयत र कास्मेरि सुसलमानको डीगर्चामा झगडा भयाका कुरामा गोर्षारैयतलाई डीगर्चाका फोपुनले फलामका सीक्रीने घीचामा वाधी फोपुनका यामनमा लगि पास्या ठोके हाम्रो रीतिथिति रहेन भनि हाम्रा गोर्षाका रैयत डीगर्चामा वस्न्या नेवार माहाजनलाई वयैसमेतले हामीसंग बिन्ति गन्या तसर्थ हामी कपतानले श्री ३ बडा अम्बा २ का हजुरमा विन्ति जाहेर गन्याको हो अति सिक्षे हामीलाई छोटा बडा दुसियाँ गैह्लाई नीसाफ रीतिथिति कुन राह नीतिमा चलन पर्न्या हो अघी भयाको पछीसंम रहन्या अचेल चल्याको दुनीयाको चित बुजाईवक्स्या मैले ता सर्कारबाट वाधी वक्स्याको बन्दबस्त ठीक राषी दुनीयाँलाई पन्याको दुषसुष षुलासा अर्जि लेषि १ मा चढाउनुपर्छ भन्या बेहोरा श्री बन्दा अम्बा हजुरमा विन्ति चढायाको हो चाडो यसको उत्तर वक्स्या नेपाल पनि पठाउदा हुँ डीगर्चामा पनि माहाजन नाइके सबैलाई यो रीति तिमीहरू केहि भयो भन्या उत्तरा लेषि पठाउदा हुँ ल्हासाका नेवार महाजन गोर्षाका गैह्रको निसाफ गर्नु भन्या १ बाट हामि कप्तानलाई वक्स्याको हो आज गोर्षारैयतलाई डीगर्चाका फापुनले पास्या ठोकेको कुन राह हो येस कुराको निसाफ निया श्री वडा अम्बाबाट हुन्छ कि कसो हो अति सिक्षे पाया सोमाफिक नेपालमा अर्जि लेषता हुँ हामी बेहोरा नजान्येले लेष्येका अर्जिमा केही विन्ति तलमाथि पन्याको क्षेमा वक्स्याजाला भन्या कुरालाई गोर्षाका पर्जाका घाउको नवोना वाउपट्टीको बडो सारो छैन दाहीनापट्टी सारो छ भनी लेषीयाको रहेछ हामी ताढिनले वीचार गर्दा नीज कपतनाले बिन्ति गन्याको अर्थ गोर्षा र भोटको घा बन्दबस्त गन्याका ढडामा गोर्षाका रैयत दुनीगैं माहाजन र नेपालका कास्मेरी मुसलमानको झगरा भयो भन्या भोटको अदालतबाट छिन्नु हुदैन तत्निमित्त विन्ति गन्यौ औ गोर्षारैयतको नाउ पनि छैन औलाले यो कास्मेरि हो भनि पनि देषायेनन् क्या र त्यो कुरा हुदैन भनि अति दियाको छैन त्यो षटायाका पगरिले जो मुषले निहु गन्यो विचार गरि ज्मा विस्तार लेषी पठायाको चिठी हो यो चिठी फोपुनले मान्नु पर्छ त्यो अघी झगडा गर्न्या मुसलमानलाई आज फोपुनले निसाफ गरि कुट्तामा गोर्षाको प्रजा हो भनि थाहा भयेन गोर्षारैयत भन्या तेसको नाउ क्या हो अैल्हे पांस्याले घाउ हो कि अैल्हे फेरि त्यो मुसलान कुन देसको हो कस्मेरी हो जुन देसको मानिस भया पनि वितलब पान्याका कामको बेहोरा निश्चये गरि चाडो यामनमा विन्ति लेषनुपर्न्या हो हामी ताठीनले विचार गर्दा गोर्षाका पोगरिलाई यो चिठीको उत्तरा लेषि पठाउनुपर्न्या छ भन्या बेहोराको दस्षत आउदा हामी फागुनले गोर्षाली र कास्मेरि २ तिरको झगडा भयाको बेहोरा जस्ताको तस्तो निश्चय विचार गर्दा यो साल ५ महीनाका ३ दीन जादा डीगर्चामा बेपार गर्न्या कस्मेरि मुसलमानहरूले हाम्रा यामनमा आई करायो आर्फ आजका दीन पसल उठाईसक्यापछि ध्यानपत नेपार र उसकी स्वास्नीकी आमाले भन्या आज हाम्रा घर १ मुठो रेसम कीन्छु भनि गोर्षा टुई राइटारे आयो र किन्यो दाम लिन चाडै मेरा घर मसंग आऊ भनि डाकि लग्यो उलिषेरै मेरो भाई मनटु षाजिले छोरिलाई डाकि दाम लिन पठायो २ फेरा पठाउदा पनि त्यो टुई राइटारेले भनेछ जा जा तेरा घरका मानिस सबै आउ भन् तेरा घरका मानीस आया भन्या म धागाको मोल दिउला भन्यो भन्दा नेवारका घर डेरा गरि बस्येका टुई राइटारेसंग मेरो भाई मनटु षाजि दाम माग्न जादा उनिहरूको कसो गरि गालागाल भयो हो थाहा पाइयन त्यो राइटारेले र तेसका चाकरहरूले गोर्षाका मनपका घरमा पनि फेरै फेरा कुटेछन् मेरा भाईको ज्यू बचाइदिनुहवस् भनि तालोयेसंग बिन्ति गर्दा लगतै हामी फापुनले कास्मेरि मुसाज्यूलाई तिमेरुको काम भया आफ्ना आफ्ना मालिक पगरिछेउ गै विन्ति गर्नु भन्दा त्यो मुसाज्यू चाडै यामनबाट निस्कि गयापछि लगतै मुसाज्यू र मुसाज्यूकी आमा वदवा अर्कसि यामनमा आई र कराई वीन्ति गर्न लाग्या त्यो गोर्षा टुई राइटारेका चाकरहरूले ढोकामा आई मेरि भोटिनिको छोरा मनटु षाजिलाई बाधी कुट्पिट् गर्दा सहन नसकि मेहेर राषि मरेको बचाई दिनुहवस् भनि विन्ति गन्याको कुरा हामी फापुनले सुनी चितले सहन

नसकि येसै हुदैन भनि दोमाह्या सेक्वै र मेरो चाकर भान्स्यांहरूलाई तिन्हेरु संगै त्येसो नगर भनि अह्लाउन जाउ भनि पठायाका चाकरले तिम्हेरु तेसो नगर भनि फेरै फेरा अति दीदा पछि त्यो गोर्षा टुईले हाम्रा नास्ति सुनेन त्यो मनटु षाजिलाई फोड्दिनु भन्दा उ षाजि पनि चिनियाँ भारदारले भन्येको मानेर हामीलाई पनि गालि गर्दा हामी फोपुनले चाकरहरू पठाई त्यो गोर्षा टुई र मनटु षाजि समेतलाई यामनमा डाकि ल्याउ र वृत्तान्त सोधौला भन्दा कस्तेरि मुसाज्यूले बीन्ती गर्‍यो म त्यो ३० वर्षका उमेरको भयाँ डीगर्चामा बसि बेपार गर्‍याको पनि धेरै वर्ष भयो भन्दा फेरि मुसाज्यू र मुसाज्यूकी आमा वदवाले बिन्ति गर्‍या आज बजार उठाईसक्यापछि येषुन काम्यान भन्न्या नेवारकी स्वास्नीकी आमा भोटेनीका घर आई भोटेनीको छोरो मन्टु षाजिसंग १ मुठो रेसमको मोल कति हो भनि सोधेछ र भोटेनीको छोरा मन्टु षाजिले वेचदा १ मुठाको मिस्काालले पनि बेचदथ्यो आधाले पनि बेचदथ्यो तिमि कति दिन्छौ भन्दा मोल तिमिले देषि दाम लिन संगै आव भन्दा भोटेनिका छोराले छोरि डाकि चाडै यससंग दाम लिन जा भनि संगै पठायेछ दामका निमित्त छोरी २ फेरा जादा पनि दाम नदि छोरिलाई टुईले भन्यो जा जा तलाई दाम दिन्न तेरा घरका जाहान सबै डाकि ले र रेसमको मोल सबै मानिस आयापछि दीउला भन्दा ती कुरा सुनी भोटेनीको छोरो मनटु षाजि टुई राइटारेसंग रेसमको दाम लिन गयो र टुई राइटारेले दाम नदिदा फेरि मनटु षाजिलाई तेस टुईका चाकरहरूले डोरिले बाधी कुटेको रुगरा गरि करायाको सुनि र मुसाजु पनि सगै हेर्न गया र सुपाठसंग बिन्ति गर्दा पनि नसुनि साह्रै जवरजस्ति गरि कुट्दछ तालोयबाट मेहरमानकि गरि रोहोवरसाथ बुझ गरि मनटु षाजिलाई बचाइदिनुभया म र मेरा घरका परियार सवैलाई मेहेर राषिदिनुहोला मनटु षाजिले विन्ति गर्‍यो म ४० वर्षको भया आजका दिन जस्तो बजार उठाइसक्यापछि येस्तो घटेया अमंगल कहिल्हेई भयाको थियेन येपुन र कामपु नेवारकी सासुले हाम्रा घरमा पहेलो रेसम किन्न आई र मोल कति चाहिन्छ भनि सोधि हामीले भन्यौ हामीले बेचदा ता १ मुठाको मिस्कालले पनि बेचदथ्यौ आधाले पनि बेचदथ्यौ तिमि कति दिन्छौ लैजाउ भन्दा उसले भन्यो यो रेसम गोर्षा टुई राइटारेले कीन्याको हो उसका घर दाम लिन सगै जाउँ भन्दा उत्तीबेरि मेरी छोरिसंगै गै र टुई राइटारेले भन्यो येसको मोल मिल्दैन मोल तिर्न सक्दैन भन्यो भनि छोरिले भन्दा फेरि हामिले छोरिलाई वाहा भन्न पठायूं उसलाई नभनेस् तैले अन्त किन्न पठाया पनि आधा मोहर चाहिन्छ भन्या छन् भन्दा त्यो टुई राइटारेले छोरीलाई भनेछ रेसमको मोल चाहिन्छ भन्या तेरा घरका मानिसहरू सबै डाकि ल्या र म दाम दिउला भन्यो भन्दा कदाचित् यसले भन्याको साचो हो कि होइन भनि हामि आफै टुई राइटारे बसेका डेरामा दाम माग्न जादा त्यो टुई राइटारेले भन्यो १ मुठा रेसमको आधा मोल चाहिन्छ कि आधामोहर घटि देषदैनस् कि भन्येछ र तिमि ता साह्रै बेथिति गर्दछौ भनि हामिले भन्यौ काहि किन्न गया पठाया नि आधा मोल हो तिमिले येसको मोल महगो भयो भनि ठान्या हाम्रो रेसम फर्काइदेउ तिमिहरू ठाउमा हेरि किन भनि येति कुरा गर्दागर्दै टुई राइटारेले उसका टाउकामा समाति उसका चाकरसमेतले सकेसम्म कुटेछन् आधा शरीर सबै घाउ मात्रै लाग्याको छ अरू पनि कुट्नाको धोको पुगेको छैन जनताले हामिलाई बाधी फेरै फेरा कुटे आज तालो-येले दया करुणा राषि हाम्रा ज्यूको उद्धार नगर्‍याको भया ज्यू जान्या थियो अब उप्रान्त पनि दया मेहर राषि दिनु-होला गोर्षाको टुई राइटारेले बिन्ति गर्‍याको येस पाला डीगर्चामा आई नेवारका नाइकेका घर डेरा गर्‍या आज नेवारकी स्वास्नीकी आमालाई डाकी मनटु षाजि वस्याका ठाउमा १ मुठो रेसम किन्न गै घर फर्की आई र १ मुठो रेसमको मिस्कालमा पनि बेचदछौ दाम लि पठाई देउ भन्यो र छोरिलाई २ फेरा पठाउदा पनि दाम दियेन त फर्की जा र तेरा घरका मानिसलाई भन तेरा घरका मानिस सबै डाकि ले र तेरा रेसमको मोल दिउला भन्यो भनि छोरिले भन्दा मन्टु षाजिलाई भन्यो रेसमको दाम चाहिन्छ भन्या येसको आधा मोल हो र दाम पयाकी दिन्या हो भन्दा मानेन यसले निश्चये थिति बिगार्न लाग्यो भनि हामिले भन्याको नमानि अघी पनि दीदैन चित्त थिर गरेन भन्दा अब हामीले मन्टु षाजि समाती तेसका चाकर-हरूले पनि थोरै कुटेछन् उसका घरका मानिसहरू सबै आई हामीसित गालागाल गर्‍या र त्यसनिमित्त हामीले पनि उसलाई डोरिले बाधी कुटेको हो हामीलाई येस भोटका देसमा कयेत गर्न्या कोहि छैन आज तालोयेले मलाई कुटेउ भन्या निमित्त चीनियाँका मालिक हो तिमि

तालोयेसित केही काम छैन मैले ता मन्टु षाजिसंग काम षोजेको हो भनि बिन्ति गऱ्यो र हामी फोपुनले भन्यौ डीगर्चामा बेपार गरि बस्न्या गोर्षारैयत महाजनहरू थिति नमानी बस्न्या कोहि छैनन् किन्दा बेच्दा पनि निश्चये गरि काम गर्दछन् तता मंटु षाजिका रेसमको दाम नदि अऋ उसैलाई डोरिले बाधी चाकरहरूलाई अह्राई कुटन लाउन्या झगराको काम षोजन्या पो रहेछस् भन्दा फेरि त्यो टुई तालोयेका कचहरीमा गै उभी सुरो भै आङ बंगेई नटेरि साह्रै नि जबर्जस्ती गऱ्यो निसाफदेषि डराउदैन हामी फापुनले नहप्काई भयेन भनि साना वासका फाव्लेटाले ५० फेरा टुई राइटारेलाई कुटेको हो नकुटेदेषि पछिसम्म पनि यस्तै वानि लाग्न जाला भन्या अर्थले कुटेको हो त्यो मन्टु षाजिलाई बाध्याको डोरि फोइदेभन्दा फोइदा यो राइटारेले रेसमको मोल नलिनु भनि छाडिदियेछ फेरि तेसै मैन्हाका २६ दिनमा गोर्षाका प्रजा नेवारका नाइकेले बिन्ति चढायाको सारि हेर्दा यो साल ५ महीनाका २३ दीन जादा गोर्षा टुई राइटारेले डीगर्चाका मन्टु षाजिसंग १ सुठो रेसम किन्यावापत गालागाल हुदा त्यो मन्टु षाजि निति-थितिमा नछिर्दा हामिहरूले मन्टु षाजिलाई बाधी कुटेको हो तेसको र अरू षाजीहरूको सास्त्र पनि मिल्दैन आफ्नु मनग्य गर्दछ चिनियाँ भोटको नितिथिति पनि मान्दैन त्यो मन्टु षाजिले पराकी सालमा आफ्ना नाइकेका माज्यूसंग पनि झगरा गऱ्याथ्यो सबैलाई जाहेर छ तालोयेले पनि विचार गर्नुहोला हाम्रा नेवारलाई र गोर्षा टुईलाई तालोयेले यस्तै गरि निसाप गरि कुटनुभयो तस्तै गरि मन्टु षाजीलाई बाहिर अरु देसमा धपाइदिनुहोला भनि बिन्ति गऱ्याको हो उसको मालमत्ता सबै डंडवापत लिनुहोला त्यो काम नगरि हामीहरू छाड्न्याछौन जति सन्है पऱ्याहरूले गऱ्याको काम हामिले विचार गर्दा जाहेर हुन गयो तालोयेले पनि विचार गर्नुहोला भन्दा त्यो मन्टु षाजिले चिठि चढायाको सारि हेर्दा यो महीनाका २३ दीन जादा हामीलाई गोर्षा टुई राइटारेले १ मुठा रेसमको मोल नदियाबापत गालागाल हुन गयो त्यो टुई राइटारेले र तेस्का चाकरहरूले फेरैफेरा कुटदा तालोयेका मेहेरले हामीलाई षातिरजमा दी सोधबुझ गरि त्यो टुइ राइटारेलाई निसाप गरि कुटि छिनिदिनुभयो हामीलाई पनि रेसमको मोल लिन पाउदा नभनी ताकिदिनुभया (?) आज उनिहरूले मानेनन् तापनि मान्न्या नमान्न्या जसो गर्नुपऱ्यो तालोयेका हातमा छ तालोयेसंग बिन्ति गरि मलाई अरू मुलुकमा धपाई मेरो मालमत्ता डंडवापत लिनु भन्न्या बेहोरा सबै हाम्रा ज्यूज्यूबाज्याका पालादेषि आजसम्म डीगर्चामा वसि व्येपार गर्दा १०० भन्दा ज्यादा भयो यस्तो झगडा कैल्है परेको थियेन यो वीदस्तुरको काम कवै गऱ्याको हवैन आफ्नु जो गऱ्याको हवैन आफ्नु जो गऱ्याको साउ अरूसंग सापट ल्यायाको छ फेरि षाजि सेवामा वा छेउमा सापटि ल्यायाको ध्वजे ३० छ फेरि अरूसंग बाहिर साउ मात्रै पनि थाहै छैन तालोयेबाट बिचार गरि सोधबुझ गरि छिनिदिनुभया गोर्षाको प्रजा नेवारको नाइकेले हामीसंग सापटी लग्याको ३३ मोहर २ मासा १० दिनमा तिरुला भनि लैगेथ्यो अऋसम्म १ मासा पनि पायाको छैन त्यो टुई राइटारेले अघि आउदा ग्यानचेमा कामपनको टहल गर्न्यालाई कुट्यो र अऋसम्म त्यसको घाउ निको भयाको छैन आज फेरि मलाई कुट्यो सरिर जषम भयो अरू तालोयेसंग जबर्दस्ती अर्जि चढाई बिन्ति गर्छ मेरा सरीरमा जो भयाको घाउ देषाउछ आफु तालोये आई नजर गर्नुहवस जो भयाको काम तालोयेबाट मेहेर राषिदिनूपर्छ भन्दा उन्हेरु सबैले बिन्ति मेरो हुन्छ भनि कवोल गरि २ थरिका कामको बेहोरा विचार गर्दा जो भयाका कामको विस्तार उत्तरा लेषिदिदामा कुपन र पगरि चिच्योबाहरू यामनमा आई जस्ताको तस्तो सोझो निसाप गरि काम छिनिदिदा झगरा थामियो अब हामीलाई दुवैतिरका अर्जि दिनूहवव् भनि झुपनहरू माग्न आया र अैल्हेको कागज दिदामा २ तिरका भारदार बसि काम छिनियो अब हामी दुवैतरफ फेरि झगरा गर्न्याछैनौ भनि मुचुल्का लेषि ल्याउन् पनिपर्छ गऱ्या झन सेषि गरौला भनि कागज लैगया अम्बाबाट विचार गरि लेषिपठायाको पत्र आइपुग्दा हामी फोपुनले दुवैतिर झगरा भयाका बेहोरा वृत्तान्तको ढडा लेषि चढाई पठायाको छ यो गोर्षा टुई साह्रै जवरजस्ती भै काम षोजन आयाको ह भन्यो हामिले अह्रायाको कुरा मानेन विथिति गर्न्या हो सासना गऱ्यो पाँस्याको घाउ पनि अस्तिनै निको भयो आज हामि फापुनले मन्टु षाजिका कुरा विचार गरि सोधबुझ गर्दा मन्टु षाजिले विरायाको रहेनछ ति डीगर्चाका झम्पुन र पगरिहरूले २ तिर झगरा भयाको बेहोरा येसो गरि छिनियो भनि लेषि आया सोहि बेहोरा लेषि २ अम्बालाई चढाउला र बिचार गरि २ अम्बामार्फत ल्हासा बस्न्या गोर्षा पगरि कपतानलाई पठाउनुहोला र ति कपतानले मान्नुपर्छ भनि लेषि आयाको बेहोराको ढडा हामि ताठिनछउ डीगर्चाका

फोपुनको चिठी नपुग्दै डीगर्चाका फु्पुन र नेवारको नाइक्ये कस्मेरिको नाइक्ये बसि जस्ताको तस्तो निसाप गरि छिनि-दिनु भनि लेषि पठायाको छ तेस्को उत्तरा पछि फेरि लेषि पठाउला त्यो डीगर्चाका फोपुनले २ तरफ सोधबुझ गऱ्याको बेहोरा लेषि आया हामि ताठिनले पनि तेस्तै बेहोराको ४ दसषत लेषि पठाउंन्याछौ तिमि कपतानबाट जाहेर भै यो दसषत मान्नु पर्छ बाकी डीगर्चाका फोपुनले हामि ताठिन-छेउ विन्ति गऱ्याका पत्र विस्तार मालुम भयो सोधबुझ गरि लेषि आयाको ढडा सारि ल्हासामा बस्न्या गोर्षाका पगरि कपतान चन्द्रमान कार्किलाई दसषत लेषि पठायाको छ डीगर्चाका फु्पुनहरूलाई तिमिहरूले यो झगरा जस्ताको तस्तो सोझो निसाप गरि छिनिदिनु यस्ता बेहोरासंग झगरा छिनिसक्यौ भनि जवाफ उत्तरा चाडो लेखि पठाउनु भनि दसषत लेषि पठायाको छ इति श्री हाङफोन १० साल ७ महीनाका १४ दीन जादा मुकाम ल्हासा यामन शुभम्…

अर्जि … … …

उप्रान्त गरिप्रवर करुणानिधान हजुरका फर्मायसि विक्रि गर्न्या माल ल्हासाका कपतान जिरमानसिंह षत्रि क्षत्रिका जिम्मा छोडिगयाको निज कपतानले विक्रि गर्न नसकि बाकि रह्याको माल हामिहरू ल्हासा पुग्न्याबित्तिकै निज कपतानले हामिहरूलाई बुझ भन्याछ हाम्रा नाउमा गरि-बक्सनुभयाको दस्कतमा भन्या चिनतर्फ बिक्रि नहुन्या माल ल्हासामा कपतानका जिंमा दी जानु फर्कदा बिक्रि भयाका मालको रुपैयाँ बुझि लिनु विक्रि नभयाका माल पनि भरसक्य किफायेत हुन्या तवरसंग विक्रि गरि रुपैयाँ ली आउनु भन्या छ कपतानका जिम्मा दिगयाको माल विक्रि नभै बाकि रह्याको कपतानसंग बुझि लि हामिहरू र निज कपतान बसी ल्हासा बसंज्याल भरमकदुर विक्रि गरुला भरमकदुर गर्दामा बिक्रि भयेन भन्या विक्रि गर्न नसक्याको माल सबै फिर्ता गरि ली आउन्या हो यस्को सिक्षा अर्ति हामिहरू ल्हासा पुगि ल्हासामा बसंज्यालसंममा पाया सोबमोजिम काम गरि आउदा हु औ अघि ल्हासा-बाट दोहोरा बेपार गर्ना निमित्त भयाजति नगद मैले जिम्ला ली नंबु षरिद गरि ली गयाको नंबु बिक्रि गर्दा गर्मिका मुलुकमा बेचनुपर्दा नाफा भन्या धेरै भयेन टुट भन्या परेन फेरि नंबु बिक्रि भयाका दामले चिया भारि ५० षरिद गरि ल्यायाको छ ल्हासामा बिक्रि गर्दा नाफा कति होला ल्हासाबाट लेषि चह्लाई पठाउन्या काम गरुला हरपमा ऊचनीच पऱ्याको सेवकमाथि क्षेमा राषिबक्स्या-जावस् विज्ञे चरणेषु किमधिकम् …

श्री ३ महाराज

१

अर्जि … … …

उप्रान्त गरिपरवर कार्तिक शुदि १४ रोज ५ मा लेषि-बक्स्याको सिक्षेपत्र र नुमिहान चार काजिलाई लेषियाका चिठीका नकल २ समेत स्येवक ल्हासाबाट नेपालतरफ हिडिसकेपछि ल्हासा पुगेछ र कास्यालबाट पठाइदियाको स्येवक डीगर्चा आई पुग्यापछि मार्ग शुदि १२ रोज ५ का दिन डीगर्चामा आइपुग्यो सिक्षे अर्ति हेरि सिर चढायाँ बाकि षामिद १ बाट नुमिहान चार काजिका नाउमा लेषिबक्स्याका कुराको बिन्ती चढाउनलाई छैंच्योलीको छचानजोय छचालछन् धान्दुपलाई नुमिहान र चार काजिले पठाइरह्याका छन् नीज छचान्जोयले षुलासा बिन्ति चढा-उने छ गरिप्रवर स्येवक पनि ल्हासाबाट हजुरका दर्सनलाई डीगर्चा आईपुगे पौष वदि १ रोज १ का दिन डीगर्चाबाट हिद्दछु घोडा र भोटेकुकुर पनि ल्यायां गरिप्रवर अरू षबर हजुका चरणकमलको दर्सन गरि षुलासा बिन्ति चढाउला दारोगा राजविर अघि पठाइबक्स्याको सिछेपत्र आईपुग्यो बित्तिकै नेपालतरफ आयाको विस्तार अघि चढायाका अर्जिबाट जाहेर भयो हो दारोगा राजविरका नाउमा पठाईबक्स्याको चिठी यसैमा षामि चढाई पठाया-को छ बन्दा स्येवकलाई र सेवकका सगमा ल्हासामा नेवार गरिप कंगालहरू आयाका छन् पतियाको विन्ति षामिद अर्जिमा कम ज्यादा पऱ्याको क्षेमा बक्सी बन्दाका उपर इत सदा दया मेहरको नजर निगाहा राषिबक्स्यापाउला स्येवक कपतान चन्द्रमान कार्कि क्षेत्रीको कोटि कोटि स्येवा

अर्जि ··· ··· ···

उप्रान्त गरिप्रवर ज्येष्ट वदि ७ रोज ४ का दिन लेषिबक्स्याको सिक्षेपत्र र पुर्जी २ भोटियां काजिहरूसंग रुपैयाँ तगेदा गर्न्या हीसापको कागज १ समेत आषाढ वदि ९ रोज ७ का दिन आइपुग्यो अर्ति सिक्षे हेरि बाकि षामीद तोपको मोल पछि रह्याको षजानाको मोल माफ बक्सनुभयाको हिसाप नगरि बाकि षजानाको मोल चाहिन्या र तोप षजाना बोकन्या ज्यालाका रुपैयाँमध्ये मोहोर रुपैयाँ १०३० आजस्मलाई बाकि रह्याको छ न्यो रुपैयाँ चाडै पठाउ भनि कास्यालमा काजिहरूलाई भन्न पठायाँ र काजिहरूले टिंगरि धैंपुनको मानिसले षजानाको मोलका रुपैयाँ चुक्ति गरि बुझाई रसीद ली सके भन्या नेपालमा रुपैयाँ बुझाउन जान्या टिंगरि धैंपुनको मानिसका हातमा रसीद छन् ती रसीद चाडै याहाँ झिकाई हिसाप हेरि कुराको फरक पऱ्याको रहेछ भन्या सोहिमाफिक र रुपैयाँ बाकि रह्याको रहेछ भन्या रुपैयाँ पठाउन्या काम गर्छौं भनि भोटेकाजिहरूले भन बाकि गरिप्रवर हाल याँहाँको षवर चीनबाट चीनियाँहरू आईपुग्याका छैनन् ङ्यारुङासंग भोटेहरू घा गर्न्या कुरा गर्न लागिरहेछन् घा भयाको र नभयाको तहकित भयाको छैनन् षामिद अरू षवर ज्येथास्थीतै छ पछि जो होला विन्ति चढाउला स्येवकका उपर सवै पछेवाट दया मेहर राषिबक्सी अर्जिमा कम ज्यादा परेको क्षेमा बक्स्या पाउला ... ... ...

इत सदा स्येवक कपतान चन्द्रामान कार्कि
क्षेत्रीको कोटि कोटि स्येवा

अर्जि .. ··· ···

उप्रान्त गरिप्रवर ज्येष्ट वदि १ रोज ५ मा लेषिबक्स्याको सिक्षेपत्र ऐ सुदि ६ रोज ३ का दिन आइपुग्यो हेरि सीर चढायाँ बाकी षामिद डुक्पाको र अंग्रेजको लडाईमा अंग्रेजले मिचतैं ल्यायो भन्या हौडा कुरा गर्छन् तावाँ गुम्बामा ङवाँग्येन्दुलाई मान्याका कुरामा भेब्रुं गन्धे गुम्बाका बाडाका मालिकहरूले नयाँ हुन्या राजासंग बिन्ति गऱ्या र येस कुराको जाच गर्नालाई लाढाछ्यांजाये छोकर धेपालाई षटायाका छैनन् औ ङ्यारुंका लडाईको भोटेहरू घा गर्न्या मन गर्छन् हाल घाको बन्दोबस्त ठेगान भयाको छैन चीनियाँहरू हाल ल्हासा आईपुग्याका छैनन् भोटेकाजि १ षालि थियो हाल सारछु फोपुनलाई काजि तुल्याया बाकि षामिद ज्येष्ट शुदि ११ का दिन पोतला लामाज्यूको मुर्बुलीकामा सवारि हुन्या तयारि छ औ गरिप्रवर सिलिको लावे सबुजामाफिक कदम भयाको घोडा १ को मोल टा रु ८०-तीरि कीन्ये अर्को घोडा पनि षोजदैछु पाउन्यैविक्तिकै किनि घोडा र भोटेकुकुर २ स्येवक हजुरका दर्शनलाई नेपाल आउदा सगै लिई आउला कि जो मर्जि षामिद अरु षवर ज्यथास्थितै छ पछि जो होला बिन्ति चढाउला गरिप्रवर बन्दा स्येवकका उपर सबै पछेबाट दया मेहेरको नजर निघा राषिबक्सी अर्जिमा कम ज्यादा पऱ्याको क्षेमा बक्स्या पाउला ··· ···

अर्जि ··· ··· ··· ···

उप्रान्त गरिप्रवर भाद्र वदि ११ रोज १ मा लेषिबक्स्याको सिक्षेपत्र आस्विन वदि ३० रोज का दिन आईपुग्यो सिक्षे अर्ति हेरि सिर चह्राया वाकि गरिप्रवर हाल याहाको षवर चीनबाट मान्तारिन अम्बाका बदलामा आयाका हुन् भन्ने हौडा कुरा गर्छन् चिन्तारिन भन्ये अम्बा ल्हरिगोमा आईपुग्ये भनि पोतला लामाज्यू र राजालामाबाट छिन्तारिन अम्वा लीन भनी २ जना मानिस हिजो पठायाका र ङ्यारुंवाका लडाईमा वाईरका हौडा कुरा सुनि भदान्ये घा मिलन्ये कुरा छ भन्ये कुरा सुनिन्छ कास्यालबाट भन्ये अचेल फुकुम्मा सिपाहि तयार गरिराषनु काम पऱ्याका बषतमा डाक्ता आउनु भन्न्या दस्तषत पठाया डुकपाका तरफ भोटबाट घोडा षरिद गरि लान्येलाई घोडा लान नदिनु भन्न्ये दस्षत डुक्पातरफका दोसादका फुमा पठाया अंग्रेजको र डुक्पाका लडाईका कुरा आजकाल केहि सुनिदैन गरिप्रवर अरु षबर ज्येथास्थितै छ पछि जो होला विन्ति चढाउला अर्जिमा कम ज्यादा पऱ्याको क्षेमा बक्सी बन्दा स्येवकका उपर सवै पछेवाट दया मेहेरका नजर निघा राषिबक्स्यापाउला... ... ...

# नवग्रह–एक अध्ययन

—*हरिराम जोशी*

वैदिक अथात् हिन्दूधर्म अद्वैतवादी छ । यस तथ्यलाई शायदै कसैले इन्कार गर्ने साहस गर्न सक्ला । ऋग्वेदको अध्ययनमा उक्त तथ्यको स्पष्ट झल्को पाइन्छ । (१) सम्पूर्ण वैदिक एवं त्यसका प्रसृत साहित्यिक तथा पुरातात्विक सामग्रीहरूको गहन अध्ययनमा वाह्यरूपले हेर्दा जत्तिसुकै संख्यामा देवीदेवताहरूको प्राचुर्य देखिए तापनि गूढतामा त्यहाँ अद्वैतवादी भावनाकै प्रतिध्वनि पाइन्छ । एकमा अनेक औ अनेकमा एकको दर्शन हुँनुनै वैदिकदर्शन एवं धर्मको निचोड छ । यसैले प्रस्तुत धर्म अद्वैतवादी रहेर पनि यसमा देवीदेवताहरूको बहुलता देखिनु स्वाभाविक छ । उही एकमा अनेकको दर्शन व्यक्ति व्यक्तिमा सन्निहित गुणहरूको परिणति छ, समयानुरूप व्यक्तिको मानसपटमा खिचिने चित्रहरूको चित्रण ।

उपरोक्त धर्ममा देवताहरूको बहुलता रहेको कुरा माथि वर्णन भैसकेको छ । प्राकृतिक शक्तिहरूनै त्यस वेला देवताको रूपमा मानिन्थे । सौम्य एवं रौद्र मध्ये कुनै पनि प्रकृतिको कारण जुनसुकै कुरो पूजनीय हुन्छ । सज्जन पूजायोग्य मानिए जस्तै दुर्जन पनि पूजा गरिने हुन्छ । सज्जनको पूजा उनमा निहित सौम्य प्रकृतिको कारणले गरिन्छ त दुर्जनको पूजा डरको मारे । यस बारे संस्कृतको एक लोकोक्ति छ जुन निम्न प्रकारको छ ।

**"प्रथमं दुर्जनं वन्दे सज्जनं तदनन्तरम् । मुखप्रक्षालनात्पूर्व गुदप्रक्षालनं वरम् ।"**

वैदिक अर्थाथ् हिन्दूधर्मका अनेकौं देवताहरूमा नवग्रह पनि लिइएका छन् । ग्रहहरूको गतिमै प्राणी मात्रको हित अहित अवस्थित हुने विश्वासमै ग्रहहरूलाई देववत् पुजिने चलन चलेको हुनु धेरै सम्भव छ । सात ग्रहको एक स्थानमा रहंदा हुने उपद्रवको संकेत उपमाको रूपमा प्रथम शताब्दीका महाकवि अश्वघोषले आफ्नो रचना बुद्धचरितम्मा प्रस्तुत गरेका थिए जसले ग्रहपूजा यहाँ किन प्रचलित भयो भन्ने कुराको झल्को दिएको छ (२) ।

वैदिक समय देखिनै ग्रहबारे ज्ञान गानिसहरूलाई भैसकेको थियो । वेदमा सूर्यको स्तुतिको साथ अन्य ग्रहहरूको पनि स्तुति गरिएको छ (३) । वैदिक ग्रन्थहरूको अतिरिक्त महाभारत, रामायण, मार्कण्डेयपुराण, विष्णुपुराण, भविष्यपुराण, ब्रह्मपुराण, अग्निपुराण, गरुडपुराण, सौरसंहिता तथा साम्बउपपुराणहरूका साथै अभिलेख तथा अन्य ग्रन्थहरूमा सूर्यसम्बन्धी वर्णन उल्लेख्य छन् । (४) गुप्ता संवत् १४६(४६६ ई.) को इन्दोर ताम्रलेख (५) ४७३ ई. को मन्दसोरअभिलेख, (६) शक संवत् ४०२ (४८०ई.) को काठमाण्डू टेबहालस्थित सूर्यमूर्तिको पादपीठ लेख (७) औ सातौं शदी ई. का कवि मयूररचित सूर्यसतर्क (८) मा सूर्यमूर्तिको प्रतिष्ठापन, स्तुति आदि आदि वर्णित छन् । छैठौं शदी ई. का वराहमिहिरले आफ्नो वृहत्संहिता ग्रन्थमा सूर्यसम्बन्धी महत्वमूर्ण जानकारी प्रदान गरेका छन् । कृष्णाका छोरा साम्बले सूर्यमूर्तिको स्थापना गर्नुको अतिरिक्त त्यसको पुजाहारीमा साकद्वीपवासी मग ब्राह्मणहरू ल्याई नियुक्त गरेको कुरा उल्लेखमा आएको छ । (९) उक्त साम्बको नाम वसाढको खुदाइमा प्राप्त गुप्तकालीन मुहरमा पनि भेट्टिएको छ(१०) । फेरि, सूर्यपञ्चायतन देवताहरूमा एक मानिएको छ (११) तर, ने. सं. ९६९(१८४९ई.) को पशुपति गौशालास्थित पञ्चायतन देवताहरूको क्रममा सूर्यलाई सम्मिलित गरिएको छैन । नेपालमा प्राप्त सर्वप्राचीन सूर्य चन्द्र मूर्तिहरूमा ललितपुर, कुम्भेश्वर, गैह्रीधाराको चतुष्कोण आकारमा कुंदिएको उत्तर प्राचीन कालीन सूर्यमूर्ति र आठौं, नवौ शताब्दी ई. को राहु र केनुका मूर्तिसमेत कुंदिएको देवपाटनको धारास्थित सूर्यमूर्ति (१२) तथा ने. सं. ५४७ ... .., ने. सं. ५४९ का ल. पु. भण्डारखाल र चकबहिलका सप्तहंसमा आरूढ चन्द्रमूर्तिहरू (१३) छन् ।

यद्यपि यो निश्चय छ चन्द्रमाको उल्लेख शक संवत् ३८६ (४६४ ई.) को चांगु अभिलेखमै भेट्टिएको छ (१४) साहित्यिक आधारमा ग्रहबारे उल्लिखित वैदिक समयदेखि नै भएको देखिए तापनि पुरातात्विक आधारमा ग्रहगणबारे उल्लेख प्रथम या द्वितीय शदी ई. देखि भएको कुरा सुनिश्चित छ । महाकवि अश्वघोषविरचित बुद्धचरितम्‌मा सात ग्रहको उल्लेख भएको (१५) तथा द्वितीय शदी ई. को नासिक अभिलेखको "**चंद-दिवाकर-नरवत-गृह-विचिण-समरसिरसि जित-रिपु-सघस...**" पंक्ति (१६) यसका लागि उदाहरणस्वरूप छन् । शूद्रकरचित मृच्छकटिकको "**ग्रहगण परिवारो राजमार्गप्रदीपः**" पंक्ति (१७) पनि उक्त तथ्यको पुष्टिस्वरूप छ । ई. सन्‌को प्रारम्भदेखि देखिन लागेको मथुरा कलामा ग्रहहरूका मूर्तिहरू देखिएका छन् (१८) जसले तिनीहरूको देवताको रूपमा पुजिने ऐतिहासिक परम्पराको बोध गराउँछ ।

यद्यपि यो निश्चय छ साहित्यिक आधारमा वैदिक समयदेखि तथा पुरातात्विक आधारमा खिष्टाब्दीको प्रारम्भदेखिनै यहाँ ग्रहहरू बारे ज्ञान भैसकेको भए तापनि ग्रहहरू कुन कुन हुन् भन्ने बारे तत्कालीन विद्वानहरूमा मतैक्य भए जस्तो लाग्दैन । तृतीय शदी ई. पू. तिर संकलित "मज्झिम निकाय" ग्रन्थमा शुक्रलाई तारा भनी उल्लेख गरिएको छ । (१९) शुक्र तारा नभै ग्रह रहेको कुरा पछिका अनुसन्धानकर्ताहरूले सिद्ध गरिसकेका छन् । यसर्थ प्रस्तुत ग्रन्थमा शुक्रलाई ग्रह भनिनुको साटो तारा भनिएकोले त्यस समयसम्म ग्रह र ताराको भिन्नताको ज्ञान मानिसहरूमा राम्रोसित नभैसकेको कुरा स्पष्टरूपले अनुमान गर्न सकिन्छ । फेरि, कसैले चन्द्र-सूर्यलाई ग्रहगणमा सम्मिलित गरी गणना गरेका छन् त कसैले चन्द्र सूर्यलाई ग्रहहरूबाट अलग राखी गणना गरेका छन् । बुद्धचरितम्‌का "**सात ग्रहोंकी तरह उन सात राजाओंके एकत्र होनेसे पृथ्वी उपद्रवयुक्त होकर, समुद्र-पर्वतसहित बडे बेगसे कांपने लगो ।।७।।**" पंक्ति (२०) तथा ग्रहहरूको पंक्तिमा चन्द्रसूर्य पनि समावेश गरिएको मथुरा कलामा पाइएबाट चन्द्र-सूर्यलाई त्यस समय ग्रहमै गणना गरिएको कुरा चाल पाइन्छ । तर माथि उल्लिखित १४९ ई. को नासिक गुह भिलेखमा "**चंद-दिवाकर-नरदत-ग्रह-विचिण-समर सिरसि जित-रिपु-मघस ...**" भनी उल्लेख गरिनु (२१) तथा रघुबंश र भर्तृहरि विरचित नीतिशतकका "**नक्षत्रताराग्रहसंकुलापि ज्योतिष्मती चन्द्रमसैव रात्रिः ।।२२।।**"– रघुवंश, षष्ठः सर्गः (२२) "**शशिदिवाकरयोर्ग्रहपीडनं**"– नीतिशतक ९१ (२३) । पंक्तिहरूबाट चन्द्र-सूर्यलाई ग्रहगणबाट अलग्याएको देखिन्छ । कालिदास विरचित रघुवंशको श्री मल्लिनाथ टीकामा "**तथा हि नक्षत्रैः अश्विन्यादिभिः ताराभिः साधारणैः ज्योतिर्भिः ग्रहैः भौमादिभिश्च संकुला अपि रात्रिः चन्द्रमसा एव ज्योतिष्मती, नान्येव ज्योतिष्ठा इत्यर्थः**" (२४) उल्लेख भएको पाइएबाट पनि उक्त तथ्यको पुष्टिनै भएको लाग्दछ । नवौं शदी ई. को शुरु-शुरुका अभिलेखहरूमा समेत चन्द्र सूर्यलाई अन्य ग्रहगणहरूबाट छुट्याइएको पाइएको छ । चम्पास्थित शक संवत् ७२३ (८०१ ई.) को "**सूर्य्याचन्द्रमसौ ग्रहनक्षत्रतारागणास्सन्ति तावत् नरके वसन्तुस्म ।।**" अभिलेख (२५) यसको लागि उदाहरणस्वरूप छ । यसरी, पुरातात्विक आधारमा ग्रहगण बारे उल्लेख खिष्टाब्दको प्रारम्भमै भएको देखिए तापनि ग्रहहरू कुन कुन हुन् भन्ने कुरामा तत्समय एकमत नभएको सिद्ध छ ।

तर, ग्रहहरूको नाममा नामकरण गरिएका दिनहरूको उल्लेख पाचौं शदी ई. देखिका अभिलेखहरूमा देखिनु तथा सात वारका नाममा अद्यापि चन्द्र सूर्यको नाम पनि राखिएको पाइएबाट तत्समय ग्रहहरूको पंक्तिमा चन्द्र सूर्य पनि समाविष्ट गरिनु धेरै सम्भव छ । गुप्त संवत् १६५ (४८४ ई.) को एरण शिलास्तम्भ लेख (२६) तथा छैटौं शदी ई. को चम्पास्थित शम्भुवर्मन्‌को अभिलेख (२७) यसको लागि उदाहरणको रूपमा लिन सकिन्छ । मथुरा कलाशैलीका ग्रहमूर्तिहरूमा चन्द्र सूर्यको मूर्ति पनि पाइनु तथा महाकवि अश्वघोषका बुद्धचरितम्‌मा सात ग्रह एक ठाउँमा रहँदा नेपालमा भूकम्प गएको घटनाले तत्समय विद्वत्समाजमा चन्द्र सूर्यलाई पनि खास तवरले ग्रह गणमै गणना गर्ने चलन चलेका कुराको अनुमान हुन्छ । छैटौं शदी ई. को माथि उल्लिखित चम्पास्थित शम्भुवर्मन्‌को अभिलेख (२८) एवं नवौं शदी ई. को चम्पाको अभिलेखमा (२९) अन्य ग्रहहरूसंगै चन्द्र सूर्यलाई पनि सम्मिलित गरेको पाइनु तथा आठौं, नवौं शदी ई. तिरको भ. पु. न्यातपोल-मन्दिरसंगै गैह्रीधारको नवग्रहको मूर्तिमा चन्द्र सूर्यको मूर्ति पनि देखिनुको अतिरिक्त तन्जोरस्थित सूर्य नारव्कायल मन्दिरको नवग्रहका धातु मूर्तिहरूमा (३०) चन्द्र सूर्यका मूर्तिहरू देखिएबाट उक्त तथ्यको अरू बढी

पुष्टि हुन्छ । फेरि रूपमण्डन नामक ग्रन्थमा दिइएका नवग्रहका नामक्रममा चन्द्र सूर्यका नामहरू पनि समावेश गरिएका छन् ।–(३१)

> १. सूर्य (श्वेत वर्ण) २. सोम (श्वेत वर्ण) ३. भौम (रक्त वर्ण) ४. बुध (पीत वर्ण) ५. गुरु (पीत वर्ण) ६. शुक्र (श्वेत वर्ण) ७. शनि (श्याम वर्ण) ८. राहु (धूम्र वर्ण) ९. केतु (धूम्र वर्ण)
>
> –रूपमण्डन

अर्कोतिर, अमरकोश (३२) तथा गुप्ता संवत् १४६ (४६६ ई.) का इन्दोर ताम्रलेखका पंक्तिहरूमा (३३) सूर्यलाई ग्रहपति भनिएबाट तत्समय सूर्यलाई ग्रहमै गणना गरिन्थ्यो भन्ने कुरा अवगत हुन्छ । यसरी उपरोक्त सबै आधारहरूको प्रस्तुतीकरणले तत्कालीन विद्वन्मण्डलीमा चन्द्र सूर्यलाई पनि ग्रहमै गणना गर्ने चलनको बहुलता रहेको सजिलैसंग अनुमान गर्न सकिन्छ ।

यद्यपि उपरोक्त समय चन्द्र–सूर्यलाई पनि ग्रहमै मानिने परम्परा चलेको देखिए तापनि तत्समय चन्द्र सूर्यलाई ग्रहगणबेखि अलग मान्ने विद्वान्‌हरूको पनि यहाँ अस्तित्व रहेको कुरा माथि वर्णित उदाहरणहरूबाट स्पष्ट भैसकेको छ । जसले तत्कालीन मनीषीहरूको उच्च वैज्ञानिक अनुभूतिको पत्तो हुन्छ । यस तथ्यलाई आजतकका वैज्ञानिक उपलब्धिहरूले प्रमाणितनै गरेका छन् । सूर्यलाई सबै ग्रहहरू [मर्करी (बुध), वेनस (शुक्र), अर्थ (पृथ्वी) मार्स (मंगल), जुपिटर (बृहस्पति) सेटरन (शनि), युरानुस, नेप्च्यून, प्लुटो] को केन्द्रविन्दु औ चन्द्रलाई पृथ्वीको उपग्रहरूपमा मानेर । चन्द्रमा समुद्र मथन गर्दा समुद्रबाट निस्केको भन्ने अनुश्रुतिमा पनि आजका विज्ञानको चरितार्थता सिद्ध हुन्छ (३४) फेरि, छैटौं शदी ई. का सुप्रसिद्ध ज्योतिर्विद् वराहमिहिरले आफ्नो बृहज्जातक ग्रन्थमा ग्रहहरूमा निहित प्रकाश देनस्वरूप रहेको तथ्यलाई स्वीकारे (३५) बाट सूर्यलाई ग्रह मान्न नसकिने कुरा प्रकटित भएको छ । यस कुराको वैज्ञानिक पुष्टि आजको विज्ञानले ग्रहहरूको आफ्नै तेज नहुने औ तिनीहरूमा देखिएका प्रकाश सूर्यरश्मिको प्रतिविम्ब मात्र रहेको कुरालाई स्वीकारेको छ । यसरी उक्त तथ्यहरूले प्रावकालीन नेपाल एवं भारतमा वैज्ञानिक अनुभूतिको राम्रो प्रस्फुटन भएको कुरा सजिलैसंग अनुमान गर्न सकिन्छ । कपर्निकसभन्दा करीब १०८० वर्षपहिले अर्थात् पाँचौं शदी ई. मै आर्य भट्टले आफ्नो आर्यभट्टीय नामक ग्रन्थमा पृथ्वीको आफ्नो कक्षामा घुम्ने सिद्धान्तलाई प्रतिपादन गर्नुको साथै चन्द्रग्रहणमा चन्द्रमामा पृथ्वीको छाया पर्ने सिद्धान्त निकालेका थिए । (३६) यसले पनि उक्त तथ्यको पुष्टि हुन्छ ।

माथि वर्णन गरिएअनुसार प्रथम शदी ई. देखिनै पुरातात्विक आधारमा ग्रहहरूको उल्लेख यहाँ देखिएको थियो । तर, त्यस समय ग्रहहरूको संख्या कति रहेको छ भन्ने कुरा शंकास्पदनै लाग्दछ । हो, प्रथम शदी ई. का महाकवि अश्वघोषले सात ग्रहको उल्लेख आफ्नो बुद्धचरितम् ग्रन्थमा गरेको छ जसले तत्कालीन समाजमा सप्तग्रह विषयक ज्ञान रहेको कुरा निश्चित छ । तर, राहुको नामबाहेक अन्य ग्रहहरूको नाम त्यसमा नदिएकोले (३७) तत्कालीन ग्रहहरूको नाम ठोकुवा गर्न नसकिने भएको छ । यो निश्चय छ प्रथम शदी ई. को नानाघात गुहाभिलेखमा चन्द्र–सूर्यको नाम उत्कीर्ण भएको छ (३८) । तैपनि विभिन्न ग्रहहरूको नाम जान्नको लागि अन्य साहित्यिक ग्रन्थहरूको सहारा लिनु अत्यावश्यक छ । तृतीय शदी ई. पू. तिर संकलित मज्झिम निकाय ग्रन्थमा शुक्रको उल्लेख आएको कुरा माथि वर्णित भै सकेको छ । (३९) विभिन्न ग्रहहरूको उल्लेख रघुवंश, अमरकोश, नीतिशतक, पञ्चतन्त्र, मुद्राराक्षस आदि ग्रन्थहरूमा आएको (४०) छ । फेरि अनुमानित सत्रौं, अठारौं शदी ई. को भौमयन्त्रको जानकारी भियनावासी ई. हल्टस्जकले दिएको छ । त्यो यन्त्र त्रिकोणात्मक रहेर एक्काईस साना साना कोठाहरूमा विभक्त छ । उक्त कोठाहरूमा ग्रहनाम निम्न दिइएको छ । (४१) १, ॐ मंगलाय नमः १,[2] ॐ भूमिपुत्राय नमः २,[3] ॐ ऋणहर्त्रे नमः ३,[4] ॐ धनप्रदाय नमः ४,[5] ॐ स्थिरासनाय (न) मः ५,[6] ॐ महाकायाय नमः ६,[7] ॐ सर्वकर्मावरोधकाय नमः ७,[8] ॐ लोहिताय नमः ८,[9] ॐ लोहिताक्षाय नमः ९,[10] ॐ सामगानय (नृ) पा (क) राय नमः १०,[11] ॐ धरात्मजाय नमः ११,[12] ॐ कुजाय नमः १२,[13] ॐ भौमाय नमः १३,[14] ॐ भूतिदाय नमः १४,[15] ॐ भूमिनंदनाय नमः १५,[16] ॐ अंगारकाय नमः १६,[17] ॐ यमाय नमः १७,[18] ॐ सर्वरोगापहारकाय नमः १८,[19] ॐ वृष्टिकर्त्रे नमः १९,[20] ॐ वृष्टिहर्त्रे नमः (:) २०,[21] ॐ सर्वकामफलप्रदाय नमः २१ ।

यसरी साहित्यिक सामग्रीहरूको माध्यमबाट ग्रहहरूको नाम थाहा पाउन सकिन्छ । तर, पुरातात्विक आधारमा केतुको उल्लेख छैठौं शदी ई. देखि मात्र भएको देखिन्छ जब अन्य ग्रहहरू त्यसभन्दा अगाडिनै पुरातात्विक दृष्टिमा आइसकेका थिए । अनि केतु नवग्रहको नामक्रममा सबभन्दा पछि मात्र देखा पर्न आएको हुंदा ग्रहहरूको नौ संख्याको गणना चारौं शदी ई. देखि मात्र भएको कुरा चाल पाइन्छ । यसरी प्राचीन कालदेखिनै यहाँ नवग्रहलाई भगवान्‌को रूपमा मानिंदै आएको कुराको पत्तो हुन्छ । अनि भगवान् ऐश्वर्य, धर्म, यश, श्री, ज्ञान, वैराग आदि षड्गुणयुक्त (४१) हुंदा उक्त ग्रहहरू प्राणीमात्रको कल्याणको लागि गतिमान् होऊन् । यही नै हाम्रो कामना छ, कहिल्यै नटुंगिने जपना छ ।

टिप्पणी

१. **इन्द्रं मित्रं वरुणमग्निमाहुरथो दिव्यः स सुपर्णो गरुत्मान् । एकं सद्विप्रा बहुधा वदन्त्यग्निं यमं मातरिश्वानमाहुः ।।**

–ऋग्वेद १,१६४,४६

हेर्नु:–भगवत शरण उपाध्याय कृत "**प्राचीन भारतका इतिहास**", ग्रन्थमाला–कार्यालय, पटना, १९५७ ई., पृ. ३५

२. **"सात ग्रहोंकी तरह उन सात राजाओंके एकत्र होनेसे पृथ्वी उपद्रवयुक्त होकर, समुद्र–पर्वत-सहित वडे वेगसे कांपने लगी ।।७।।"**

–बुद्धचरित्तम्, अष्टाविशःसर्गः

हेर्नु:–"बुद्धचरितम्" प्रकाश हिन्दी व्याख्योपेतम् (द्वितीयो भागः), चौखम्बा विद्याभवन, वाराणसी, १९६३ ई., पृ. १७४

३. हेर्नु:–आर. सि. दत्त लिखित "प्राचीन भारत की सभ्यताका इतिहास", इतिहास प्रकाशन संस्थान, इलाहाबाद, १९६६ ई. ५५०

४. हेर्नु:–जे. एच. देभ लिखित "इमोर्टल इण्डिया" भोल २, भारतीय विद्याभवन, १९५९ ई. पृ. ११२

५. **"यं विप्रा विधिवत्प्रवुद्ध–मनसो ध्यानैकताना स्तुवः । यस्यान्तं त्रिदशासुरा न विविदुर्न्नोर्ध्वं न तिर्षग्गति (म्) (१)**

**यं लोको बहु–रोग–वेग–विवशः संश्रित्य चेतोलभः पायाद्वः स जगत्पि (धा) न–पुट–भिद्रश्म्याकरो भास्करः ।**

–ईन्दोर ताम्रलेख, गुप्ता संवत् १४६ (४६६ई.)

हेर्नु:– दी. सी. सरकारद्वारा सम्पादित "सेलेक्ट इन्क्रिप्सन्स," कलकत्ता विश्वविद्यालय, १९६५ई., पृ. ३१९

६. **(यो वृत्त (त्य)र्थ मुपास्यते सुरगणै (स्सिद्वै श्च) सिद्धयर्त्थिभि-ध्यनैकाग्रपरैर्व्विधेयविषयैर्मोक्षार्त्थिभिर्य्योगिभिः ।**

**भक्त्या तीव्रतपोधनैश्च मुनिभिःशापप्रसादक्षमैं हेंतुर्यो जगतः क्षयाभ्युदययोः पायात्स वो भास्करः ।। १**

**तत्व–ज्ञान–विदो (ऽ) पि यस्य न विदुर्ब्रह्मर्षयो (ऽ) भ्युद्यताः कृत्स्नं यश्च गभस्तिभिः प्रवृसृतैःपु–(ष्णा) ति लोकत्रयम् ।**

**ग (न्ध) र्व्वामरससिद्ध–किन्नर–नरैस्संस्तूयते (ऽ) भ्युत्थितो भक्तेभ्यश्च ददाति यो (ऽ) भिलषितं तस्मै सवित्रे नमः ।। २**

–मन्दसोर अभिलेख, मालव संवत् ५२९ (४७२ई.)

हेर्नु:– उही, पृ. ३००

७. **(संव) त् ४०२ राज्ञः श्रीमानदेवस्य सम्यक्पालयतो महीम् आबाढशुक्लस्य तिथौ पञ्चदश्यां शुभार्त्थिना वणिजां सार्त्थवाहेन गुहमित्रेन (ण) भक्तितः पिण्डकमानि च**

–टेब्रहानस्थित सूर्यमूर्तिको पाठपीठ लेख शक संवत् ४०२ (४८०ई.)

हेर्नु:–"संस्कृत–सन्देशः" प्रथमे, वर्षे नवमोऽङ्कः, वि. सं. २०१०, पृ. २९

८. **श्लोका लोकस्य भूत्यै शतमिति रचिता श्रीमयूरेण भक्त्या युक्तश्चैतान् पठेद् यः सकृदपि पुरुषः सर्वपापैर्विमुक्तः ।**

**आरोग्यं सत्कवित्वं मतिमतुलबलं कान्तिमायुः प्रकर्षं विद्यामैश्वर्यमर्थं सुतमपि लभते सोऽत्र सूर्य-प्रसादात् ॥**

--सातौं शदी ई. को कवि मयूररचित "सूर्यशतक" को अंश ।

हेर्नू :--जे. एच. देभ लिखित "इमोर्टल इण्डिया" भोल २, भारतीय विद्याभवन, १९५९ई, पृ. ११४

९. हेर्नू :--उही, पृ. १११, जे. एच. देभ लिखित "ईमोर्टल इण्डिया" भोल ३, भारतीय विद्याभवन, १९६० ई. १९९--२००

१०. **"जयत्यनन्तो भगवान् साम्बः"**

--वसाढको खुदाईमा प्राप्त गुप्तकालीन मुहरमा अंकित लेख

हेर्नू :--राहुल सांकृत्यायन विरचित "पुरातत्व--निबन्धावली", किताव महल, १९५८ ई. पृ. १४

११. हेर्नू :--जे. एच. देभ लिखित "इमोर्टल इण्डिया", मोल ३, भारतीय विद्याभवन, १९६० ई. पृ. १९८

१२. हेर्नू :--नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा 'प्रज्ञा" वर्ष १, अंक १,२०२७ । पृ. १७--१८

१३. हेर्नू :--भण्डारखालको चन्द्रमूर्तिको पाठपीठ लेखको लागि "संशोधनमण्डल" द्वारा प्रकाशित 'अभि-लेखसंग्रह" दशौं भाग, २०२०, पृ. ४

चकबहीलको चन्द्रमूर्तिको पाठपीठ लेखको लागि हेमराज शाक्यद्वारा संकलित "भेडिएवल नेपाल", १९७० ई. पृ. ७६

१४. **"संवत् ३८६ ज्येष्ठमासे शुक्लपक्षे प्रतिपदि १ (रो) हिणीनक्षत्रयुक्ते चन्द्रमसि मुहूर्ते प्रशस्ते-भिजिति",**

**--चांगुको शिलालेख, शक संवत् ३८६ (४६४ ई.)**
**हेर्नू :--इतिहास. संशोधनको प्रमाण प्रमेय (पहिलो भाग), २०१९ वि. सं., पृ. १०२**

१५. हेर्नू :--माथि टिप्पणी नं. २

१६. हेर्नू :--दी. सी. सरकारद्वारा संपादित "सेलेक्टइ-न्स्क्रिप्सन्स", कलकत्ता विश्वविद्यालय, १९५५ ई. पृ. २०५.

१७ हेर्नू :--वी. एस. एप्टे लिखित "संस्कृत इंगलिश डिक्शनरी" मोतीलाल बनारसीदास, १९६८ ई., पृ. ३२३

१८. हेर्नू :--श्री कृष्णदत्त बाजपेजीद्वारा लिखित तथा संपादित "मथुरा २", शिक्षा विभाग, उत्तर प्रदेश १९५५ ई., पृ. ३२

१९. **"अध्यामभे अरूप--संज्ञी . . . . अवदात (सफेद)... रूपोको देखता है । जैसे कि अवदात...... शुक्रतारा (= ओसधी--तारका), या जैसे कि सफेद...... वनारसी वस्त्र ... ... ।"**

(-मज्झिम--निकाय, ७७-महासकुलुदायि सुत्त

हेर्नू :--राहुल सांकृत्यायन द्वारा अनूदित "मज्जिम-निकाय", महाबोधि सभा, सारनाथ, बुद्धाब्द २५०८, पृ. ३१३

२०. हेर्नू :--माथि टिप्पणी नं. २ र १५

२१. हेर्नू :--माथि टिप्पणी नं. १६

२२. हेर्नू :--महाकवि कालिदास विरचित्र "रघुवंश"; बी.एस. एप्टे लिखित "संस्कृत इंगलिश डिक्शनरी" १९६८ई., पृ. १९५.२०३

२३. हेर्नू :--राजा भर्तृहरि विरचित "नीतिशक"; बी. एस. एप्टे लिखित संस्कृत इंगलिश डिक्शनरी" १९६८, ई. पृ. १९५

२४. हेर्नू :-महाकवि कालिदास विरचित "रघुवंश" को श्री मल्लिनाथी टीका, पृ. ३२८

२५. हेर्नू :-आर. सी. मजुमदार कृत "चम्पा", द पंजाब संस्कृत बुक दिपोट, लाहोर, १९२७ ई. पृ.

२६. "जयति विभुश्चतुर्भुजश्चतुरर्णव--विपुल--सलिल-पर्य्यङ्कः (।) जगतः स्थित्युत्पत्तिलयादिहेतुर्गरुड--केतुः (।।) १

शते पंचषष्ठ्यधिके वर्षाणां भूपती च बुधगुप्ते ।
आषाढ मास शुक्ल द्वादश्यां सुरगुरोर्द्दिवसे । २"

–एरण शिलास्तम्भलेख, गुप्ता संवत् १६५ (४८४ ई.)

हेर्नू :-दी. सी. सरकारद्वारा संपादित "सेलेक्ट इन्स्क्रिप्सन्स", कलकत्ता विश्वविद्यालय, १९६५ ई., पृ. ३३५

२७. "इन्द्रयोगे भार्गवदिवसे स्थिरहोराद्रे क्काणनवांश-कत्रिशङ्गागमौरिका ...... लग्ने सुविशुद्धे तृतीया-दित्यकेतुचतुर्थसुरगुरुजीवबुधषष्ठराहु

–चम्पास्थित शम्भुवर्मनको अभिलेख, छैटौं शदी ई.

हेर्नू :-आर. सी. मजुमदार कृत "चम्पा", द. पंजाब संस्कृत बुक दिपोट, लाहोर, १९२७ ई. पृ.

२८. हेर्नू :-माथि टिप्पणी नं. २७

२९. "लोके सोप्यसमो नरेन्द्रयशसा त्वं ज्ञानबुद्धिद्युति-प्रख्याति श्रुतिनीतिकीर्तिगतिभिश्श्रीसम्पदालङ्कृतः

सौम्यांङ्गारबृहस्पतीन्दुदिनकृत्काव्यार्कजैः पालित श्श्रीमाञ्छ्रीजयइन्द्रवर्म्मविदितो देवीप्यते प्रज्ञया ।।"

–चम्पास्थित अभिलेख, शक संवत् ७९७ (८७५ ई.)

हेर्नू :-आर. सी. मजुमदार कृत "चम्पा" द. पंजाब संस्कृत बुक दिपोट, लाहोर, १९२७ ई. पृ.

३०. हेर्नू :-गोपीनाथ राव लिखित "इलेमेण्ट्स अब हिन्दू आइकनोग्राफी" भोल १ पार्ट २, मोतीलाल वनारसीदास, दिल्ली, १९६८ ई., पृ. ३२३

३१. हेर्नू :-उही, पृ. ३२२–३२३,

"सूर्यश्चंद्रो मंगलश्च बुधश्चापि बृहस्पतिः ।
शुक्रः शनैश्चरो राहुः केतुश्चेति ग्रहा नव ।।"

हेर्नू :-बी. एस. एप्टे लिखित "संस्कृत इङ्गलिश डिक्शनेरी" मोतीलाल बनारसीदास, १९६८ ई., पृ. १९५

३२. "द्युमणिस्तरणिर्मित्रश्चित्रभानुर्विरोचनः । विभाव-सुर्ग्रहपतिस्त्विषांपतिरहर्पतिः ।।३०।।"

–अमरकोशः, प्रथम काण्डम्, दिग्वर्गः ।

हेर्नू :-"अमरकोशः" टीकाकार–कुलचन्द्र शर्मा गौतम, नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान, वि. सं. २०२६ पृ. २६

३३ "इन्द्रपुरनिवासिन्यास्तैलिकश्रेण्या जीवन्तप्रवराया इतो (ऽ) शिष्ठानादपक्रमणप्रवेशयथास्थिरायाः

आजस्रिकं ग्रहपतेर्द्धिजमूल्यदत्तमनया तु श्रेण्या यदभग्नयोगम् प्रत्यमाहार्य्य (व) च्छिन्नसंस्थं देयं तैलस्य तुल्येन पलद्वयं तु २ चन्द्रार्क--समकालीय (यम्) (।।)"

—इन्दोर ताम्रलेख, गुप्ता संवत् १४६(४६६ई.)

हेर्नू :-दी. सी. सरकारद्वारा सम्पादित "सेलेक्ट इन्स्क्रिप्सन्स", कलकत्ता विश्वविद्यालय, १९६५ ई. पृ. ३२०

३४. "कोशेयं कृमिजं सुवर्णमुपलाद् दूर्वापि गोरोमतः पङ्कात्तामरसं शशाङ्क उदधेरिन्दीवरं गोमयात् ।

काष्ठादग्निरहेः फणादपि मणिर्गोपित्ततो रोचना प्राकाश्यं स्वगुणोदयेन गुणिनो गच्छन्ति किं जन्मना ।।१०३।।"

––पन्चतन्त्रे मित्रभेदः

हेर्नू :-श्री विष्णु शर्मा प्रणीतं "पंचतन्त्रम्" सरला हिन्दी टीकोपेतम्, चौखम्बा विद्याभवन, वाराणसी–१, वि. सं. २०१५, पृ. ३३

"लक्ष्मीः कौस्तुभपारिजातकसुरा धन्वन्तरिश्चंद्रमा गावः कामदुघाः सुरेश्वरगजो रंभादिदेवांगनाः ।

अश्वः सप्तमुखो विषं हरिधनुः शंखो ऽमृतं चांबुधे रत्नानीति चतुर्दश प्रतिदिनं कुर्युः सदा मंगलं ।।"

हेर्नू :-वी. एस. एप्ते लिखित "संस्कृत इंगलिश डिक्शनरी" मोतीलाल बनारसीदास, १९६८ई. पृ.२०१

३५. "मूर्तित्वे परिकल्पितः शशभृतो वर्त्माऽपुनर्जन्मनां आत्मेत्यात्मविदां क्रतुश्च यजतां भर्ताऽमरज्योतिषाम् ।

लोकानां प्रलयोद्भवस्थितिविभुश्चानेकधा यः श्रुतौ वाचं नः स ददात्वनेककिरणस्त्रैलोक्यदीपो रविः ।।"

हेर्नू :-जे. एच. देभ लिखित "इमोर्टल इण्डिया" मोन ३, भारतीय विद्या भवन, बम्बे, १९६० ई., पृ. २०१

३६. हेर्नू :-आर. सी दत्त लिखित "प्राचीन भारतकी सभ्यताका इतिहास", इतिहास प्रकाशन संस्थान, इलाहावाद, १९६६ ई., पृ. ५५१

३७. "जब मुनि निर्वाणके लिये गये तब वैशाली तिमिरसे घिर राहुसे ग्रसित सूर्यके होने पर दिशाकी भाँति प्रभाशून्य हो गई ।।१।।"

--बुद्धचरितम्, पंचविंशः सर्गः

हेर्नू :-"बुद्धचरितम्" प्रकाश हिन्दी व्याख्योपेतम् (द्वितीयो भागः), चौखम्वा विद्याभवन, बाराणसी, १९६३ ई., पृ. १२६

३८. "(सिधं)...नो धंमस नमो ईदस नमो संकंसन–वासुदेवान चंद–सुरानं (सहि) मा (व) तानं चतुरं चं लोकपालानं यम–वरुन–कुवेर–वासवानं नमो (।।)"

--नानाघाट गुहाभिलेख, प्रथम शदी ई. पृ.

हेर्नू :-दी. सी. सरकारद्वारा संपादित "सेलेक्ट इन्स्क्रिप्सन्स", कलकत्ता विश्वविद्यालय, १९६५ ई., पृ. १९३

३९. हेर्नू : माथि टिप्पणी नं. १९

४०. "दोषातनं बुधबृहस्पतियोगदृश्यतारापतिस्तरलविद्युदिवाभ्रवृन्दम् ।।७६।।"

-- रघुवंश, त्रयोदशः सर्गः

हेर्नू :-महाकवि कालिदास विरचित "रघुवंश"

"रक्षेत्येनं तु बुधयोगः"

'क्रूरग्रह स केतुश्चद्रमसं पूर्णमंडलमिदानीं"

--मुद्राराक्षस १.६

हेर्नू :-बी एस. एप्ते लिखित "संस्कृत इंगलिश डिक्शनरी" मोतीलाल बनारसीदास, १९६८ ई., पृ. ३९३,१६३

"वक आह-दैवज्ञमुखात् । एष शनैश्चरो हि रोहिणीशकटं भित्त्वा भौमं शुक्रं च प्रयास्यति । उक्तं च वराहमिहिरेण–रोहिणीशकटमर्कनन्दनश्चेद्भिनत्ति रुधिरोऽथवा शशी । किं वदामि तदनिष्टसागरे सर्वलोकमुपयाति संक्षयम् ।।२३५।।"

--पंचतन्त्रे मित्रभेदः

हेर्नू :-श्री विष्णुशर्मप्रणीतं "पंचतन्त्रम्" सरला हिन्दी टीकोपेतम्, चौखम्बा विद्या भवन, वाराणसी–१, वि. सं. २०१५, पृ. १०१ १०२

'गुरुणा स्तनभारेण मुखचंद्रेण भास्वता । शनैश्चराभ्यां पादाभ्यां रेजे ग्रहमयीव सा ।।"

--नीतिशतक १७ ३

हेर्नू :-बी. एस. एप्ते लिखित "संस्कृत इंगलिश डिक्शनरी", मोतिलाल बनारसीदास, १९६८ पृ. १९५

"बृहस्पतिः सुराचार्यो गीर्पतिर्धिषणो गुरुः । जीव आङ्गिरसो वाचस्पतिश्चित्रशिखण्डिजः ।।२४।।

शुक्रो दैत्यगुरुः काव्य उशना भार्गवः कविः । अङ्गारकः कुजो भौमो लोहिताङ्गो महीसुतः।।२५।।

रोहिणेयो बुधः सौम्यः समौ शौरिशनैश्चरौ। तमस्तु राहुः स्वर्भानुः सैंहिकेयो विधुन्तुदः ॥२६॥"

—अमरकोशः दिग्वर्गः

"ग्रहभेदे ध्वजे केतुः पार्थिवे तनये सुतः ॥६०॥"

—अमरकोशः नानार्थवर्गः

हेर्नू :-"अमरकोशः"–टीकाकार–कुलचन्द्र शर्मा गौतम, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि. सं. २०२६, पृ. २५–२६,२२९

४१. हेर्नू :-जस बुर्गेसद्वारा संपादित "द इण्डियन अण्टिक्केरी" भोल ।।।–१८८४, पृ. १३९

४२. **"ऐश्वर्यस्य समग्रस्य धर्मस्य यशसः श्रियः। ज्ञानवैराग्ययोश्चैव षण्णां भग इतींगना ॥"**

—विष्णुपुराण ।६।५।७३

बौद्ध परम्परानुसार भगवान्मा निहित षड्गुणहरू हुन्–ईस्सरीय, धम्म, यस, सिरी, काम र पयतन।

हेर्नू :-डी. सी. सरकारद्वारा संपादित "सेलेक्ट ईन्स्क्रिप्सन्स", कलकत्ता विश्वविद्यालय, १९६५ ई., पृ. ९१,६७

# नेपाली तथा समुद्रयात्रा

—सूर्यविक्रम ज्ञवाली

भूपरिवेष्ठित नेपालका निवासी हामी नेपालीहरूलाई आफ्ना जीवनमा समुद्रसित परिचित हुने अवसर नपर्नु स्वाभाविक थियो र समुद्र हाम्रा शिक्षित व्यक्तिहरूबाहेक अरूका निम्ति केवल यौटा नाम थियो । झन् समुद्र तरी समुद्रपारिका देशमा जानु भनेको कुरा ता प्रायः असम्भव थियो । समुद्रसित हाम्रो परिचय कसरी भयो तथा यो परिचय कसरी बढ्दै गयो भन्ने कुराको केही विचार गर्ने यो लेखको तात्पर्य हो ।

हाम्रो प्राचीनतम मानिएको मानदेवको चांगुनारायणको शिलालेखमा बढेकी गण्डकीलाई समुद्रसित जोडा लाग्न खोज्ने "अर्णवस्पर्धिनी" मानिएको भए तापनि साधारण नेपाली जनता प्राचीन कालमा समुद्रसंग परिचित हुँदो हो भन्ने लाग्दैन । प्राचीन तथा माध्यमिक कालका नेपालीहरू यात्रा नगर्ने ता होइनन् । हाम्रो इतिहासमा नेपालीहरूले गरेका यात्राका अनेक उल्लेख प्राप्त छन् । सप्तम शताब्दीदेखिनै हाम्रा बौद्ध विद्वान्हरू भोट, चीन आदि ठाउँमा जान लागेका थिए तथा तिन ताकका नेपाली राजाहरूको उत्तर भोट र दक्षिण भारतसित वैवाहिक सम्बन्ध स्थापित भएको थियो । पछिका शताब्दीहरूमा अनेक नेपाली पण्डितहरू भोट गएको कुरा हामीलाई थाहा छ । तेह्रौं शताब्दीमा हाम्रा प्रसिद्ध कलाकार अरनिको आफ्ना चेलाहरूसहित पहिले भोट वहाँपछि चीन गए । तर यी सबै स्थलयात्रा थिए तथा यिनबाट उहिलेका नेपालीहरूको यात्रा गर्ने प्रवृत्ति भएको कुरा चाल पाइए तापनि यिनबाट नेपालीहरूले समुद्रको दर्शन वा यात्रा गरेका विषयमा विशेष थाहा पाईंदैन ।

जति जति समय बित्दै गयो उति उति धार्मिक कारणले अर्थात् तीर्थयात्राका निम्ति नेपालीहरू भारतमा परपरसम्म जान लागेको बुझिन्छ । विभाजित नेपालका पण्डित अभयराज आफ्नी कान्छी स्त्रीसहित सोह्रौं शताब्दीमा गया आई तीन वर्षसम्म वहाँ बसी काठमाडौं फर्केका थिए । उनका छोरा जीवराजले गयाको बौद्धमन्दिरका ढाँचामा बनाइएको पाटनको प्रसिद्ध महाबौद्धको मन्दिर निर्माण गरे । अभयराज तीन वर्षसम्म गयामा बसे तापनि समुद्रभन्दा उनी धेरै टाढा नै थिए ।

विभाजित नेपालका राजाहरू पनि तीर्थयात्रा गर्न भारत जान्थे । सत्रौं शताब्दीका पाटनका यशस्वी राजा सिद्धिनरसिंह मल्ल आफ्नो जीवनको अन्तिम काल तीर्थस्थलमा बिताउन भनी काशी गएको तथा वहाँनै उनको मृत्यु भएका कुराको विश्वास छ । सत्रौं शताब्दीकै अन्त्यतिर प्रताप मल्लका नाति काठमाडौंका राजा भूपालेन्द्र मल्ल तीर्थयात्रा गर्न भारत गएका समयमा उतै अयोध्यामा उनको मृत्यु भएको थियो ।

सत्रौं शताब्दीका तीर्थयात्रीहरूकैं व्यापारीहरू पनि तिनताक भारत जान्थे भन्ने कुरामा सन्देह छैन तर कसैले समुद्रयात्रा गरेको कुरा चाल पाइएको छैन । समुद्रयात्राको कुरा ता परै रहोस्, उनीहरू भारतमा समुद्रतटसम्म पनि पुगे जस्तो लाग्दैन ।

अठारौं शताब्दीमा पृथ्वीनारायण शाहले गरेको काशीयात्रासंग पनि समुद्रको सम्बन्ध थिएन तर यिनका समसामयिक जोसमनी सम्प्रदायका दीर्घजीवी शशिधर (१७४७–१८४९) तीर्थयात्राका प्रसङ्गमा जगन्नाथ पुरी पुगेको कुरा बडो महत्वपूर्ण छ । पुरीको यात्रा तथा लामो निवासद्वारा शशिधरलाई समुद्रको गम्भीर परिचय प्राप्त भएको कुरा बुझिन्छ ।

भारतमा अंग्रेजी राज्यले स्थापित गरेको शान्ति, सुरक्षा औ यातायातको सुविस्ताले गर्दा धर्मप्राण नेपालीहरू

गङ्गासागर, पुरी वा रामेश्वरको तीर्थयात्रा गर्न अधिक संख्यामा जानु स्वाभाविक छ। तर समुद्रतटसम्म पुगिहाले तापनि समुद्रयात्रा गर्ने प्रश्न नै थिएन किनभने समुद्रयात्रा गरे जात जान्छ भन्ने नेपालसमेत समस्त हिन्दूजगत्मा तिनताक थियो। समुद्रयात्रा यसरी अधार्मिक काम मानिने हुनाले त्यस्तो कार्य गर्न अघि गर्ने कुन हिन्दू होला? नेपालीहरू ता झन् भारतमा तीर्थयात्रा गरी फर्कंदा पनि तीर्थभोज खुवाईकनै मात्र समाजमा मिल्थे। भारतका हिन्दूहरू समुद्रयात्रा गर्न थालेपछि उनीहरूका बन्धुबान्धवले उनीहरूका विरुद्ध बृटिशन्यायालयमा नालिश पनि गरेका थिए तर बृटिश सरकारको धर्मनिरपेक्ष नीति हुनाले त्यस्ता मुद्दाद्वारा विशेष काम भएन।

उन्नाईसौं शताब्दीका मध्यमा नेपालीहरूले गरेको प्रथम समुद्रयात्रा नेपालको मात्र होइन अर्वाचीन हिन्दू जगत्का इतिहासमा पनि यौटा महत्वपूर्ण घटना गनिएको छ। त्यो प्रथम राणा प्राइमिनिष्टर जंगबहादुरको १८५० ई. मा बेलाइतयात्रा थियो। नेपालबाट बेलाइत जाने सर्वप्रथम जंगबहादुर भए तथा समुद्रयात्रा गर्ने राजकुलका प्रथम हिन्दू पनि उनीनै भए।

जंगबहादुर बेलाइत ता गए तर जातको रक्षा गर्न उनले गरेका उपाय अचेलका हिन्दूलाई अचम्मको कुरा लाग्नु आश्चर्य छैन। उनका यात्रा विवरणमा जंगबहादुर तथा उनका दलका मानिसका खानपानका विषयमा मानिएका यी कुराबाट त्यसको अनुमान हुन्छ। "खाँदामा भन्या कसैलाई हेर्न दिदैनन्। पानी छुन दिदैनन्। केही मेवा, भाजी, तरकारी, फलफूल भंडारबाट दिलाई लाटलुट होला भनी निन्दा गर्छन्। गाई पनि आफै दुहुन्छन्।" खानपानको यस्तो तथा यस्तो व्यवस्था गरी जंगबहादुरले के देखाउन खोजेका होलान् भने हिन्दूधर्ममा चलेको खानपानको व्यवस्थाको विदेशमा पनि उनले रक्षा गरेका थिए तथा राजकीय कारणले गर्दा परेको उनको समुद्रयात्रा त्यसैले धर्मअनुकूल आचरण थियो।

बृटिश गोर्खा पल्टनका जवानहरूलाई आफ्नो सेवाका कारणले केही समुद्रयात्रा गर्ने अवसर प्राप्त भयो। भारतबाट अंगरेजको समुद्रतटका बर्मा जस्ता देशतिर युद्ध पर्दा उनीहरूलाई समुद्रको दर्शन पाउने तथा यात्रा गर्ने अवसर आयो तर फर्केपछि गुरुज्यूलाई प्रायश्चित्तको जरिमाना बुझाई उनीहरू शुद्ध हुन्थे।

उन्नाईसौं शताब्दीका अन्त्य वा बीसौं शताब्दीका प्रारम्भमिर अंग्रेजका अधीनस्थ मारिशस, फिजी इत्यादि टापूहरूमा काम पाइने हुनाले नेपालीहरू पनि अल्पसंख्यामा ती ठाउँमा जान थाले, तर समुद्रपारि जाँदा जात जाने डर हुनाले यो यात्रा छलेर वा सुटुक्क गरिन्थ्यो। यसरी फिजी गै वहाँ धेरै बसी पैसा कमाई फर्केको यौटा ब्राह्मणपरिवारसित लेखकको धेरै अघि भेट भएको थियो। उनीहरू सुटुक्क आई तराईमा जग्गाजमीन किनी बसेका थिए नत्र भातको टंटामा पर्ने डर थियो।

तिनताक समुद्रयात्रा गर्ने काम जात जाने डरले गुप्तरूपले गरिने कुरा थियो भन्ने कुरा भनिरहन पर्दैन। यिनै ताक १९०८ मा जंगबहादुरलाई सबै कुरामा अनुकरण गर्न खोज्ने नेपालका अर्का प्राइममिनिष्टर चन्द्रशम्शेर पनि बेलाइत गए। उनी पनि जंगबहादुर झैं धर्मरक्षाको पूर्ण प्रबन्ध मिलाई हातमा लाउने माटो पनि यहींबाट साथमा लिएर गएका थिए। उनको यात्रा पनि धर्मानुकूल ठहरिएको थियो।

अझ समुद्र यात्रा निर्धक्कसंग गर्ने युग आइपुगेको थिएन। विद्योपार्जन गर्न धेरैका संख्यामा विदेश जाने चलन पनि चलेको थिएन। चन्द्रशम्शेरले जापानमा पढ्न पठाएका दुई चार जना विद्यार्थी राजकीय संरक्षकत्वमा विदेश गएका हुनाले उनको कुरा बेग्लै थियो। यसका केहीपछि उपत्यका वा दार्जीलिङ्गबाट एक दुइ जना विद्यार्थी साहस गरी अमेरिका पढ्न गएको कुरा थत लाग्दो छ।

समुद्रयात्रा बन्धनरहित तथा धार्मिक सङ्कोचबाट अझ मुक्त भएको थिएन। इङ्गलैंडमा स्थापित राजदूतावासमा काम गर्न जाने नेपालीहरूको कुरा बेग्लै थियो। उनीहरू राजकीय संरक्षणमा गएका हुनाले जात जाने कुरै थिएन। स्वच्छन्द तथा धार्मिक बन्धनरहित समुद्रयात्रा गर्न पाउन नेपालीहरूले यो शताब्दीको प्रथमार्धको अन्त्यसम्म पर्खनुपर्‍यो। राष्ट्रपिता श्री ५ त्रिभुवनले देशलाई प्रजातान्त्रिक अन्तरिम सम्विधानको प्रदानद्वारा राष्ट्रले हिंड्ने

बाटो प्रदर्शन गरिबक्सियो । त्यसपछि चिकित्सार्थ राष्ट्रपिताको विदेश सबारी भयो ।

राष्ट्रपिताद्वारा निर्धारित मार्गको कार्यान्वियनको भार श्री ५ महेन्द्रका बलिष्ठ कांधमा पऱ्यो । श्री ५ महेन्द्रले आधुनिकताको प्रकाश देशका कुना कुनामा पुऱ्याउने अठोट गरी सुधारको मूल नै देशमा फुटाइबक्सियो । अब नेपाली राष्ट्रलाई शताब्दी शताब्दीदेखि बाँधिराख्ने बन्धनहरू पटापट चुंडिन थाले । नेपाल १९५२ ई. तिर कोलंबो प्लानमा प्रवेश गरेपछि हजारौंका संख्यामा नेपाली विद्यार्थीहरू समुद्र तरी पढ्न जान थाले । भारतमा पढ्न जाँदा पनि भांसे बाहुन लिएर जाने जो बन्धन थियो त्यो आफै चुंडियो । नेपाली विद्यार्थीसमाज जहाँ गएर पनि पढ्न पाउने भयो । उसैं गरी राजनैतिक वा अरू सरकारी कामका निमित्त नेपालीहरू ठूलो संख्यामा विदेश जान थाले । जहाजद्वारा समुद्रयात्रा प्राय: नगरे तापनि यस युगका नेपालीहरू आकाशमा उडेर समुद्र पार गर्न थाले । श्री ५ महेन्द्रको कुशल नेतृत्वले गर्दा यत्रो ठूलो परिवर्तन मान्छेले चालै नपाई भने झैं भयो औ हाम्रो राष्ट्र दुई सय वर्ष जति अघि बढ्यो । समुद्रयात्राका सम्बन्धमा जो संकोच, बन्धन थिए ती बालेको कपूर झैं बिलाएर गए । आज को कहाँ गयो, किन गयो भन्ने कुराको कसैलाई वास्ता छैन । जीवनको साधारण घटना जस्तो यो कुरा भएको छ ।

# मल्लकालको तामापत्र र त्यसको अनुवाद

## महोन्द्र मल्लको वि. सं. १७७५ को तामापत्र

- शङ्करमान राजवंशी

१) स्वस्तिश्री माणिग्लाधिपति महाराजाधिराज श्री श्री जय वीर महीन्द्र मल्लदेव तनहुंस ज्ञात जुयाओ नेपाल बिज्याचका वेलसन

२) नक्वाठगणे देवस्थान थेङ वेलस श्री श्री राज्येश्वरी देवीसन फ्यांङ तयागुल ।। सं ८३४ फाल्गुण शुक्ल पूर्णमाशि कुन्हु नव

३) क्वाठगणे भैलवस्थान विज्याङओ फ्याङ तको पुरावैयाङा जुरो थनलि व्रर्षवंधन चैत्रशुक्ल पूर्ण्णमा नवक्वाठ गणेया जा

४) त्रा यात्रा रो २० बलघु वुहुन्ताथ्थतेया वलसान-व्रर्ष प्रति पुन्हीशिन्हथु कुन्हु मतप्वात २० चाक्रमत प्वात ५ घेगदेवा देवस्के

५) छोयके घेरदेवा प्वात १ गंदकिस छोयके सनि कुन्हु मोटं १ शिधरिसतने शुकि १ केतकि स्वानम नेन शुकि १ व्यालपत्र

६) सतङनह्म २ दुगु दयकं पंचउपहार पूजा यायमाल दं ३० धाले देवदक्षिणा टं १६ गुरुवाहार थ्वतेया चिन्तायाकगो

७) ष्टि भिछेवाहार वज्राचार्य्य श्री राक्षस देवजु श्री सुकदेव वदेजु वुवाहारया श्री दानजोति देवजु

८) थ्वतेसेन व्रर्ष प्रति अविछिन निस्त्रपेमाल थ्वते भाखा जया श्री श्री जय भास्कर मल्लदेव चौतारा श्री रुगल थकुलजु थ्वस्यो

९) रनेह्मस्क आज्ञा कायाओ लखा भिङसानों मनिज सनो थ्व गुथि भारोह्म छग्ववेरसं वाधा मदयकाओ ताम्वापत्र चोस्प भया

१०) छापमोहोर तयाकाओ तया जुरो श्री श्री राजा पनिस्पनं दुमकाय मदोगोह्मनं श्री श्री सकेरानय याङाओ वाधा यातसा ओह्मया

११) त श्री ३ नवक्वाठ भैरवया कुदृष्टि जुयुजुरो उपरान्त गुथिकतक लिहावदा भंया श्री श्री स्त चोरस फल १ दयकं स्वन तयमाल ।। सं ८३४ आषाढ वद्धि ८ शुभ ।।

(नुवाकोटको धामी श्री हरिमानसिं डङ्गोलको सौजन्यबाट प्राप्त

यसको केही भाग पूर्णिमा १६ अंक ३७४ पृष्ठमा गौतम बज्रबाट प्रकाशित भएको छ ।

अनुवाद—

स्वस्ति श्री पाटनका अधिपति महाराजाधिराज श्री श्री जय वीर महीन्द्र मल्लदेव तनहुँमा जन्म लिनुभई नेपाल आउनुभएको वेलामा नुवाकोट गठमा देवस्थानमा पुग्दा श्री श्री राज्येश्वरी देवीले भाकल गरी राख्नुभएको ने. सं. ८३४ ( वि. सं. १७७०) फाल्गुन शुक्ल पूर्णिमाको दिन नुवाकोटमा भैरवीस्थानमा जानुभई भाकल गरी-रांखेजति पूरा गर्नुभयो । यसपछि वर्षबन्धन चैत्र शुक्ल पूर्णिमामा नुवाकोट गढको जात्रानिमित्त बलखुको २० रोपनी खेत राखिदिनुभयो। यसको आयस्ताबाट प्रतिवर्ष पूर्णिमाको दिन देवीलाई वरिपरि मण्डल बत्ती २० घिउको दियो बत्ती ५ बाल्ने गण्डकीमा घिउको दियो बत्ती १ बाल्ने, भोलिपल्ट सिंदूरलाई रु १ केतकीफूललाई सुकी १ बेलपत्र-लाई सुकी १ बोका २ समेत राखी पंचोपचारले पूजा गर्नु-पर्छ रु ३० देवदक्षिणा रु १६ गुरुज्यूलाई दिनुपर्छ यसको हेरविचार गर्ने गुठियार भिछेबहालका बज्राचार्य श्री राक्षस-

देवजु, श्री शुकदेवजु, बुबहालका श्री दानज्योति बाँडाजु यिनीहरूले प्रतिवर्ष चलाउनुपर्छ । यति कुरा कान्तिपुरका श्री श्री जयभास्कर मल्ल देव भए पनि यो गुठी ६ जना भारोबाट कहिल्यै बाधा नपर्ने गरी तामापत्र लेखी कान्तिपुरको छाप लगाई राखिदिनुभयो । यसमा श्री श्री राजाबाट रोक्का नहोस् । जसले राजामा कुरा दबाई बाधा पुऱ्याउला त्यसलाई श्री ३ नुवाकोट भैरवको कुदृष्टि होला । उप्रान्त गुठियार फर्कदा कान्तिपुरका राजामा उक्त फल दिने फूलप्रसाद चढाउनुपर्छ ने. सं ८३४ (वि. सं. १७७१) आषाढ कृष्ण ८ शुभम्

**जय प्रकाश मल्लको वि. सं. १८०० को तामापत्र**
**श्री दुर्गा**

स्वस्तिं **श्री** मत्पशुपति चरणकमल धूरिधूसरिन शिरोहरू श्री मन्मानेश्वरीष्ट देवतावर लब्ध प्रसाद देदीप्यमान मानोन्नत श्री रघुवंशावतार रविकुलतिलक हनुमध्वज नेपालेश्वर माहाराजाधिराज राजेन्द्र सकलराज चक्राधीश्वर निज्येष्टदेवदेवेश्वरी कृपाकटाक्ष वलित विक्रमोपार्जित वारणाकर समुद्भूत गजेन्द्रपति श्री श्री जयप्रकाश मल्लदेब परमभट्टारक देवानां सदा समर विजयीनां प्रभुथाकुर सन··· ··· ···नवाकोट देसया भेलुनाम्ने प्रसादीकृतम् ... ... ...चुवारी वु क्षेत्रनामसंज्ञक श्री राजन पूर्वदक्षिणतः श्री राजन कुह्मालया क्षेत्रेण पश्चिमः श्री राजन मार्गेण उत्तरतः ऐतेषां मध्ये थ्वते चात्राधातन टुचवारी वु पंचाशरोपनीकं खेलषष्टी कर्ष परिमितं क्षेत्रांकतोपि वुरो ५ खेलकर्ष ६० ततः क्षेत्रस्य यथादेशकाल प्रवर्तमान संचारार्थेन सुवर्णमुल्य षटनवयटंकाधिक एकशत एक सहस्र श्री जय प्रकाश मल्ली टंका ११९६ मादाय वतुकन्याएन क्रीविक्रितं भवति प्रत्यंत मोहर टंका ४०० श्रीन दुकासे विज्यात वाकि श्री श्री नवकसीस प्रसन्न जुया अत्रपत्रार्थे दृष्टसाक्षि श्री श्री राज्यप्रकाश मल्लदेव सम्वत् ८६३ आषाढ शुदि ६ देहिकवर्ष २ घल्यादि कर्ष २ सुभम्

(नुवाकोटको धामी श्री हरिमानसिं डङ्गोलको सौजन्यबाट)

अनुवाद---

श्री पशुपतिका चरणकमलका धूलोले कपाल फुस्रो भएका, श्री मानेश्वरी इष्टदेवताबाट वरप्रसाद पाएका, चहकिलो मानले ठूला भएका, रघुवंशमा जन्मेका, सूर्य कुलको तिलक भएका, हनूमान्‌को ध्वजा भएका, नेपालेश्वर, महाराजाधिराज, राजामा श्रेष्ठ, सकल राजसमहूका मालिक, आफ्नो इष्टदेवदेवीका कृपादृष्टि परेका, पराक्रमद्वारा हात्ती उपार्जन गर्नाले गजेन्द्रपति भएका, सधैं लडाईंमा विजय गर्ने श्री श्री जय जयप्रकाश मल्लदेव परमभट्टारक देवको कल्याण होस् । प्रभु ठाकुरले श्री दुर्गा नुवाकोट देशका .. .. ...भेलु (धामी) लाई निगाह भएको चुवारी बु खेत श्री राजाको पूर्वदक्षिण श्रीराजाको र कुह्मालको खेतको पश्चिम श्री राजाको बाटोदेखि उत्तर यति चार किल्लाभित्रका चुवारी वु खेत पचास रोपनी चौर साठी कर्ष अङ्कले खेत रोपनी ५० चौर कर्ष ६० त्यस जग्गाको देशकालको चलनअनुसार सुवर्णमूल्य ठीक मोल जय प्रकाश मल्ली रु ११९६ लिएर न्यायपूर्वक सुक्रीबिक्री भयो । त्यस मध्ये मोरु ४०० राजाबाट उपर गर्नु भयो । बाँकी राजाबाट बकस निगाह भयो । यस पत्रमा दृष्ट साक्षी श्री राज्यप्रकाश मल्लदेव ने. सं. ८६३ (वि. सं. १८००) आषाढ शुक्ल ६ डिही कर्ष २ घडेरी कर्ष २ शुभम्

# कर्णाली प्रदेशका मल्ल

*--मोहनबहादुर मल्ल*

कर्णाली प्रदेशमा एघारौं, बाह्रौं, तेह्रौं र चौधौं शताब्दीका बीचमा दुई राजवंशको शासन चल्यो उत्तरमा पालवंशी र दखिनमा नागवंशीको । पहिलो रजाइँ वि. सं. १०५३ तिर सूर्यवंशी पाल राजाहरूको जुम्लामा चल्यो जसको राजधानी सिजा वा सेञ्जा बन्यो । मानसरोवर र मुक्तिनाथ दुवै तीर्थ स्थल जुम्लाको नजीक पर्ने हुंदा हिन्दू बौद्ध दुवैथर तीर्थयात्रीहरू पहिलेदेखिनै यसमा आवत-जावत र बसोबाससमेत गर्न लागे । यसैले यो प्रदेश पशु पाल्ने समयबाट खेती र बेपारको समयमा कर्णाली प्रदेशका अरू क्षेत्रभन्दा छिटो उक्लन गयो । पालहरूले राज्य स्थापना गर्नुभन्दा अगाडि जुम्लामा गाउँले रजाइँ चलेको हुँदोहो । जुम्लाको उत्तरमा भोटे बीचमा मगर र दखिनमा क्षेत्रीको आवादी थियो । कान्यकुञ्जबाट फैलिएका पालहरूले जुम्लामा सरलैसंग राज्य खडा गर्न समर्थ बनेको हुनुपर्छ किनकि यी सभ्य र असल हातहतियार लिने खानदानका थिए । यिनका पहिला राजा आदिपाल क्रमश: अमर, जय, विजय, वीर, विक्रम, श्री, धीर, सोम, सूर्य, समुद्र र सुखसमेत गरी बाह्र पाल राजाहरूको रजाइँ चल्यो । तेह्रौं राजा गृह पालले गेहमा राज्य खडा गरे औ चौधौं राजा विश्व पालको राजधानी 'कुभकर' बन्यो । पन्ध्रौं राजा जीव र सोह्रौं गेला बने । यिनै गेला पालले उनको नामबाट खडा गरेको गेलालाई राजाधानी गराए । सत्रौं राजा सरल र अठारौं राजा श्री ताव वा आदित्य पाल बन्न गए ।

जुम्लाको दखिन खारी प्रदेशमा तेह्रौं शताब्दीको शुरुतिर नागवंशी क्षत्रीहरूले राज्य खडा गरे । खारी या खडीको अर्थ हुन्छ खोच या गर्मी । कर्णाली प्रदेशको दखिनतिर उत्तरभन्दा विशेष गर्मी हुन्छ । नागवंशीहरूले उनीहरूको राजधानी दुल्लु सम्पन्न नगर बनाए । यिनीहरूको राज्यमा धेरै क्षत्रीहरूको बसोबास थियो । नागवंशावलीअनुसार नागराज, चाप, चापिल्ला, क्राशिचल्ल, क्राविचल्ल, क्राचल्ल, अशोक चल्ल, जितारि मल्ल रिपु मल्ल, संग्राम मल्ल, आदित्य मल्ल र प्रताप मल्ल, जम्मा बाह्र राजा भए । जितारिका छोरा अक्षय मल्ल र आदित्य मल्ल, जितारिका भाइ आनन्दका छोरा रिपु र नाति संग्राम मल्ल थिए । आदित्य मल्लका छोरा कल्याण र नाति प्रताप मल्ल हुनगए । दुल्लुको एक शिलालेखमा नागवंशीहरू क्राचल्ल, अशोक चल्ल, जितारि मल्ल, अक्षय मल्ल, अशोक मल्ल, आनन्द मल्ल, रिपु मल्ल, संग्राम मल्ल जितारि मल्ल र आदित्य मल्ल भनेर लेखिएको देखिन्छ । यी माथि लेखिएका वर्णन हामी इतिहास प्रकाश अंक दुइमा भेट्टाउछौं । त्यस शिलालेखमा लेखिएका सबै राजाहरू हुन् वा नागसन्तति हुन् । पहिले हामी यतैतिर लागौं । काठमाडौं उपत्यकामा जितारि मल्लको आक्रमण भयो वि. सं. १३४५ मा, रिपु मल्लको १३७० मा र आदित्य मल्लको १३८५ मा । जितारि र रिपुको आक्रमण कालको फरक २५ औ रिपु र आदित्यको १५ वर्षको फरक पर्न गयो । पच्चीस वर्षभित्र जितारि, अभय, अशोक, सानन्द र रिपु पाँच राजाहरू तथा पन्ध्र वर्ष भित्र रिपु, संग्राम, जितारि र आदित्य चार राजाहरू भए होलान् भन्नु ठीक देखिंदैन । अत: यो नामावली राजाहरूको नभै भाइबन्धुहरूको हुनुपर्छ । त्यसकारण हामी यो नामावलीतिर नलागेर नागवंशावलीकै पछि लाग्नु राम्रो होला । यसमा जितारि पछि उनैका भाइका छोरा रिपु अनि नाति संग्राम राजाबने पछि मात्र जितारिका कान्छा छोरा आदित्य राजा भएको देखिन आउँछ । हामीलाई यहां यो देखाउनु छ 'मल्ल' पद कसले कसरी धारणा गऱ्यो ? जितारिभन्दा अगाडिका राजाहरूको नाममा मल्ल नदेखिएको तथा जितारिको नाउँदेखि 'मल्ल' देखिएको हुंदा र गोपाल

वंशावलीमा 'ने. सं. ४०८ पौषमा जयतारि पहिलो पटक पसे' भनेर लेखिएको हुंदा 'मल्ल' पद जितारिले नै उपत्यकाका मल्लविजयपछि लिएको देखिन्छ। जितारिको पहिलो नाम जयतारि नै थियो तथा उपत्यका जितेपछि (शत्रुलाई विजय गरेका) जितारि र (पहलमान पराक्रमी) मल्ल एकै पटक बने। जितारिका भतिजा रिपुले लुम्बिनी अशोक स्तम्भ र निगलिहवा स्तम्भमा समेत रिपु मल्ल भने खुदाएको देखिदा पक्कै पनि 'मल्ल' पद धारणा गर्ने जितारि नै हुन् यसमा संका छैन।

नागवंशी कैं पालवंशी पनि मल्ल बने कि! अब हामीले यसैमा विचार पुऱ्याउनु छ। पालका तेह्रौं राजा गृह पाललाई गोहमा नयाँ राज्य खडा गर्नु परेको थियो। यसै समय नागवंशका पराक्रमी राजा क्राचल्ल देव राजा बने।। वि. सं. १२६४ मा यी राजा बनेपछि दिग्विजय गर्न लागे। सायद यिनैले गृहपालदेखि जुम्लाको पुरानो राजधानी सेञ्जा र जुम्लाको पश्चिम र दखिन भूभागसमेत खोसेर लिएको हुनुपर्छ। यिनै क्राचल्लले कुमाउं कार्तिकेयपुर वि. सं. १२८० मा जिते र आफ्नो राज्य उत्तर ब्रह्मपुत्र नदी, दखिन तराई, पूर्व पाल राज्य, पश्चिम गढवाल चनराज्यतक फैलाए। बाटोघाटो नभएको जंगलले ढाकिएको विकट क्षेत्र काटेर नेपाल उपत्यकामा जानुपर्थ्यो तापनि तराइको बाटो जितारि मल्लको क्षेत्रीय सैन्य उहाँ उत्रन सफल बन्यो। त्यस वेला न बुटवलका, न राजपुरका, न मकवानपुरका सेनराज्यहरू खडा भएका थिए। जंगलको शिकार र आसपासका मैदानी गाउँका अन्नको भरमा जितारि मल्लले सेना हाक्नुपरेको हुंदोहो। जे होस् उपत्यकामा हमला गर्ने शक्ति भएका नागवंशीहरूले शक्तिशाली राज्य खडा गरेका थिए। (इतिहास प्रकाश अङ्क १ पृष्ठ १०७) जुमलेश्वर वंशावलीमा वर्णित लामाको कथा यिनै जितारिको समयको हो जसको सत्य कुरो हो भूकम्पले सेञ्जा नगर बिगारिदियो। यस नगरको राम्रो हालतमा पनि नागवंशीहरूले यसमा बसेर राजकाज गरेको प्रमाण केही भेट्टिएको छैन। कर्णाली प्रदेशका राजाहरूमा शुक्र तारा कैं चम्किला पृथ्वी मल्ल नागवंशी राजा हुन् वा पालवंशी, हामीले यसमा डुबेर हेर्नु छ। (इ. प्र. अङ्क १ पृष्ठ ११३)। पृथ्वी मल्लको कनकपत्रअनुसार पृथ्वी मल्लका बाबु पुण्य मल्ल र बाजे आदित्य मल्ल रहेछन् भन्ने देखिन्छ। पुराय मल्लको नाम नागवंशमा कतै पनि देखिन्न। यिनलाई जितारिका नाति भनौं भने पनि उनको नातिको नाम कल्याण र पनातिको नाम प्रताप मल्ल थियो। प्रताप मल्लको अपुताली पुराय मल्लले भेट्टाएका हुन् भन्ने देखिदा पुराय मल्लका छोरा प्रताप मल्ल होइनन् भन्ने प्रष्ट देखिन आउँछ। अपाद राज पुराय मल्ल तथा पुराय मल्ललाई (रामा) लेखेको देखिदा पुराय मल्ल नागवंशी होइनन् भन्ने यसबाट पनि देखिन आउँछ। नागवंशीले आफूलाई अपादराज र राई लेखेको देखिदैन, उनीहरूले आफूलाई महाराजाधिराज भनी लेखेका छन्। पृथ्वी मल्लको कनकपत्र सेञ्जा नगरबाट निक्लेको छ नकि सम्पन्न नगरबाट। सेञ्जा नगरबाट नागवंशीहरूले कुनै पत्र या लेखरू निकालेको देखिएको छैन। पृथ्वी मल्लको कनकपत्रमा नाएवंशीहरूलाई कतै देखाएको छैन, जो उल्लेख छ त्यो गोलु ज्योतिषीका पूर्वजहरूको छ। जस्तो 'होमज्यूलाई ·· दानररि दितुभएको थियो ;' 'च्यापज्यू हीमज्यूका आफ्ना पुराय निम्ति धर्म शासन गरि प्रसाद गरेको छ। च्यापज्यू त्यो बेला ठूला विद्वान रहेछन् जसको नाम कर्णाली प्रदेशले आज पनि लिदैछ। पाल राज्यभन्दा नागराज्य बलियो थियो। तथा पुराय मल्लको अपुताली पाए भनेर लेखिएको हुंदा पुराय मल्लले नागराज्य जितेर लिए भन्न सकिंदैन। पुराय मल्ल प्रताप मल्लका ज्वाइँ भानिज यस्तै छोरीतिरका संबन्धी देखिन्छन्। प्रताप मल्लका भारदार मन्त्रीहरूले त्यसै राज्य पुराय मल्ललाई सौंपेका थिएनन्।

जितारि र रिपुले नेपाल उपत्यका लुटेर धन दौलथ ल्याएको पाल राजाहरूले झल्झली देखेका थिए। प्रताप मल्लसंग नाता जोडिएपछि औ प्रतापको राज्य आफूसंग आउने निश्चय भएपछि आदित्य पालले वि. सं. १२८५ मा पाल र नाग दुवै सैन्य संयुक्त गरी नेपाल उपत्यका लुटी जितारिले कैं यिनले पनि मल्ल पद धारण गर्नु धेरै सम्भव छ। श्री ५ वडामहाराजाधिराज श्री पृथ्वीनारायण शाहका कान्छा छोरा वहादुर शाहले कर्णाली प्रदेश एकीकरण गेंग समयमा यस प्रदेशका २२

ठकुराइनमा १८ ठकुराइनहरू मलेबम शाहीका खलकहरू-को हातमा थियो। बमशाही कल्यानसाही सबैका वंशावली-हरूले मलेबमका पूर्वजहरूलाई सिजापतीले रजाइँ दिएका हुन् भन्नै लेखेको र पृथ्वी मल्लपछि मलेबम शाही कर्णाली प्रदेशका सर्वेसर्वा बनेका देखिएकाले शाहीहरूलाई राज्य सौंपने पृथ्वी मल्ल नै हुन् भन्ने देखिन्छ। यसबाट पृथ्वी मल्ल पालहरूका अन्त्य राजा रहेछन् भन्ने देखिन आउँछ। यसबाट पनि आदित्य पाल नै आदित्य मल्ल बनेका रहेछन् भन्ने प्रष्ट देखाइदिन्छ। यस विषयमा निकै खोजको आवश्यक छ, यसका प्रमाण जो छन् ती योगी नरहरिनाथजी नै निकाल्न समर्थ हुनुहुन्छ। कर्णाली प्रदेशका दुवै राजवंशलाई 'मल्ल' पद फापेन। जितारि मल्लको पनाति प्रताप मल्लको पालामा नागवंश निःसंन्तान भयो तथा आदित्य मल्लका नाति पृथ्वी मल्लको पालामा पालवंशको जरो उखेलियो। यसरी दुवै वंशका मल्लहरूको इतिश्री भयो।

# Preliminary report on Tilaurakota (Nepal) skeletal remains

*by V.V. RAO*

The human habitation predominantly, it is said, belongs to Sunga and Kushan periods as per the evidences of structures, pottery and antiquities etc. Tilaurakota located in terai is about 14 miles in Nepal from Shohratgarh R. S., in India on Northeast Railway. This place is famous as ancient Kingdom of Kapilavastu for it was once upon a time ruled by Shuddhodana, the father of great Buddha.

The studies are carried out on skeletal remains located at Taulihawa, Tilaurakota and Kathmandu. The preliminary observation are as follows:

## General condition of the bones:

In general the bones are very fragile and in fragments. The disintegration of the bones is so much, that in some cases only earth impressions of bones are traceable.

## Corpses:—

Two corpses are located of which one in habitation structure and the other in the vicinity of habitation structure. The skeletal remains of both of the bodies are very much in disintegrated state: while in the second case only incomplete skull is traceable. The orientation is north to south (i. e. head at north side) in both of the cases. However, the **insitu** appearance of skeletal remains give the impression that they are extended of primary nature. The bodies are not accompanied by funerary goods of pots, pitchers, and other antiquities. But the second body is found associated with a twisted and rusted iron nail. The disposal of the dead is of significance for the corpses are met with in the habitation of brick foundations and in the vicinity of such structures.

## Inventory:

The skull is incomplete and disintegrated done impressions are met with on the soil. However, they give the ideas of following parts of human skeleton.

[ i ] Fragmentary skull
[ii ] Right elaviele fragments
[iii] Left fragmentary humerus.
[iv] Left fragmentary radius and ulna.
[v ] Left fragmentary femur and tibia.
[vi] Fragments of right humerus, radius.
[vii] Ulna and tibia

2. Skull incomplete, fragile found insitu in norma lateralis position; facil portion is very much disintegrated incomplete occipital region.

3. Human skeletal remains of Tillaurakota located in Taulihawa Museum. The bone fragments are fragile.
[ i ] Lower jaw fragments
[ii ] Left side of incomplete claviele
[iii] Right side fragmentary humerus
[iv] Right fragmentary redius and ulna
[v ] Left fragmentary radius and ulna.

4. Tilaurkota human skeletal remains located at Kathmandu


[ i ] Remains of metacarpals.
[ii ] Rib fragments
[iii] vertebral parts
[iv] lower jaw fragments
[v ] teeth remains
[vi] pelvis remains
[vii] crushed and 'ncomplete skull-

5. The animal skeletal remains represent the fol'owing animals.

[ i ] Bos indicus.
]ii ] Sus serofa cristatus
[iii] Avine remains
[iv] Goat

Tilaurakota excavations arouse interest from osteological point of view that it is here human bones are found for the first time in Nepal archaeology. C. 1500 old hnman story at Tilaurkota indeed arouses interest towards a de ailed study of ske'etal remains.





तिलौराकोटमा प्राप्त मानव अस्थिपञ्जर ।
Human skeletal remains of Tilaurakot.

## ABOUT THE AUTHORS

| | |
|---|---|
| Shri Hari Ram Joshi | Section officer, Suchana Bibhag |
| Shri Surya Bikram Gewali | A well known historian. |
| Shri Mohan Bahadur Malla | A writer. |
| Shri Shankar Man Rajvanshi | Editor, Rastriya Abhilekhalaya. |
| Shri V. V. Rao | Physical Anthropologist. Archoeological Survey of India Nagpur Excavation Branch. |

16-3-73 15 RL

'प्राचीन नेपाल'-का निमित्त प्राग्–इतिहास तथा पुरातत्व, लिपिविज्ञान, हस्तलिखित ग्रन्थ, मुद्राशास्त्र, अभिलेख, संग्रहालय तथा ललितकलासंग सम्बन्धित मौलिक रचनाको माग गरिन्छ ।

रचना संक्षिप्त तर प्रामाणिक हुनुका साथै अद्यापि अप्रकाशित हुनुपर्दछ । तर कुनै प्रकाशित विषयका सम्बन्धमा नयाँ सिद्धान्त र प्रमाण प्रस्तुत गरिएको भए तिनको स्वागत गरिनेछ ।

रचनासंग सम्बन्धित चित्रहरू पठाउन सकिनेछ । रचना पृष्ठको अग्रभागमा मात्र लेखिएको हुनुपर्नेछ ।

**निर्देशक**
पुरातत्व विभाग
सिंहदरवार
काठमाडौं, नेपाल

Contributien of original nature dealing with pre-historic and field-archaeology, epigraphy, manuscripts, numismatics, archives, art and architecture of Nepal aud museum and other techniques connected With various aspects of our work are invited to *Ancient Nepal.*

The contribution should be concise and well documented, and based on hitherto unpublished data, if not new interpretation of already known evidence.

Photographs and illustrations (line drawings) may be sent, The typescript should be in double space and on one side of the paper only sent to:—

**The Director,**
Department of Archaeology
Singha Durbar
Kathmandu, Nepal.